# <u>प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७</u>

स्वीकृत मिति : २०७७।०९।१२

प्रथम संशोधन : २०७८।०६।१४

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १८० ले दिएको अधिकार प्रयोग गरी प्रदेश नम्बर १, प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त, नाम र प्रारम्भ</u>ः** (१) यी नियमहरुको नाम **"प्रदेश सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली, २०७८"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>ः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"इम्बोस्ड"** भन्नाले धातुको प्लेटमा विधुतीय तथा यान्त्रिक माध्यमद्वारा अक्षर र अङ्क उठ्ने गरी लेखिने काम सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमति पत्र, यातायात व्यवस्था कार्यालय सवारी र यातायात व्यवस्था सेवा कार्यालयलाई सम्झनु पर्छ।

(घ) **"कोड"** भन्नाले सवारीको नम्वर प्लेट, सवारीचालक अनुमति पत्रको स्मार्ट कार्डमा उल्लेख भएको प्रदेश तथा यातायात व्यवस्था कार्यालयलाई जनाउने अङ्कलाई सम्झनु पर्छ।

(ङ) **"निर्देशक"** भन्नाले यातायात व्यवस्था निर्देशनालय प्रदेश नं. १ को निर्देशकलाई सम्झनु पर्छ।

(च) **"प्रदेश मन्त्रालय"** भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) **"बायोमेट्रिक्स डिटेल्स क्याप्चर"** भन्नाले विद्युतीय माध्यमबाट फोटो खिच्ने, दस्तखत गर्ने र औंठा छाप लगाउने कामलाई सम्झनु पर्छ।

(ज) **"स्थानीय यातायात व्यवस्था समिति"** भन्नाले यस नियमावलीको नियम ६१ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## <u>सवारी दर्ता सम्वन्धी व्यवस्था</u>

३. **<u>सवारी दर्ता</u>ः** (१) ऐनको दफा १४ बमोजिम दर्ता गराउनु पर्ने सवारी दर्ता गराउँदा ऐनको दफा १५ मा उल्लिखित कागजातको अतिरिक्त देहाय बमोजिमको कागजात तथा अनुसूची-१ बमोजिमको दस्तुर सहित सवारी दर्ता गराउन चाहेको कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः

(क) विदेशमा दर्ता भएको सवारी पैठारी गरेको भए त्यस्तो सवारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) सवारी धनी आफै उपस्थित नभई अरु कसैलाई सवारी दर्ताका लागि पठाएको भए सम्बन्धित सवारी धनीको अख्तियारनामा,

(ग) सम्बन्धित सवारी नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ बमोजिम भित्र रहेको प्रमाणपत्र,

(घ) सक्कल भन्सार प्रज्ञापन पत्र र भन्सार महसुल तिरेको रसिद,

(ङ) सवारी आयातकर्ता वा नेपालमा उत्पादन गर्ने फर्म वा कम्पनीले सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आयकर दर्ताको कागजात, कानून बमोजिम तीन तहमा कर चुक्ता गरेको प्रमाणपत्र, मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र बिमा गरेको कागजात,

(च) दर्ताका लागि आएका सवारीहरुको चेसिस नम्बर, इन्जिन नम्बर र सम्पूर्ण भौतिक अवस्था देखिने गरी खिचेको सवारी साधनको फोटो।

(२) पैठारीबाट दर्ता हुन आएको सवारीको संघीय आर्थिक ऐन बमोजिम लाग्ने सडक निर्माण तथा मर्मत सम्भार दस्तुर, सवारी कर, आयकर आदि दरबन्दी अनुसारको महसुल भुक्तानी गरेको प्रमाण हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) सवारी आयातकर्ताले जुन दरबन्दी अनुसारको महसुल भुक्तानी गरी सवारी साधन आयात गरेको छ सोही दरबन्दी अनुसार सवारी दर्ता गर्नु पर्नेछ र यसरी दर्ता गर्दा नियमावलीको नियम १९ र २० बमोजिमको विवरण र स्तर बमोजिम हुने गरी दर्ता गरी दिनु पर्नेछ।

(४) कुनै वित्तीय संस्थाबाट ऋण लगानीमा दर्ता हुन आउने सवारी साधनको हकमा नेपाल राष्ट्र बैंङ्कबाट इजाजत प्राप्त बैंङ्क वा वित्तीय संस्था तथा अन्य वित्तीय संस्थाको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा ऋणी संस्था भएमा सोको दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, आयकर प्रमाणपत्र तथा व्यक्ति भए नागरिकताको प्रतिलिपि संलग्न राख्नु पर्नेछ।

(५) जसको नाममा भन्सार प्रज्ञापनपत्र र भ्याट विल जारी भएको छ पहिलो पटकको हकमा त्यसै ब्यक्ति वा संस्थाको नाममा सवारी साधन दर्ता गर्नु पर्नेछ।

(६) भन्सार प्रज्ञापनपत्रमा कुनै विवरण स्पष्ट नभएमा वा कुनै प्रकारको शङ्का लागेमा सम्बन्धित भन्सार कार्यालयमा सम्पर्क गरी सो विषयमा स्पष्ट भएपछि मात्र दर्ता गर्नु पर्नेछ तर त्यस्तो स्पष्ट हुनुपर्ने विषयमा पन्ध्र दिन भन्दा बढी लगाइने छैन।

(७) सवारीको वर्गीकरण तथा किसिम एवम् रङ्ग, सिट, क्षमता निर्धारण गर्दा उक्त सवारीको उत्पादन कम्पनीले जारी गरेको क्याटलग, स्पेसिफिकेशन, भन्सार प्रज्ञापनपत्र विवरणको आधारमा प्राविधिक प्रतिवेदन लिई सो अनुसार कायम गरी सोही अनुसार दर्ता गर्नु पर्नेछ।

(८) ग्याँसबाट सञ्चालन हुने सवारी दर्ता गर्दा उक्त सवारीमा प्रयोग हुने ग्याँस सिलिण्डर जुन देशमा उत्पादन हुन्छ उक्त देशको आधिकारिक निकायबाट सो सिलिण्डर ग्याँसबाट चल्ने सवारीमा प्रयोग गर्न सकिने भनी प्रमाणित भएको हुनु पर्नेछ।

(९) ग्याँसबाट चल्ने सवारीमा प्रयोग गरिने सिलिण्डरको निर्माण कम्पनीले उल्लेख गरेको रिफेरेन्स नम्बरलाई सवारी दर्ता किताबमा उल्लेख गर्नु पर्नेछ। उक्त सिलिण्डरमा फेरवदल गर्नु परेमा अधिकार प्राप्त अधिकारीको स्वीकृति लिएर मात्र फेरवदल गर्नु पर्नेछ।

(१०) सवारी निर्माता कम्पनीले सवारीका सम्बन्धमा तोकेको विस्तृत विवरण (स्पेसिफिकेशन) विपरीत हुने गरी कुनै पनि सवारी दर्ता गर्नु हुँदैन र निर्माता कम्पनीले जारी गरेको स्पेसिफिकेशनलाई मात्र मान्यता दिनु पर्नेछ।

(११) सवारी दर्ता गर्दा बीचमा कुनै नम्बर खाली नराखी सिलसिलेवार रुपमा सम्बन्धित सवारीको दर्ता किताबको पानामा सवारी दर्ता प्रमाणपत्रको नम्बर उल्लेख गरी राख्नु पर्नेछ।

(१२) सार्वजनिक सवारीको दर्ता गर्दाको अवस्थामा बीस वर्ष आयु कायम गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) सवारीको उत्पादन वर्षले बीस वर्ष पुग्ने सालको डिसेम्बर महिनालाई आधार मानी सवारीको बीस वर्ष आयु कायम गर्ने,

(ख) उत्पादन वर्ष नखुलेको अवस्थामा शुरु दर्ता मितिले बीस वर्ष पुगेको मानी सवारीको बीस वर्ष आयु कायम गर्ने।

(१३) नेपालमा बडी बनाउने गरी सवारीको चेसिस मात्र आयात गरी दर्ता गर्दा उक्त सवारीको चेसिसको वास्तविक (ओरजिनल) आयतन र बडीको अधिकतम आयतन समेत किटान गरी दर्ता किताबमा जनाई राख्नु पर्नेछ।

(१४) इन्जिन नम्बर वा चेसिस नम्बर दुवैमा वा कुनै एकमा रिपन्च/रफपन्च गरेको कैफियत देखिएमा त्यस्तो सवारी साधन दर्ता गरिने छैन।

(१५) ट्रयाक्टर र ट्रयाक्टरमा जोड्ने ट्रलीको भार वहन गर्न सक्ने क्षमता समेत जोड्दा चार टन भन्दा बढी वजन हुने भएमा निजीमा दर्ता गरिने छैन।

(१६) यात्रुबाहक सवारी साधनको क्षमता चालक सहितको कुल सिट सङ्ख्या समेत सवारी दर्ता किताबमा उल्लेख गर्नु पर्नेछ।

(१७) विदेशबाट सामान पैठारी गरी स्वदेशमा नै एसेम्ब्लिङ्ग गरी उत्पादन गरिएका सवारी वा स्वदेशमा नै कच्चा पदार्थ उपयोग गरी उत्पादन भएका सवारीमा सुरु दर्ता गर्दा प्रचलित कानून बमोजिम सडक सुधार दस्तुर अनिवार्य तिर्नु पर्नेछ।

(१८) शारीरिक अपाङ्गता भएका व्यक्तीले आफ्नो प्रयोजनका लागि विशेष प्रकृतिका सवारी साधन विदेशबाट पैठारी, स्वदेशमा खरिद गरी वा स्वरुप परिवर्तन गरी ल्याएमा मन्त्रालयको स्वीकृति लिई दर्ता गर्न सकिनेछ र त्यस्तो सवारी साधनमा अपाङ्गता भएको व्यक्तिले निर्देशनालयले निर्धारण गरे बमोजिमको सङ्केत टाँस गर्नु पर्नेछ।

(१९) एक पटक सडक सुधार दस्तुर बुझाई सकेपछि नेपाल भित्र जुनसुकै यातायात कार्यालयमा दर्ता भएको सवारी भए पनि त्यस्ता सवारीको सरूवा दर्ता गर्दा सडक सुधार दस्तुर लाग्ने छैन।

(२०) उत्पादन मितिले पाँच वर्ष अवधि पुगे पछी कुनैपनि सवारीलाई पर्यटन सवारीमा दर्ता गर्न पाइने छैन।

(२१) सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति बिना सवारी नम्बर प्लेटमा लेखिने अङ्क र सङ्केत बाहेक सवारीको बाहिरी भागमा कुनै सङ्केत, अक्षर, आकृति आदि लेख्न पाइने छैन तर सार्वजनिक सवारीको हकमा सेवा सञ्चालन गर्ने कम्पनीको नाम तथा सुरु र अन्तिम गन्तव्य स्थलसम्म पुग्ने स्थानको नाम लेख्न भने कुनै बाधा परेको मानिने छैन।

(२२) उपनियम (२५) बमोजिम दर्ता भएको सवारीको धनीलाई कार्यालयले अनुसूची-३ मा उल्लेख भए बमोजिम कोड, अक्षर र अङ्कसहित नम्बर प्लेट सङ्केत दिइनेछ र सवारी धनीले त्यस्तो नम्बर प्लेट, सङ्केत सम्बन्धित सवारीमा प्रष्ट रुपमा देखिने गरी तत्काल राख्नुपर्नेछ र प्रदेश तथा यातायात व्यवस्था कार्यालयको कोड अनुसूची-३ बमोजिमको ढाँचामा हुनेछ।

(२३) उपनियम (२२) बमोजिमको नम्बर प्लेट इम्बोस्ड गरिएको हुनु पर्नेछ र त्यस्तो नम्वर प्लेट र इम्बोस्ड गर्दा लाग्ने दस्तुर अनुसूची-४ बमोजिम हुनेछ।

(२४) उपनियम (२३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नम्बर प्लेट इम्बोस्ड गर्ने सम्बन्धमा आवश्यक पूर्वाधारको व्यवस्था नहुन्जेल सम्मको लागि हाल प्रयोगमा रहेको नम्बर सङ्केत प्लेट नै राख्नु पर्नेछ।

(२५) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा कार्यालयले त्यस्तो दरखास्तको सम्बन्धमा आवश्यक जाँचबुझ गरी ऐन तथा यस नियमावलीको अधीनमा रही कार्यालयमा राखिएको अनुसूची-५ बमोजिमको सवारी दर्ता किताबमा दर्ता गरी दरखास्तवालालाई अन्य केही बुझ्नु पर्ने भएमा बाहेक तत्काल दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

४. <u>तीन पाङग्रे ई-रिक्सा सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा १४ को उपदफा (२) बमोजिम यो नियम लागू भए पछि स्थानीय तहले कानून निर्माण गरी तीन पाङग्रे ई-रिक्साको दर्ता, नवीकरण र नियमन गर्नेछ।

(२) उपनियम (१) बमोजिम दर्ता, नवीकरण गर्दा लाग्ने शुल्क, दस्तुर सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ, तर ई-रिक्साले वार्षिक रुपमा तिर्नुपर्ने आयकर भने प्रचलित कानून बमोजिम हुनेछ र स्थानीय तहले दर्ता र नवीकरण गर्दा लाग्ने दस्तुर निर्धारण नगरेसम्म यो नियम लागू हुनु पूर्व यातायात ब्यवस्था कार्यालयले लिदै आएको दस्तुर नै स्थानीय तहले लिई दर्ता र नवीकरण गर्न सक्नेछ।

(३) तीन पाङग्रे ई-रिक्सा दर्ता, नवीकरण, बाटो इजाजतपत्र र अन्य व्यवस्था सम्बन्धमा सम्बन्धित स्थानीय तहले कानून बनाई लागु गर्नु पर्नेछ तर त्यस्तो कानून बनाउँदा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ विपरीत हुने गरी बनाउन पाइने छैन।

(४) सम्बत २०७९ साल असोज मसान्त सम्म यातायात व्यवस्था कार्यालयमा दर्ता भएका तीन पाङग्रे ई-रिक्सा सम्बन्धित सवारी धनीले ईच्छाएको स्थानीय तहमा स्थानान्तरण गरी दर्ता गर्न चाहेमा त्यस्तो सवारी धनीले अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन परेपछि कार्यालयले सम्बन्धित स्थानीय तहमा अनुसूची-७ बमोजिमको ढाँचामा स्थानान्तरण पत्र पठाइ दिनु पर्नेछ।

तर त्यसरी ई-रिक्सा दर्ताको लागी स्थानान्तरण पत्र पठाउँदा पहाडी र हिमाली भूगोल भएका स्थानीय तहमा पठाईने छैन।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि ई-रिक्सा स्थानीय तहमा स्थानान्तरण गर्नु अघि ई-रिक्साको सवारी धनी वा व्यवस्थापकबाट कुनै सवारी कर, दस्तुर, शुल्क, जरिवाना वापतको रकम असुल उपर गर्नुपर्ने रहेछ भने त्यस्तो तिर्नु पर्ने बाँकी कर, दस्तुर, शुल्क, जरिवाना वापतको रकम असुल गरेपछि मात्र स्थानान्तरण पत्र दिनु पर्नेछ र त्यसरी स्थानान्तरण भई स्थानीय तहमा गइसकेपछि त्यस्तो ई-रिक्सा साविक कार्यालयमा पुनः दर्ता गरिने छैन।

(६) यातायात व्यवस्था कार्यालयबाट सवारी धनी वा व्यवस्थापकले आफुले चाहेको स्थानीय तहमा सम्बत २०८० साल असार मसान्त भित्र आफ्नो स्वामित्वमा रहेको तीन-पाङ्ग्रे ई रिक्साको स्थान्तरण गरिसक्नु पर्नेछ।

(७) सम्बत २०७९ साल असोज मसान्त सम्म तीन पाङग्रे ई-रिक्साको दर्ता, नवीकरण र नामसारी यातायात व्यवस्था कार्यालयहरुबाट गरिनेछ, सो पछि तीन पाङग्रे ई-रिक्साको दर्ता, नवीकरण र नामसारी कुनै पनि यातायात व्यवस्था कार्यालयहरुबाट गरिने छैन।

तर नवीकरण म्याद समाप्त हुने त्यस्तो तीन पाङग्रे ई-रिक्सा स्थानीय तहमा स्थानान्तरण नभए सम्मको लागि सम्बत २०८० साल असार मसान्त भित्र प्रचलित कानून बमोजिम तोकिएको दस्तुर लिइ नवीकरण गर्न कुनै बाधा पर्ने छैन।

५. <u>सवारीको अस्थायी दर्ताः</u> (१) ऐनको दफा १९ मा उल्लेखित अवस्था परी कुनै सवारीको अस्थायी दर्ता गर्नु परेमा सम्बन्धित सवारी धनीले अनुसूची-१ बमोजिमको दस्तुर सहित सवारी दर्ता गराउन चाहेको कार्यालयमा अनुसूची-८ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) कुनै विदेशी सवारी साधन विदेशी दातृ निकाय वा विदेशी लगानीमा सञ्चालन हुने कुनै परियोजना वा आयोजनामा निश्चित अवधिका लागि सञ्चालन गर्नु परेमा र अवधि समाप्त भएपछि सो सवारी साधन सम्बन्धित मुलुकमै

फिर्ता लाने विषय उल्लेख गरी आयोजना वा परियोजना प्रमुखले सम्बन्धित कार्यालयमा अस्थायी दर्ताको लागि निवेदन दिएमा त्यस्तो सवारी साधनलाई अस्थायी दर्ता गर्नु पर्नेछ।

(३) विदेशी दातृ निकाय वा विदेशी लगानीमा सञ्चालित परियोजना वा आयोजना सम्पन्न भए पश्चात त्यस्ता योजनाहरु संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई हस्तान्तरण हुँदा प्राप्त अस्थायी दर्ता भएका सवारी वा भन्सार छुट भएका सवारी साधनहरु सम्बन्धित संघीय वा प्रादेशिक मन्त्रालयबाट अनुरोध भई आएमा खरिद वा पैठारी गरे सरह मानी छुट भएको भन्सार दाखिला गराई ऐन र नियमावली बमोजिम लाग्ने कर, दस्तुर, शुल्क लिई कार्यालयले अन्य सवारी सरह दर्ता गरिदिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम दर्ता गरिएको सवारीको अवधि पुगे पछि त्यस्तो सवारीको धनीलाई अवधि समाप्त भएको नब्बे दिन भित्र दर्ता गर्ने कार्यालयले फिर्ता लैजाने व्यहोराको जानकारी दिनु पर्नेछ र त्यसरी उल्लेखित म्याद भित्र पनि फिर्ता नलगेमा त्यस्तो सवारी जफत गरी प्रचलित कानून बमोजिम निर्देशनालयले लिलाम बिक्री गर्नेछ र त्यसरी लिलाम विक्री गर्दा प्राप्त हुने आम्दानी निर्देशनालयले प्रदेश सरकारको सर्व सञ्चिति कोषमा दाखिला गर्नु पर्नेछ।

(५) उपनियम (२) बमोजिम अस्थायी दर्ता हुने सवारी साधनबाट अस्थायी दर्ता भएको वर्षको सडक सम्भार दस्तुर अनिवार्य तिरेको हुनु पर्नेछ र त्यस्तो सवारीबाट प्रत्येक आर्थिक वर्षको सवारी कर समेत असुल उपर गर्नु पर्नेछ।

(६) अस्थायी दर्ता भएका सवारीको अवधि सहितको तेस्रो पक्ष बिमा अनिवार्य रुपमा भएको हुनु पर्नेछ।

(७) परियोजना वा आयोजनामा सञ्चालन गर्ने कम्पनीको सवारीको लागि रातो पृष्ठभूमिमा सेतो अक्षर लेखिएको निजी नम्बर प्लेट प्रदान गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिमको नम्बर प्लेट दिँदा त्यस्तो नम्बर प्लेटमा प्रदेश सङ्केत नम्बर, कार्यालयको कोड नम्बर, लट नम्बर र अस्थायी दर्ता बुझाउने "अ" योजना जनाउने "यो" सवारी दर्ता नम्बर राख्ने र सवारी दर्ता नम्बर राख्दा चार अङ्कसम्म क्रमशः राख्दै जानु पर्नेछ।

(९) उपनियम (७) बमोजिम प्रदान गरिने नम्बर प्लेट र त्यस्तो नम्बर प्लेटमा लेखिने अक्षरको साइज प्रचलित कानून बमोजिम हुनेछ।

(१०) उपनियम (२) बमोजिम अस्थायी दर्ता भएका सवारीको लागि कार्यालयले छुट्टै अभिलेख राख्नु पर्नेछ।

६. **सवारीको सरुवा दर्ता**: (१) यस प्रदेशको एक कार्यालयबाट अर्को कार्यालयमा र अन्य प्रदेशमा दर्ता भएको सवारी यस प्रदेश अन्तगर्तका कार्यालयमा दर्ता गर्नु परेमा सवारी धनीले साविक दर्ता कायम रहेको कार्यालयबाट सरुवा दर्ताको सहमती पत्र ल्याई ऐनको दफा २७ बमोजिम सहमती प्राप्त गरेको मितिले पैतिस दिन भित्र अनुसूची-१ बमोजिमको दस्तुर सहित हाल दर्ता गराउन चाहेको कार्यालयमा अनुसूची-९ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) सवारी दर्ता रहेको कार्यालयबाट सरुवा सहमती पठाइएको पत्रसाथ भन्सारको प्रज्ञापनपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ तर सामान आयात गरी नेपाल मै एसेम्बिलङ्ग गरी उत्पादित सवारीको हकमा भने सामान आयात भएको भन्सार प्रज्ञापन पत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

(३) कार्यालयमा एकपटक दर्ता भएको सवारी साधनको सरुवा सहमती लिई अन्य कार्यालयमा सरुवा दर्ता भए पनि साविक कार्यालयमा त्यस्तो सवारीको दर्ता अभिलेख कायमै राखिनेछ र त्यस्तो सवारीको नम्बर अन्य सवारीलाई दिइने छैन।

(४) सरुवा सहमती लिई गएको पैतिस दिन भित्र सम्बन्धित कार्यालयमा त्यस्तो सवारी दर्ता नगरेमा वा सम्बन्धित कार्यालयबाट सरुवाको सहमती फिर्ता लिई सरुवा सहमती रद्द गराउन चाहेमा ऐनको दफा १५८ को उपदफा (३) बमोजिम सरुवा सहमति दिने कार्यालयले जरिवाना गरी सरुवा सहमति पत्र रद्द गर्नु पर्नेछ तर अन्य प्रदेशबाट सरुवा सहमति ल्याई दर्ता हुन नसकेको सवारी सरुवा सहमति फिर्ता गरी रद्द गर्दा लाग्ने जरिवाना वा अन्य व्यवस्थाका सम्बन्धमा सम्बन्धित प्रदेशको कानूनले तोके बमोजिम हुनेछ।

(५) सवारीको सरुवा सहमती भई सवारी साधन सम्बन्धित कार्यालयमा दर्ता हुन नसकी फिर्ता भई आएमा प्राविधिक चेक जाँच समेतका आधारमा उपनियम (४) बमोजिम सहमती रद्द गरी सोही नम्वर पुनः कायम गर्नु पर्नेछ।

(६) सरुवा सहमती लिई गइसकेको सवारीको सम्बन्धित कार्यालयमा दर्ता गरी नयाँ दर्ता प्रमाणपत्र नलिएको अवस्थामा पुरानो सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्नु हुँदैन र सरुवा सहमती पठाउने वित्तिकै सोको विवरण अभिलेखमा जनाउने कर्तब्य सरुवा सहमती पठाउने कार्यालयको हुनेछ।

(७) कुनै कार्यालयबाट सवारीको सरुवा सहमती लिईसके पछि सम्बन्धित कार्यालयमा दर्ता हुनु अगावै सरुवा सहमती र सो सँग सम्बन्धित कागजात हराएमा वा नासिएमा त्यस्तो सवारी धनीले हराएको वा नासिएको हो भन्ने ब्यहोरा जनाई सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सरुवा सहमती दिने कार्यालयमा निवेदन दिएमा सरुवा सहमती पठाएको कार्यालयसँग सो सवारी दर्ता भए नभएको समेत यकिन गरी कानून बमोजिम लाग्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

दस्तुर लिई सम्वन्धित सवारी धनीलाई व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउला भनी कागज गराई त्यस्तो सवारीको सरुवा सहमति पत्रको प्रतिलिपि दिनु पर्नेछ।

(८) सरुवा दर्ताका लागि आउने सवारीका सम्बन्धमा सहमती दिई पठाउने कार्यालयका सम्बन्धित कर्मचारीसँग फोन, फ्याक्स वा इमेल मार्फत् यथासक्य छिटो माध्यमबाट बुझ्ने र सम्बन्धित कार्यालयबाट एकिन पत्र प्राप्त भएपछि तत्काले सरुवा सहमती दर्ता गर्नु पर्नेछ।

(९) सरुवा सहमती माग गर्ने सवारी धनीले पेश गरेको कागजातमा कुनै कैफियत देखिएमा त्यस्तो कैफियत गर्ने ब्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(१०) उपनियम (१) बमोजिम सरुवा सहमतिबाट दर्ताको लागी दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले ऐनको दफा २३ बमोजिम निर्धारित मापदण्डको अधीनमा रही आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम सवारीको सरुवा दर्ता गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीको अधीनमा रही सरुवा दर्ता गर्नु पर्नेछ।

(११) उपनियम (१०) बमोजिमको सरुवा सहमतीबाट सवारी दर्ता गरेपछि त्यस्तो सवारीको लगत कट्टाका लागि सम्बन्धित कार्यालयमा तत्काले लेखी पठाउनु पर्नेछ।

७. <u>परिवर्तन, हेरफेर वा हेरफेर दर्ता सम्बन्धी व्यवस्थाः</u> (१) सवारी धनीले ऐनको दफा ३९ बमोजिम सवारीको रङ्ग, सिट सङ्ख्या, स्वरुप, इन्जिन र चेसिस नम्बर परिवर्तन, हेरफेर तथा हेरफेर दर्ता गराउन चाहेमा स्वीकृतिको लागि अनुसूची-१० बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(२) सवारीको किसिममा परिवर्तन, हेरफेर तथा हेरफेर दर्ता गर्न स्वीकृति दिँदा मालवाहक सवारीलाई यात्रु बाहक सवारीमा र यात्रु बाहक सवारीलाई मालबाहक सवारीमा हेरफेर दर्ता वा परिवर्तन गर्न स्वीकृति दिइने छैन।

(३) सवारीमा परिवर्तन, हेरफेर तथा हेरफेर दर्ता सम्बन्धी कारवाही सवारी दर्ता रहेको कार्यालयबाट मात्र गर्नु पर्नेछ।

(४) सवारी धनीले सवारीको इन्जिन, चेसिस तथा अन्य मुख्य पार्टपुर्जा काम नलाग्ने भई अर्को जडान गर्नु परेमा सोको कारण सहितको निवेदन दिएपछि कारण मनासिब लागेमा ऐनको दफा ३९ को परिधिभित्र रही हेरफेर गर्न स्वीकृति दिनु पर्नेछ । तर सवारी निर्माता कम्पनीले तोकिदिएको विस्तृत विवरण विपरीत हुने गरी हेरफेर स्वीकृत दिइने छैन।

(५) परिवर्तन वा हेरफेर गर्न स्वीकृत भई परिवर्तन वा हेरफेर गरिसके पछि उक्त सवारीको साविक इन्जिन, चेसिस नम्बरलाई प्राविधिकको रोहवरमा नष्ट गर्न लगाई त्यसको विवरण कार्यालयको अभिलेखमा जनाउनु पर्नेछ।

(६) कुनै सवारी प्राविधिक जाँचको सिलसिलामा कार्यालयमा आउँदा कुनै विवरण फरक पर्न गएको भेटिएमा के कति कारणबाट फरक पर्न गएको हो बुझी यकिन गर्नु पर्नेछ र विवरण फरक परेमा भन्सार प्रज्ञापन पत्रबाट आयात भई स्रेस्तामा मिलान गर्न छुट भएकोमा सोही ब्यहोरा खुलाई सवारी दर्ता प्रमाणपत्र, सवारी दर्ता किताबमा जनाई प्रमाणित गर्नु पर्नेछ र स्वीकृति नलिई कुनै हेरफेर वा परिवर्तन गरिएको भेटिएमा ऐनको दफा १५८ को उपदफा (२) को खण्ड (ख) बमोजिम जरिवाना गरी कायम गर्न मिल्ने जतिको हकमा सोही बमोजिम र कायम गर्न मिल्ने नभएमा सवारी दर्ता वदर गर्नु पर्नेछ।

(७) कुनै सवारीको दुर्घटना वा अन्य कारणबाट इन्जिन वा चेसिस नम्बर भएको प्लेट हराएमा वा नासिएमा वा त्यसमा उल्लिखित नम्बर प्लेट माटो वा खियाले खाई वा अन्य कुनै प्राकृतिक कारणबाट नबुझिने भएमा उक्त सवारी चेक जाँच गरी त्यस सवारीमा उक्त इन्जिन वा चेसिस नम्बर साविक देखि नै रहेको वा नरहेको र हाल कुनै किसिमले फेरवदल भएको वा नभएको भन्ने सम्बन्धमा आवश्यक जाँचबुझ र प्राविधिक परीक्षण गरी साविक देखिकै यथास्थितिमा रहेको हो भन्ने देखिएमा सोको फोटो खिची निर्देशनालयबाट उपलब्ध भएको नमुना अनुसारको दुई ओटा प्लेट (इस्यू नम्बर प्लेट) बनाउन लगाई सो प्लेट सवारीमा राखी सोको फोटो खिच्ने र उक्त फोटो एवम् अर्को नम्बर प्लेट सवारी दर्ता सम्बन्धी फाइल एवम् अभिलेखमा जनाई सवारीको दर्ता प्रमाणपत्र समेतमा कैफियत जनाई प्रमाणित गरिदिनु पर्नेछ।

(८) कुनै सवारीको किसिम, इन्जिन, चेसिस, रङ्ग, सिट, बडी निर्माण वा अन्य विवरण हेरफेर वा परिवर्तन गर्न निर्देशनालयबाट स्वीकृत प्राप्त वर्कसपबाट मात्र गर्ने गरी स्वीकृत दिनु पर्नेछ र यसरी स्वीकृत दिएको वर्कसपको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, स्थानीय तहको व्यवसाय दर्ता प्रमाणपत्र समेत अद्यावधिक र नवीकरण भएको हुनु पर्नेछ।

(९) कुनै आयोग, प्रतिष्ठान, सरकारी कार्यालय, नियोग वा विशिष्ट व्यक्तिहरुले प्रयोग गर्ने सरकारी सवारी साधनको नम्बर प्लेट परिवर्तन गरी निजी नम्बर प्लेट राख्नु पर्ने भएमा संघीय सरकारसँग सम्बन्धित मन्त्रालयको हकमा गृह मन्त्रालयको सिफारिस र प्रदेश स्तरीय आयोग, प्रतिष्ठान, सरकारी कार्यालय र विशिष्ट व्यक्तिहरुले प्रयोग

गर्ने सवारी साधनको नम्वर ल्पेटको हकमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको सिफारिसमा हेरफेर दर्ताको स्वीकृति दिन सकिनेछ।

(१०) मोडल (उत्पादन वर्ष) खुल्न नसकेको सवारीहरुको हकमा सम्बन्धित निर्माता कम्पनीको मुख्य डिलरसँग पत्राचार गरी मोडल बारेमा (उत्पादन वर्ष) खुलाउन लगाउनु पर्नेछ र यसरी पत्राचार गर्दा नेपालको मुख्य डिलरसँग निर्देशनालय मार्फत् पत्राचार गरी उत्पादन वर्ष खुलाउनु पर्नेछ।

(११) उत्पादन वर्षले पन्ध्र वर्ष पुरा भएका सवारीहरुलाई निजी तथा अन्य नम्बरमा दर्ता गर्ने गरी हेरफेर दर्ता गरिने छैन।

(१२) उपनियम (१) बमोजिमको परिवर्तन हेरफेर तथा हेरफेर दर्ताका लागि दरखास्त पर्न आएमा त्यस्तो सवारीको सम्बन्धमा कार्यालयले सम्बन्धित प्राविधिकबाट आवश्यक जाँचबुझ गराई दरखास्तवालाको माग बमोजिम परिवर्तन, हेरफेर वा हेरफेर दर्ता गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीको अधीनमा रही सवारीको रङ्ग, सिट सङ्ख्या, स्वरुप, इन्जिन, चेसिस वा अन्य हेरफेर दर्ता तथा परिवर्तन गर्न अनुसूचि-१ बमोजिमको दस्तुर लिई स्वीकृत दिन सक्नेछ र परिवर्तन, हेरफेर वा हेरफेर दर्ताको लागि उपयुक्त नदेखिएमा सम्बन्धित सवारी धनीलाई नसक्नुको कारण खुलाई जानकारी दिनु पर्नेछ।

८. <u>लिलाम दर्ता</u>: (१) लिलाम विक्रिबाट सवारी दर्ता गराउन चाहने व्यक्ति, सङ्घ/संस्थाले लिलाम विक्रि गरी सवारी प्राप्त गर्दाको अवस्थाका सम्पूर्ण कागजपत्रहरू संलग्न गरी अनुसूची-१ बमोजिमको दस्तुर सहित सवारी दर्ता गर्न चाहने कार्यालयमा अनुसूची-११ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) सवारी लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा नै लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सरकारी कार्यालय वा अन्य संघ/संस्थाले सवारी दर्ता गर्ने वा पत्रु (स्क्र्याप) मध्ये कुन प्रयोजनको लागि लिलाम बिक्री गर्ने हो सो कुरा सूचनामा नै स्पष्ट खुलाउनु पर्नेछ।

(३) सवारी लिलाम गर्दा जुन कार्यालय वा संघ/संस्थाले लिलाम गरेको हो सोही कार्यालय वा संघ/संस्थाले सवारीको चेसिस नम्बर, इन्जिन नम्बर र बडीको फोटो प्रमाणित गरी दिएको हुनु पर्नेछ र त्यस्तो चेसिस नम्बर, इन्जिन नम्बर र बडीको वास्तविक (ओरजिनल) फोटो सो सवारीको शुरु दर्ता गर्दा अवस्थाको फोटोमा मेल खाएको हुनु पर्नेछ र त्यस्तो सवारी लिलाम बिक्री हुनु पूर्व कुनै कार्यालयमा दर्ता भएको रहेनछ वा दर्ता भई सकेको भएतापनि कार्यालयमा चेसिस, इन्जिन र बडिको वास्तविक फोटो रहेनछ भने लिलाम बिक्री गर्ने कार्यालय, संघ/संस्थाले त्यस्तो सवारीको चेसिस, इन्जिन र बडिको प्रमाणित गरेको फोटोलाई आधार मान्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम दर्ता गर्ने प्रयोजनको लागि लिलाम बिक्री भई कार्यालयमा दर्ता गर्दा यस प्रदेश भित्रका सरकारी कार्यालय वा कानून बमोजिम गठन भएका संघ/संस्थाले लिलाम बिक्री गरेको सवारी मात्र दर्ता गरिनेछ।

(५) सवारी लिलामी बिक्रीबाट एक पटक दर्ता भएको सवारी साधनको पुनः लिलामी गर्नु परेमा त्यस्ता सवारीको स्क्र्याप (पत्रु) गर्ने प्रयोजनको लागि मात्र लिलाम बिक्री गर्नु पर्नेछ।

(६) उत्पादन वर्षले दश वर्ष पूरा भई लिलाम बिक्रीबाट दर्ता भएका सवारीलाई हेरफेर दर्ता गरिने छैन र उत्पादन मितिले दश वर्ष अवधि पुगि सकेका सवारीको लिलाम दर्ता गरिने छैन।

(७) शुरु दर्ता भई नसकेका भन्सार कार्यालय र राजस्व अनुसन्धान विभाग जस्ता सरकारी निकायले लिलाम गरेको सवारीका हकमा उत्पादन वर्षले दश वर्ष पुग्ने सालको डिसेम्बर महिनाको आधारमा दश वर्ष पुगे नपुगेको एकिन गर्नु पर्नेछ।

(८) इन्जिन नम्बर वा चेसिस नम्बर दुवैमा वा कुनै एकमा रिपन्च/रफपन्च गरेको कैफियत देखिएमा त्यस्ता सवारी साधन दर्ता गर्नु हुँदैन।

(९) लिलामबाट विक्रि भई अन्य प्रदेशमा दर्ता भएका सवारीहरू उत्पादन वर्षले दस वर्ष भन्दा पुराना रहेछन् भने त्यस्तो सवारी सरूवा सहमतिबाट दर्ता गरिने छैन।

(१०) लिलाम विक्रिबाट दर्ता भइ उत्पादन वर्षले बीस वर्ष पुरा भएका सार्वजनिक सवारीहरु सञ्चालन गर्न पाइने छैन र उत्पादन वर्षले बीस वर्ष पुगेका त्यस्ता सवारीको दर्ता किताबबाट लगत कट्टा गर्नु पर्नेछ तर लगत कट्टा गर्दा त्यस्ता सवारीबाट सवारी कर लगायत अन्य असूलउपर गर्नुपर्ने सरकारी कर, शुल्क र दस्तुर बाँकी रहेछ भने त्यस्तो सरकारी कर, शुल्क र दस्तुर असूलउपर गरेर मात्र त्यस्तो सवारीको लगत कट्टा गर्नु पर्नेछ।

(११) लिलाम विक्रीबाट दर्ता हुन आउने सवारीले दर्ता हुन आउनु भन्दा अगावै कुनै यातायात कार्यालयमा सडक मर्मत तथा सम्भार दस्तुर बुझाइसकेको रहेछ भने त्यस्तो सवारीको पुनः सडक मर्मत तथा सम्भार दस्तुर बुझाउनु पर्ने छैन।

(१२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा कार्यालयले त्यस्तो दरखास्तको सम्बन्धमा अवश्यक जाँचबुझ गरी ऐन तथा यस नियमावलीको अधीनमा रही सवारी दर्ता गरी दरखास्तवालालाई तत्काल दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

९. **<u>विदेशमा दर्ता भएका सवारी चलाउने अनुमति पत्र सम्बन्धमा</u>** : (१) विदेशमा दर्ता भएको सवारीलाई ऐनको दफा ३० बमोजिम प्रदेशमा सवारी चलाउन अनुमति पत्र लिन चाहेमा अनुसूची-१ बमोजिमको दस्तुर सहित कार्यालयमा अनुसूची-१२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम अनुमति पत्र दिन उपयुक्त देखेमा ऐन तथा यस नियमावलीको अधीनमा रही अनुसूची-१३ बमोजिमको ढाँचामा अनुमति पत्र तीस दिनसम्मको लागि दिन सक्नेछ।

१०. **<u>दर्ताको प्रमाणपत्र नवीकरण</u>**: (१) ऐनको दफा ३१ बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गराउन अनुसूची-१ बमोजिमको दस्तुर सहित कार्यालयमा अनुसूची-१४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) सवारीधनी वा ब्यवस्थापकले प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा सवारी दर्ता किताव नवीकरण गर्ने म्याद, जुन अघि हुन्छ सो म्याद भित्र सवारी कर तिरी सक्नु पर्नेछ र त्यस्तो म्याद भित्र सवारी कर नबुझाउने सवारीधनी वा व्यवस्थापकसँग म्याद नाघेको पहिलो तीस दिनसम्मलाई सवारी कर रकमको पाँच प्रतिशतका दरले, त्यस पछिको पैतालिस दिनसम्मलाई सवारी कर रकमको दश प्रतिशतका दरले र त्यसपछि आर्थिक वर्षको अन्तसम्मलाई सवारी कर रकमको बीस प्रतिशतका दरले जरिवाना समेत लिई सवारी कर दाखिला गराउनु पर्नेछ र आर्थिक वर्ष भुक्तान भई सवारी कर दाखिला नगर्ने सवारीको हकमा बत्तीस प्रतिशतका दरले थप जरिवाना समेत लिई सवारी कर असुल गर्नु पर्नेछ तर सम्बन्धित प्रचलित आर्थिक ऐनले अन्यथा तोकेमा सोही बमोजिम हुनेछ।

(३) यस प्रदेशमा दर्ता भएका सवारी साधन प्रचलित कानून बमोजिम अन्य प्रदेशमा नवीकरण गरेमा वा अन्य प्रदेशमा दर्ता भएका सवारी साधन यस प्रदेशमा नवीकरण भएमा यसै नियम बमोजिम नवीकरण गरेको मानिनेछ।

(४) अन्य प्रदेशमा दर्ता भएका सवारीहरुले यस प्रदेशमा सवारी दर्ताको प्रमाणपत्र नवीकरण गराउन चाहेमा सवारी दर्ता भएको प्रदेश वा यस प्रदेशमा तोकिएको सवारी कर, आयकर लगायत अन्य दस्तुर, शुल्क, जरिवाना मध्ये जुन बढी हुन्छ सोही अनुसार असुल उपर गरेर मात्र त्यस्ता सवारीको नवीकरण गर्नु पर्नेछ।

(५) पञ्जीकृत भएका सार्वजनिक सवारीको दर्ता प्रमाणपत्र नवीकरण गर्दा अनिर्वाय रुपमा आयकर तिरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ तर यो नियमावली प्रारम्भ भएको पहिलो आर्थिक वर्षको हकमा पञ्जीकृत सार्वजनिक सवारीको दर्ताको प्रमाणपत्र नवीकरण प्रचलित कानून बमोजिम हुनेछ।

(६) माथि उपनियममा जुनसुकै कुरा लेखिएको भएतापनि अस्थायी दर्ता भएका सवारीको दर्ताको प्रमाणपत्र नवीकरण शुरु दर्ता गर्ने कार्यालयले मात्र गर्नु पर्नेछ।

(७) उपनियम (१) बमोजिमको दरखास्त पर्न आएमा त्यस्तो सवारीको सम्बन्धमा कार्यालयले दरखास्तवालाको माग बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीको अधीनमा रही दर्ताको प्रमाणपत्र नवीकरण गरिदिनु पर्नेछ।

११. **<u>सवारीको नामसारी</u>**: (१) कुनै व्यक्तिको नाममा दर्ता भएको सवारी अन्य व्यक्तिको नाममा नामसारी गराउन चाहेमा सम्बन्धित सवारी धनीले त्यस्तो सवारी दर्ता भएको कार्यालयमा ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको कागजात तथा अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-१५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) सवारीको नामसारी गर्दा खरिदकर्ता र बिक्रीकर्ता दुवै कार्यालयमा उपस्थित हुनुपर्नेछ र यसरी नामसारी गर्न आउँदा सवारी खरिद तथा बिक्रीकर्ताले नागरिकताको सक्कल र अभिलेख प्रयोजनको लागि प्रतिलिपि साथै पेश गर्नु पर्नेछ।

(३) नावालकको नाममा नामसारी गर्नु परेमा नावालकको जन्म दर्ता प्रमाणपत्र, संरक्षक वा माथवर भएको स्थानीय तहको सिफारिस, संरक्षक वा माथवरको नागरिकताको प्रमाणपत्र तथा दुवैको पासपोर्ट साइजको दुई/दुई प्रति फोटो समेत लिई उपस्थित हुनु पर्नेछ।

(४) नामसारी गर्दा सम्बन्धित सवारी कार्यालयमा अनिवार्य रुपमा ल्याउनु पर्नेछ साथै सवारी शुरु दर्ता हुँदाको अवस्थामा चेसिस र इन्जिनको फोटो प्रमाणित नगरिएको भए नामसारी गर्दा इन्जिन र चेसिसको फोटो खिची प्रमाणित गरी सम्बन्धित कार्यालयमा अद्यावधिक गरी राख्नु पर्नेछ।

(५) भन्सार सुविधामा आयात भएका सवारीको नामसारी गर्नु पर्दा लाग्ने भन्सार महशुल तिरेको प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(६) सार्वजनिक सवारीको नामसारी गर्दा जाँचपास प्रमाणपत्र, बाटो इजाजतपत्र, प्रदूषण परीक्षण प्रमाणपत्र, बिमा, चालु आर्थिक वर्ष सम्मको सवारी कर, आयकर दाखिला भए नभएको समेत हेरी त्यस्तो अद्यावधिक भएमा मात्र नामसारी गर्नु पर्नेछ।

(७) सवारी जुन कार्यालयमा दर्ता रहेको छ सोही कार्यालयमा मात्र नामसारी गर्नु पर्नेछ।

(८) सवारी आयातकर्ता कम्पनी वा डिलरले सवारी बिक्री गरी बिल काटेको मितिले साठी दिन भित्र सम्बन्धित खरिदकर्ता, व्यक्ति वा संस्थाको नाममा नामसारी गरीसक्नु पर्नेछ र त्यस्तो म्याद नाघी नामसारी गर्न आएमा ऐनको दफा १५८ को उपदफा (३) बमोजिम जरिवाना असुल गरेर मात्र नामसारी गरिदिनु पर्नेछ।

(९) सवारी नामसारी गर्न चाहने व्यक्ति विरामी भई अशक्त भएमा सम्बन्धित अस्पतालको सिफारिस र उमेरका कारणले अशक्त भएमा सम्बन्धित स्थानीय तहको सिफारिस र कारागार वा हिरासतमा रहेको भए सम्बन्धित कार्यालयको सिफारिसमा कार्यालय प्रमुखले कम्तीमा छैठो तहको अधिकृतलाई डोर खटाई सवारी धनी भएको स्थानमा गई सनाखत गराई सम्बन्धित सवारी धनीबाट अनुसूची-१ बमोजिम डोर दस्तुर लिई कार्यालयमा नामसारी गरिदिनु पर्नेछ।

(१०) कुनै सवारी नावालकका नाममा दर्ता वा नावालकको नामबाट अरु कसैका नाममा नामसारी गर्नु परेमा ऐन तथा यस नियमावलीमा भएको व्यवस्थाको अतिरिक्त प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही संरक्षक वा माथवरको रोहवरमा निजको सनाखत समेत गराई नामसारी गरिदिनु पर्नेछ।

(११) कुनै पनि प्राकृतिक व्यक्तिको नाममा ट्रयाक्टर र पावर टेलर बाहेक अन्य ठूला तथा मझौला सवारी निजीमा नामसारी गरिने छैन।

(१२) भन्सार सुविधामा आयात गरिएका ट्रयाक्टर र पावर टेलर जस्ता सवारीको नामसारी गर्नु परेमा सवारी धनीको नाममा नामसारी भएको पाँच वर्ष पुरा भएपछि मात्र अन्य व्यक्तिको नाममा नामसारी गर्नु पर्नेछ र पाँच वर्ष नपुगी नामसारी गर्नुपरेमा लाग्ने भन्सार कर चुक्ता गरी आएपछि मात्र नामसारी गर्न पाइनेछ तर पाँच वर्ष नपुगी कुनै सवारीधनीको मृत्यु भई नजिकको हकवालाको नाउँमा नामसारी गर्नु पर्ने भएमा भन्सार कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने छैन।

(१३) सवारी धनी देश बाहिर वा भित्र बसोबास गरी सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेको अवस्थामा प्रचलित कानून बमोजिम जारी भएको अधिकृत वारेसनामा पेश गरेमा त्यस्तो अधिकृत वारेसनामाको आधारमा आवश्यक जाँचबुझ गरी सवारीको बिक्री वा नामसारी गर्न सकिनेछ।

(१४) सवारी बिक्री गर्ने सवारी धनीले नामसारीका बखत उपस्थित हुन नसक्ने भए नामसारी हुने मिति भन्दा अगाडी सवारी धनी कार्यालयमा उपस्थित भई सम्बन्धित स्रेस्ता तथा नामसारी फारममा ल्याप्चे सही छाप सहित सनाखत गर्न कार्यालयमा निवेदन दिएमा त्यस्तो निवेदन मनासिव देखेमा सम्बन्धित फाँटका अधिकृतले निजको सक्कल नागरिकता सहित कागजात हेरी सो व्यहोरा प्रमाणित गरी सोही सनाखतको आधारमा सनाखत भएको मितिले पैंतीस दिन भित्र नामसारी गरिदिनु पर्नेछ।

(१५) उपनियम (१) बमोजिम सवारी नामसारीका लागी दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम नामसारी गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीको अधीनमा रही सवारीको नामसारी गरिदिनु पर्नेछ।

१२. **सवारी धनीको मृत्यु भएको सवारीको नामसारी**: (१) दर्ता भएको कुनै सवारी धनीको मृत्यु हुन गएमा र उक्त सवारी धनीको प्रचलित कानून बमोजिमको हकवालाले त्यस्तो सवारी आफ्नो नाममा नामसारी गर्न चाहेमा ऐनको दफा ३७ को उपदफा (६) मा उल्लेख भए बमोजिमको कागजात तथा अनुसूची-१ बमोजिमको दस्तुर सहित त्यस्तो सवारी दर्ता भएको कार्यालयमा अनुसूची-१६ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) सवारी धनीको मृत्यु भई मृतकको नामबाट हकवालाको नाममा नामसारी गर्दा मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित भएको प्रमाणपत्र साथै मृतकको सबैभन्दा नजिकको हकवाला हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम सवारीको नामसारी गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीको अधीनमा रही सवारीको नामसारी गरिदिनु पर्नेछ।

१३. **सवारी नामसारी नहुने**: (१) नियम ११ र १२ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्तिको नाममा दर्ता रहेको सवारी दुर्घटना वा अन्य कारणबाट क्षतिग्रस्त भई त्यस्तो सवारीको इन्जिन र चेसिस दुवै बिग्रिई काम नलाग्ने अवस्थामा रहेछ भने त्यसरी बिग्रिएको अवस्थामा सवारी नामसारी हुने छैन।

(२) प्रचलित कानून बमोजिम सवारी नामसारी रोक्का भएको वा कुनै प्रमाणको स्वामित्व सम्बन्धी विवाद परी हक वेहक छुट्याउनु पर्ने अवस्थामा वा अन्य कारणबाट अदालतमा मुद्दा परि बिचाराधिन अवस्थामा रहेछ भने त्यस्तो मुद्दाको अन्तिम किनारा नलागेसम्म त्यस्तो सवारीको नामसारी हुने छैन।

१४. **दर्ता प्रमाणपत्र खारेजी सम्बन्धी ब्यवस्था**: (१) ऐनको दफा ४१ बमोजिम कुनै सवारी धनीले त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र खारेज गरी लगतकट्टा गराउन चाहेमा त्यस्तो सवारी दर्ता भएको कार्यालयमा अनुसूची-१७ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उत्पादन वर्षले बीस वर्ष अवधि पुरा भएका सार्वजनिक सवारी सञ्चालन गर्न पाईने छैन र त्यस्ता सवारीको दर्ता खारेज गरी लगत कट्टा गर्न सवारी धनी वा व्यवस्थापकले कार्यालयमा अनुसूची-१७ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(३) कुनै सवारी काम नलाग्ने गरी नासिएमा, कानून बमोजिम विदेश लगिएमा, नभेटिने गरी हराएमा वा सवारी धनीले आफ्नो स्व-इच्छाले सवारीको लगत कट्टा गरिदिन उपनियम (१) बमोजिम निवेदन दिएमा, लगत कट्टा गर्ने त्यस्तो सवारीको चेसिस र इन्जिन नम्बर प्राविधिकको रोहवरमा पुनः प्रयोग हुन नसक्ने गरी नष्ट गरी वा सो सवारीको चेसिस र इन्जिन नम्बर काटी सोको टुक्रा पेश गर्न लगाएर मात्र दर्ता खारेजी गरी लगत कट्टा गरिदिनु पर्नेछ।

(४) कुनै सवारी काम नलाग्ने गरी नासिएमा वा नभेट्ने गरी हराएमा सम्बन्धित प्रहरी कार्यालयको सरजमिन मुचुल्का, प्राविधिकको स्थलगत प्रतिवेदन, सवारी धनीको नभेटिएको वा काम नलाग्ने गरी नासिएको हो भन्ने स्वघोषणा पत्र र बिमा गरेको निकायको पत्र, कानून बमोजिम विदेश लगिएको सवारीको हकमा विदेशमा लगेको पुष्टी हुने कागजात पेश गरीसके पछी मात्र त्यस्ता सवारीको दर्ता खारेजी गरी लगत कट्टा गर्नु पर्नेछ।

(५) कुनै सवारी दुर्घटनामा परी काम नलाग्ने अवस्था भई चेसिस नम्बर वा इन्जिन नम्बर मध्ये कुनै एक भेटिएको अवस्थामा प्रहरीको सरजमिन मुचुल्का समेतमा सो कुरा उल्लेख भई आएमा त्यस्तो सवारीको चेसिस वा इन्जिन मध्ये कुनै एक पेश भएको अवस्थामा त्यस्तो सवारीको दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ।

(६) दुघर्टना ग्रस्त सवारीको चेसिस नम्बर वा इन्जिन नम्बर वा दुवैको नम्बर नबुझिने भएमा वा दुवै नभेटिएमा सो कुरा प्रहरीको सरजमिन मुचुल्का समेतमा उल्लेख भई आएमा सम्बन्धित सवारी धनीलाई व्यहोरा ठिक साँचो हो फरक परेमा कानून बमोजिम सहुला बुझाउँला भनि सहीछाप गराई त्यस्तो सवारी साधनको दर्ता खारेजी गरी लगत कट्टा गरिदिनु पर्नेछ।

(७) कुनै सवारी सञ्चालन गर्न पाउने अवधि समाप्त भई पत्रुमा परिणत गर्नु परेमा त्यस्तो सवारीको चेसिस र इन्जिनको फोटो खिची प्राविधिकको रोहवरमा त्यस्तो चेसिस र इन्जिन पुनः प्रयोग हुन नसक्ने गरी नष्ट गर्न लगाइ त्यस्तो सवारीको सक्कलै कागजात पत्र समेत खिची पत्रुमा परिणत गरेको व्यहोरा अभिलेखमा जनाई त्यस्तो अभिलेखमा सम्बन्धित सवारी धनी वा निजको प्रतिनिधिलाई समेत अभिलेखमा हस्ताक्षर गराई दर्ता खारेजी गरी लगत कट्टा गर्नु पर्नेछ।

(८) यस नियमावलीको निमय ६ को उपनियम (११) बमोजिम सरुवा सहमति भई गएको सवारीको लगतकट्टा गर्नु पर्नेछ।

(९) सवारीको लगतकट्टा गर्दा त्यस्तो सवारीबाट ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल गर्नुपर्ने कर, आयकर, दस्तुर, शुल्क, जरिवाना लगायत अन्य बक्यौता असुल गर्नुपर्ने रहेछ भने त्यस्तो कर, आयकर, दस्तुर, शुल्क, जरिवाना लगायत अन्य बक्यौता असुल गरेर मात्र सवारीको दर्ता खारेज गरी लगतकट्टा गर्नु पर्नेछ।

१५. **दर्ता प्रमाणपत्रको प्रतिलिपि**: (१) ऐनको दफा ४३ मा उल्लिखित अवस्था परी कुनै सवारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित सवारी धनीले अनुसूची-१ बमोजिमको दस्तुर सहित त्यस्तो सवारी दर्ताको प्रमाणपत्र दिने कार्यालयमा अनुसूची-१८ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ तर हराएको वा नासिएको हकमा भने ट्राफिक प्रहरी कार्यालयको सिफारिस संलग्न गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

१६. **दर्ता प्रमाणपत्रको निलम्बन**: देहायको कार्य गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र छ महिनाको लागि निलम्बन गर्न सक्नेछ:

(क) यात्री वाहक सार्वजनिक सवारीले ऐनको दफा १०० को विपरीत हुने गरी यातायात सेवा सञ्चालन गरेमा वा

(ख) यात्री वाहक सार्वजनिक सवारीले मालसामान बोकी सवारी चलाएमा वा मालबाहक सवारीले यात्रु बोकेर सवारी चलाएमा वा

(ग) सार्वजनिक सवारीले ऐनको दफा ७३ बमोजिम बाटो इजाजत नलिई सवारी चलाएमा वा

(घ) यात्री वाहक सार्वजनिक सवारीले ऐनको दफा १०२को विपरीत हुनेगरी यातायात सेवा सञ्चालन गरेमा वा

(ङ) समय समयमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मापदण्ड विपरीत सवारी चलाएमा।

## परिच्छेद-३

## सार्वजनिक सवारीको वर्गीकरण, स्तर तथा क्षमता

१७. यात्रुवाहक सवारीको वर्गीकरण, स्तर तथा क्षमताः यात्रुवाहक सवारीको स्तर तथा क्षमता देहाय बमोजिमको हुनेछः

(क) **बसः** चालक सहित छब्बीस देखी छपन्न जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको सवारी।

(ख) **मिनिबसः** चालक सहित पन्ध्र देखी पच्चीस जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको सवारी।

(ग) **जिप, भ्यान, पिकअप र माइक्रो बसः** चालक सहित बढीमा चौध जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको सवारी।

(घ) **कार र ट्याक्सीः** चालक सहित बढीमा पाँच जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको सवारी।

(ङ) **टेम्पोः** चालक सहित बढीमा चार जनासम्म यात्रु राख्न सक्ने सिट सङ्ख्या भएको मिटर जडित टेम्पो र सो बाहेक मिटर जडान नभएको तेह्र सिट सङ्ख्या भएको तीन पाँग्रे सवारी।

(च) **मोटर साईकल, स्कुटर र सनसाइनः** चालक सहित बढीमा दुई जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको सवारी।

(छ) **तीन पाङग्रे ई-रिक्साः** चालक सहित बढीमा सात सिट क्षमता भएको विद्युतीय व्याट्रीबाट चल्ने सवारी।

१८. मालबाहक सवारीको वर्गीकरण तथा क्षमताः मालबाहक सवारीको वर्गीकरण तथा त्यसको क्षमता देहाय बमोजिमको हुनेछः

(क) **ट्रक तथा टैंकरः** अघिल्लो तर्फ चालक सहितको बढिमा तीन जनासम्म सिट र पछाडि तर्फ प्रति एक्शल दश दशमलव दुई टन सम्मको भारवहन गर्न सक्ने र स्लिपर राखी पाँच जनासम्म लोडर बस्न सक्ने।

(ख) **मिनि ट्रकः** अगाडी तर्फ चालक सहितको तीन सिट र पछाडि तर्फ पाँच टनसम्मको भारवहन गर्न सक्ने र स्लिपर राखी चार जनासम्म लोडर बस्न सक्ने।

(ग) **पावर टिलरः** चालक सहित बढीमा एक सिट र एक टन सम्मको भारवहन गर्न सक्ने क्षमता भएको।

(घ) **पिकअपः** चालक सहित पाँच सिट र एक टनसम्मको भारवहन गर्न सक्ने।

१९. अन्य सवारीको वर्गीकरण तथा क्षमताः नियम १७ र १८ मा उल्लिखित सवारीहरु बाहेक डोजर, लोडर, डम्फर, क्रेन, दमकल, रोडरोलर, स्काभेटर जस्ता अन्य सवारीको वर्गीकरण र भारवहन क्षमता त्यस्तो सवारी निर्माता कम्पनीले जारी गरेको क्याटलग, स्पेसिफिकेशन वा मापदण्डको अधीनमा रही प्रज्ञापनपत्रमा उल्लिखित विवरण सवारीको स्वरुप तथा आकृतिलाई समेत विचार गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

२०. यात्री बाहक सवारीको स्तर, सञ्चालन अवधि तथा गतिः (१) ऐनको दफा ६ को उपदफा (४) को प्रयोजनको लागि देहाय बमोजिमको यात्रुवाहक सवारीको स्तर देहाय बमोजिम निर्धारण गरिएकोछः

**(क) सिधै (डाईरेक्ट) बस सेवा :**

(१) चालक सहित बढीमा चालिस सिट सङ्ख्या,

(२) सिटको लम्बाई, चौडाई र उचाई १६ देखी १९ इन्च, ३० देखी ४५ डिग्री सम्मको फोल्डिङ्ग सिटको पिठ्यूँको उचाई २२ देखी २६ इन्च,

(३) २/२ पङ्तिको सिट एक पङ्तिबाट अर्को पङ्तिको वीचको बाटो कम्तीमा १४ इन्च र सिटको पङ्तिबाट लेग प्लेसको दूरी कम्तीमा १३ इन्च,

(४) बसको भित्री उचाई ६६ इन्च र छतको क्यारियर बसको कुल लम्बाईको आधा र उचाई ८ इन्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमिनको सतहदेखि बढिमा एक फुटको उचाई,

(६) बसमा आगो निभाउने यन्त्रको व्यवस्था,

(७) बसको उपयुक्त स्थानमा सङ्कटकालीन ढोकाको व्यवस्था,
(८) बसमा आवश्यक औषधी तथा उपकरणसहितको प्राथमिक उपचारको व्यवस्था,
(९) बसमा झ्यालको लकको अवस्था दुरुस्त र
(१०) बसको सक अब्जर्भरको अवस्था दुरुस्त।

**(ख) द्रुत (एक्सप्रेस) बस सेवाः**

(१) चालक सहित बढीमा ५० सिट सङ्ख्या,
(२) सिटको लम्बाई, चौडाई र उचाई कम्तीमा क्रमशः १५,१५ र १५ इन्च र सिटको पिठ्युँको उचाई कम्तीमा १८ इन्च,
(३) २/३ पङ्तिको सिट एक पङ्तिबाट अर्को पङ्तिको बीचको बाटो १४ इन्च र सिटको पङ्तिबाट लेग प्लेसको दूरी कम्तीमा ११ इन्च,
(४) बसको भित्री उचाई कम्तीमा ६६ इन्च,
(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमिनको सतहदेखी बढीमा एक फुटको उचाई,
(६) बसमा आगो निभाउने यन्त्रको व्यवस्था,
(७) बसमा उपयुक्त स्थानमा सङ्कटकालीन ढोकाको व्यवस्था,
(८) बसमा आवश्यक औषधी तथा उपकरणसहितको प्राथमिक उपचारको व्यवस्था,
(९) बसमा झ्यालको लकको अवस्था दुरुस्त, र
(१०) बसको सक अब्जर्भरको अवस्था दुरुस्त।

**(ग) साधारण (लोकल) बस सेवाः**

(१) चालक सहित बढीमा ५६ सिट सङ्ख्या,
(२) सिटको लम्बाई, चौडाई र उचाई कम्तीमा क्रमशः १५,१५ र १५ इन्च र सिटको पिठ्युँको उचाई कम्तीमा १८ इन्च,
(३) सिटको एक पङ्तिबाट अर्को पङ्तिको बीचको बाटो कम्तीमा १४ इन्च र सिटको पङ्तिबाट लेग प्लेसको दूरी ११ इन्च,
(४) बसको भित्री उचाई कम्तीमा ६६ इन्च,
(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमिनको सतहदेखी बढीमा एक फुटको उचाई।

**(घ) मिनि बसः**

(१) चालक सहित बढिमा २५ सिट सङ्ख्या,
(२) सिटको लम्बाई, चौडाई र उचाई कम्तीमा १५ इन्च पिठ्यूँको उचाई कम्तीमा २२ इन्च र पङ्ति बढिमा २/२,
(३) सिटको एक पङ्तिबाट अर्को पङ्ति बीचको बाटो कम्तीमा १४ इन्च र सिटको पङ्तिबाट लेग प्लेसको दूरी १३ इन्च,
(४) मिनि बसको भित्री उचाई ६४ इन्च,
(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमिनको सतहदेखी बढिमा एक फुटको उचाई।

**(ङ) माईक्रो बसः**

(१) चालक सहित १२ देखि १४ सिट सङ्ख्या भएको,
(२) सिटको लम्बाई कम्तीमा १५ ईन्च, चौडाई कम्तीमा १६ इन्च, उचाई कम्तीमा १५ इन्च, पिठ्यूँको उचाई कम्तीमा २२ इन्च र लेग प्लेसको दूरी ११ इन्च भई सबै सिटहरु अगाडी फर्केको,
(३) माइक्रो बसको भित्री उचाई कम्तीमा १३४५ एम.एम भएको,
(४) माइक्रो बसको प्रवेशद्वारको पहिलो सिढी जमिनको सतहदेखी बढीमा एक फुट उचाई,
(५) माइक्रो बसको झ्यालको लकको अवस्था दुरुस्त भएको।

(२) सिधै (डाइरेक्ट) बस सेवा अन्तर्गत सञ्चालन हुने बस सेवालाई शुरु सञ्चालन भएका मितिले पाँच वर्षसम्मको लागि सञ्चालन गर्न दिइनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिती लगायत अन्य आवश्यक कुराहरुको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप तीन वर्षसम्मको लागि सञ्चालन गर्ने अनुमति दिन सकिनेछ र उक्त म्याद समाप्त भएपछि त्यस्ता सवारी लामो दुरीमा सञ्चालन गर्न पाइने छैन।

(३) द्रुत (एक्सप्रेस) बस सेवा अन्तर्गत सञ्चालन हुने बसलाई शुरु सञ्चालन भएको मितिले आठ वर्ष सम्मको लागि सञ्चालन गर्न दिइनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिति लगायत अन्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आवश्यक कुराहरुको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप चार वर्षसम्मको लागि सञ्चालन गर्ने अनुमति दिन सकिनेछ तर उल्लिखित म्याद समाप्त पछि त्यस्ता सवारी लामो र मध्यम दुरीमा सञ्चालन गर्न पाइनेछैन।

(४) द्रुत (एक्सप्रेस) सेवा अन्तर्गत सञ्चालन हुने मिनि बसलाई शुरु सञ्चालन भएको मितिले आठ वर्षसम्मको लागि सञ्चालन गर्न दिइनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरुको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप सात वर्षसम्मको लागि सञ्चालन गर्ने अनुमति दिन सकिनेछ तर उल्लिखित म्याद समाप्त पछि त्यस्ता सवारी लामो र मध्यम दुरीमा सञ्चालन गर्न पाइने छैन।

(५) लामो बाटो तथा मध्यम बाटोमा द्रुत सेवा अन्तर्गत सञ्चालन हुने माइक्रो बसलाई शुरु सञ्चालन भएको मितिले पाँच वर्षसम्मको लागि सञ्चालन गर्न दिइनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्राविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरुको बारेमा प्रत्येक वर्ष जाँचबुझ गरी थप तीन वर्षसम्मको लागि अनुमति दिइनेछ तर उल्लिखित म्याद समाप्त पछि त्यस्ता सवारी लामो र मध्यम दुरीमा सञ्चालन गर्न पाइनेछैन।

(६) लामो बाटो, मध्यम बाटो र छोटो बाटोमा सञ्चालन हुने साधारण (लोकल) बस सेवा, मिनिबस र माइक्रोबस यस नियममा उल्लिखित अन्य कुराका अतिरिक्त आवश्यक औषधी तथा उपकरण सहितको प्राथमिक उपचार र आगो निभाउने यन्त्र समेतको व्यवस्था गरेको हुनु पर्नेछ।

(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सिधा (डाइरेक्ट) बस सेवा रात्री तथा दिवा सेवामारद्रुत (एक्प्रेस) बस सेवा, साधारण (लोकल) बस सेवा, मिनी बस, माइक्रोबस दिवा सेवामा मात्र सञ्चालन गर्नको लागि अनुमति दिइनेछ।

(८) ऐनको दफा ६ को उपदफा (४) को प्रयोजनको लागि देहाय बमोजिमको सवारीको गति निर्धारण गरिएकोछः

(क) कार, जिप, भ्यान र पिकअप बढीमा ८० कि.मि. प्रतिघण्टा,

(ख) टेम्पो, स्कूटर, पावर टिलर तथा ट्र्याक्टर बढिमा ४० कि.मि. प्रति घण्टा,

(ग) मोटरसाईकल बढीमा ५० कि.मि. प्रति घण्टा,

(घ) बस, मिनिबस, ट्रक, मिनि ट्रक हिमाली तथा पहाडी बाटोमा बढीमा ५० कि.मि. प्रति घण्टा र समतल बाटोमा बढीमा ७० कि.मि. प्रति घण्टा तर बाक्लो बस्ती वा बजार भएको इलाकामा प्रतिघण्टा ४० कि.मि. भन्दा बढी गतिमा कुनै पनि सवारी चलाउन पाइनेछैन।

(९) निर्देशनालयले उपनियम (७) बमोजिमको सवारी बाहेक अन्य सवारीको गति निर्धारण गर्न निर्धारण गरिएको सवारीको हकमा भौगोलिक अवस्था र सडकको स्थिति समेत विचार गरी सवारीको गतिमा फेरबदल गर्न सक्नेछ।

(१०) उपनियम (७) र (८) मा जुनसुकै कुरा लेखिएको भएता पनि ऐनको दफा ११३ बमोजिम कुनै स्थानमा सवारीको गति सम्बन्धित सूचना वा सङ्केत उल्लेख गरिएको रहेछ भने त्यस्तो स्थानमा सोही सूचना वा सङ्केतमा उल्लेख भए बमोजिम सवारी चलाउनु पर्नेछ।

(११) यात्रुबाहक सवारी चलाउने चालकले बाटो इजाजतपत्र दिने कार्यालयले निर्धारण गरेको समय सारणी बमोजिम सवारी छुटाउनु र गन्तब्य स्थानमा पुर्‍याउनु पर्नेछ।

(१२) काबु बाहिरको अवस्था परेकोमा बाहेक उपनियम (१०) बमोजिमको समय सारणी भन्दा ढिलो हुने गरी वा यात्रुलाई असुविधा हुने गरी वा अलपत्र पार्ने गरी सवारी गन्तब्य स्थानमा पुर्‍याउनु हुदैन।

२१. <u>पर्यटक सवारी</u>ः(१) देहाय बमोजिमको सवारीलाई ऐनको दफा ७ बमोजिम पर्यटक सवारीको रुपमा दर्ता गरिनेछः

(क) प्रचलित कानून बमोजिम पर्यटन व्यवसाय गर्न पाउने अनुमति पत्र प्राप्त पर्यटन ब्यवसायसँग सम्बन्धित सङ्घ/संस्थाको नाममा दर्ता भएको,

(ख) कुनै वित्तीय संस्थाद्वारा प्रदान गरिएको ऋणबाट खरिद भएको सवारी सम्बन्धित वित्तीय संस्थाको नाममा दर्ता भएको भएतापनि त्यस्तो सवारी प्रचलित कानूनबमोजिम पर्यटन व्यवसाय गर्न पाउने अनुमति पत्र प्राप्त पर्यटन व्यवसायसँग सम्बन्धित संघ/संस्थाले पर्यटन व्यवसायको लागि प्रयोग गरेको भए,

(२) पर्यटक सवारीले अन्य सार्वजनिक सवारी सरह यात्री तथा मालसामान ओसार पसार गर्न पाउने छैन।

(३) उत्पादन मितिले दश वर्ष अवधि नाघे पछि पर्यटन सवारी सञ्चालन गर्न पाइने छैन र त्यस्तो सवारीलाई ऐन र यस नियमावलीको अधिनमा रही अन्यमा हेरफेर दर्ता गरी सञ्चालन गर्न बाधा पर्ने छैन।

(४) उत्पादन मितिले पाँच वर्ष अवधि नाघेका सवारीलाई पर्यटक सवारीमा हेरफेर दर्तागरिने छैन।

## परिच्छेद-४

## <u>चालक अनुमति पत्र सम्बन्धी व्यवस्था</u>

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२२. **चालक अनुमति पत्रको लागि दरखास्त दिनु पर्ने**: (१) ऐनको दफा ४८ बमोजिम चालक अनुमति पत्र लिन चाहने व्यक्तिले यो नियमावली लागू हुनु पूर्व संघीय कानून बमोजिम निर्धारण गरेको ढाँचा बमोजिम विद्युतीय प्रविधिको माध्यमबाट दरखास्त दिनु पर्नेछ । त्यसरी प्राप्त हुन आएको दरखास्तलाई कार्यालयले विद्युतीय प्रविधिको माध्यमबाट बायोमेट्रिक डिटेल्समा क्यापचर गर्नु पर्नेछ र त्यस्तो दरखास्त दिने व्यक्तीले अनुसूची-१ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिँदा दरखास्तवाला व्यक्तिले निरोगिताको सम्बन्धमा नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले अनुसूची-१९ बमोजिमको ढाँचामा स्वास्थ्य परीक्षण गरी सफ्टवेयरमा समेत प्रवीष्टी गर्नु पर्नेछ।

(३) चालक अनुमति पत्रको लागि चाहिने निरोगिताको प्रमाणपत्रको लागि नेपाल सरकारबाट मान्यता प्राप्त नेपाल मेडिकल काउन्सिलबाट स्थायी प्रमाणपत्र प्राप्त चिकित्सकहरु वीच प्रचलित कानून बमोजिम कार्यालयबाट प्रतिस्पर्धा गराउनु पर्नेछ र त्यसरी प्रतिस्पर्धाबाट छनौट भएको चिकित्सकले सम्बन्धित यातायात व्यवस्था कार्यालय परिसरबाट नै सेवा उपलब्ध गराउनु पर्नेछ।

(४) कुनै पनि व्यक्तिको शारीरिक अपाङ्गताको विषयमा सम्बन्धित विशेषज्ञ चिकित्सकको सिफारीस आवश्यक पर्ने देखिएमा नेपाल सरकारद्वारा मान्यता प्राप्त स्वास्थ्य प्रतिष्ठानबाट शारीरिक क्षमता सम्बन्धी प्रमाणपत्र पेश गरेपछि मात्र सवारी चालक अनुमति पत्रको लागि दरखास्त दिनु पर्नेछ।

(५) उपनियम (१) बमोजिम दरखास्त दिने व्यक्तिहरुमध्ये ऐनको दफा ४९ बमोजिम चालक अनुमति पत्रको लागि लिईएको लिखित तथा प्रयोगात्मक परीक्षामा उत्तीर्ण गर्ने दरखास्त वालालाई मात्र सवारी चालक अनुमति पत्र दिइनेछ।

(६) यो नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि साना सवारी चालक अनुमति पत्र प्राप्त गरेको दुई वर्ष पुरा नहुँदा सम्म अनुसूची-२० मा उल्लेख गरिएको बाहेक मझौला ताथा ठूला सवारी चालक अनुमति पत्रका लागि दरखास्त दिन पाइने छैन।

(७) उपनियम (३) बमोजिम चालक अनुमति पत्र दिँदा निजी तथा सार्वजनिक सवारीको लागि छुट्टा छुट्टै चालक अनुमति पत्र दिन कार्यालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

२३. **विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमति पत्रको नेपालीकरण तथा मान्यता सम्बन्धी ब्यवस्थाः** (१) ऐनको दफा ५१ बमोजिम नेपाली नागरिकले विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमति पत्रलाई नेपालीकरण गराउन चाहेमा देहाय बमोजिमको कागजात सहित अनुसूची-२१ बमोजिम दरखास्त दिनु पर्नेछ।

(क) विदेशी चालक अनुमति पत्रको व्यहोरा प्रमाणित गरेको सम्बन्धित दुतावासको सिफारिस पत्र,

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र चालक अनुमति पत्र जारी भएको देशमा उक्त अवधिमा बसेको प्रमाणका रूपमा सम्बन्धित मुलुकको भिसा साथै अन्य प्रमाण,

(ग) विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमति पत्रको वहाल अवधि म्याद भित्र रहेको प्रमाण,

(घ) चालक अनुमतीपत्र अङ्ग्रेजी भाषा वाहेक अन्य भाषामा भए प्रचलित कानून बमोजिम अख्तियार प्राप्त निकायबाट अनुवाद गरिएको पत्र,

(ङ) राहदानीको प्रमाणित प्रतिलिपि।

(२) नेपालीकरण गर्दा विदेशी चालक अनुमति पत्रमा भएको वर्ग (Category) अनुसार निवेदकले माग गरेको वर्ग (Category) सँग मेल हुनु पर्नेछ।

(३) चालक अनुमति पत्र लिँदा ऐन बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

२४. **बिदेशी नागरिकले चालक अनुमति पत्र प्राप्त गर्न सक्ने अवस्था**ः नेपालमा वा यस प्रदेश भित्र बसोवास गरी कुनै व्यापार व्यवसाय, उद्योग, रोजगारी वा अध्ययन गर्ने विदेशी नागरिकले ऐनको दफा ४८ बमोजिम चालक अनुमति पत्रका लागी दरखास्त दिँदा ऐन तथा यो नियमावलीको अधीनमा रही देहाय बमोजिमको कागजात दरखास्त साथ पेश गर्नु पर्नेछ।

(क) कुनै व्यापार, व्यवसाय, उद्योग, रोजगारी वा अध्ययन गरेको भए सो को प्रमाण,

(ख) अस्थायी बसोवास गरेको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र र त्यस्तो सिफारिस पत्र यस प्रदेश अन्तर्गतको स्थानीय तहले दिएको हुनु पर्नेछ,

(ग) सम्बन्धित देशको कुटनितिक नियोगको सिफारिस पत्र,

(घ) रोजगारी गरी वसेको भए सम्बन्धित निकाय, संघ/संस्थाको सिफारिस पत्र,

(ङ) श्रम स्वीकृति लिनुपर्ने व्यक्तिको हकमा सो को प्रमाण,

(च) म्याद बहाल रहेको भिसा (भारतीय नागरिक वाहेक),

(छ) विदेशी नागरिक हो भन्ने ब्यहोरा खुल्ने अन्य कुनै प्रमाण।

२५. **परीक्षा सम्बन्धी व्यवस्था**: (१) कार्यालयले ऐनको दफा ४९ बमोजिम चालक अनुमति पत्रको लागि दरखास्तवालाको योग्यता परीक्षण गर्दा देहाय बमोजिमको परीक्षा प्रणाली सञ्चालन गर्नेछ।

(क) लिखित परीक्षा

(ख) प्रयोगात्मक परीक्षा

(२) उपनियम (१) को खण्ड (क) बमोजिम परीक्षामा अनुत्तीर्ण हुने दरखास्तवालाले नब्बे दिनसम्म अर्को दरखास्त दिन पाउने छैन।

(३) उपनियम (१) को खण्ड (क) बमोजिमको परीक्षामा उत्तीर्ण हुने दरखास्तवालाले लिखित परीक्षा उत्तीर्ण भएको नब्बे दिनभित्र तीन पटकसम्म प्रयोगात्मक परीक्षा दिन पाउनेछ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि लिखित परीक्षा दिनु नपर्ने सवारी चालक अनुमति पत्रको वर्गको हकमा प्रयोगात्मक परीक्षामा एक पटक अनुत्तीर्ण भएको व्यक्तिले दर्ता भएको नब्बे दिनभित्र थप दुई पटकसम्म तोकिएको दस्तुर तिरी प्रयोगात्मक परीक्षा दिन पाउनेछ।

(५) उपनियम (१), (२), (३) र(४) मा जुनसुकै कुरा लेखिएको भएतापनि ट्रयाक्टर, पावर टेलरको चालक अनुमति पत्र लिन लिखित परीक्षा दिनुपर्ने छैन।

२६. **चालक अनुमति पत्रको अभिलेख राख्ने** : नियम २२ बमोजिम दिइएको चालक अनुमति पत्रको लगत यो नियम लागू हुनु पूर्व कार्यान्वयनमा रहेका अभिलेखलाई यसै नियमावली बमोजिम कै ढाँचा मानि अभिलेख राख्नु पर्नेछ।

२७. **चालक अनुमति पत्रमा अरु वर्ग थप गर्ने**: (१) नियम २२ बमोजिम दिइएको कुनै एक वर्गको सवारी चालक अनुमति पत्रमा उल्लेखित वर्गका अतिरिक्त अन्य कुनै वर्ग समावेश गराउन चाहेमा ऐनको दफा ५४ बमोजिम समावेश गराउन चाहेको वर्गको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित यो नियम लागू हुनु पूर्व संघीय कानूनले निर्धारण गरे बमोजिमको ढाँचामा विद्युतीय प्रविधिको माध्यमबाट दरखास्त दिनु पर्नेछ।

(२) एक पटक चालक अनुमति पत्रको लागि लिखित परीक्षा दिई प्रयोगात्मक परीक्षामा उत्तीर्ण भई चालक अनुमति पत्र प्राप्त व्यक्तिले अरु वर्गको सवारी चलाउने अनुमति थप गर्दा पुनः लिखित परीक्षा दिनुपर्ने छैन।

(३) टयाक्टर, पावर टिलर जस्ता वर्गको सवारी चालक अनुमति पत्रमा अरु वर्ग थप गर्नु परेमा लिखित परीक्षा दिनु पर्नेछ।

(४) उपनियम (१) र (२) बमोजिम पर्न आएका दरखास्तको सम्बन्धमा कार्यालयले ऐनको दफा ५० बमोजिमको कार्यविधि अपनाई निजले प्राप्त गरेको सवारी चालक अनुमति पत्रमा अनुसूची-१ बमोजिम दस्तुर लिई समावेश गराउन चाहेको वर्ग समावेश गरी नयाँ चालक अनुमति पत्र दिइनेछ।

२८. **चालक अनुमति पत्रको नवीकरण**: (१) चालकले ऐनको दफा ५५ बमोजिम चालक अनुमति पत्र नवीकरणको लागि अनुसूची-१बमोजिमको दस्तुर सहित त्यस्तो अनुमति पत्र दिने कार्यालयमा अनुसूची-२२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम चालक अनुमति पत्रको नवीकरणका लागि दरखास्त दिंदा अनुसूची-१९ बमोजिमको निरोगिताको प्रमाणपत्र नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले प्रमाणित गरेको प्रमाणपत्रको विवरण सफ्टवेयरमा प्रविष्टी गर्नु पर्नेछ।

(३) नवीकरण गर्नुपर्ने म्याद समाप्त भएको पाँच वर्षसम्म पनि नवीकरण नगराएमा चालक अनुमति पत्र स्वतः रद्द हुनेछ र त्यस्तो अनुमति पत्रको नवीकरण गरिने छैन।

(४) स्मार्टकार्ड प्राप्त चालक अनुमति पत्र प्राप्त गर्ने व्यक्तिले नेपाल भित्रका जुनसुकै कार्यालयबाट चालक अनुमति पत्र प्राप्त गरेको भए पनि त्यस्तो चालक अनुमति पत्रको सम्बन्धमा आवश्यक जाँचबुझ गरी नवीकरण गर्न सकिनेछ।

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ भएपछि सवारी चालक अनुमति प्राप्त साठी वर्ष उमेर पूरा भएका कुनै पनि व्यक्तिले ठूला र मझौला सार्वजनिक सवारी चलाउन पाउने छैन र त्यस्तो साठी वर्ष उमेर पुरा भएका ब्यक्तिको चालक अनुमति पत्र नवीकरण गरिने छैन।

(६) उपनियम (१) बमोजिम चालक अनुमति पत्रको नवीकरणको लागि दरखास्त पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो सवारी चालक अनुमति पत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीको अधीनमा रही चालक अनुमति पत्र नवीकरण गरी दिई सोको अभिलेख विद्युतीय ढाँचामा राख्नु पर्नेछ।

२९. **चालक अनुमति पत्रको निलम्बन**: देहाय बमोजिमको कार्य गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको अनुमति पत्र ऐनको दफा ५९ बमोजिम नब्बे दिनसम्म निलम्बन गर्न सक्नेछः

(क) यात्रुवाहक सार्वजनिक सवारीको चालकले ऐनको दफा १०० विपरीत यातायात सञ्चालन गरेमा वा

(ख) यात्रुवाहक सवारीको चालकले मालसामान बोकेमा र मालबाहक सवारीले यात्रु बोकेमा वा

(ग) पर्यटक सवारी चालकले पर्यटन बाहेक अन्य यात्री बोकेमा वा

(घ) निजी सवारीले ऐनको दफा ८ को उपदफा (२) विपरीत यातायात सेवाको लागि प्रयोग गरेमा वा

(ङ) सार्वजनिक सवारीको चालकले ऐनको दफा ७५ बमोजिम बाटो इजाजतपत्र नलिएको बाटोमा सवारी चलाएमा वा

(च) सवारीको चालकले सवारी चलाउँदा मोबाइल फोनको प्रयोग गरेमा वा

(छ) सबै प्रकारका सवारी चालकले मादक पदार्थ सेवन गरी सवारी चलाएमा वा

(ज) चालकले लागू पदार्थ सेवन गरी सवारी चलाएमा वा

(झ) पाँचपटक भन्दा बढी सवारी तोकिएको ठाँउ भन्दा अन्य जथाभावी रोकेमा वा

(ञ) एम्बुलेन्स चलाउने चालकले बिरामी बाहेक यात्रु तथा मालसामान बोकेमा वा

(ट) विश्वविद्यालय तथा विद्यालय वसको चालकले यात्रु बोकेमा।

३०. **चालक अनुमति पत्र खारेज गर्न सक्ने**: ऐनको दफा ६० बमोजिम देहायको अवस्थामा अधिकार प्राप्त अधिकारीले चालकको चालक अनुमति पत्र खारेज गर्न सक्नेछः

(क) कुनै सवारी चालकको ऐनको दफा ४७ बमोजिमको कुनै अयोग्यता प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको सवारी चालक अनुमति पत्र खारेज गरी सो सवारी चालक अनुमति पत्र फिर्ता बुझाउन चालकलाई आदेश गर्नेछ र त्यस्तो आदेश प्राप्त भएको मितिले ७ दिन भित्र चालकले आफ्नो चालक अनुमति पत्र फिर्ता गर्न नसकेमा वा

(ख) चालकको लापरवाहीको कारणबाट दुर्घटना भई कुनै व्यक्तिको मृत्यु भएको हो भन्ने अदालतबाट फैसला भई सम्बन्धित चालक कसुरदार ठहरिएमा वा

(ग) चालकको मृत्यु भएमा वा

(घ) स्वेच्छाले खारेज गर्न चाहेमा वा

(ङ) सार्वजनिक चालक बाहेक अन्यले चार पटक भन्दा बढी मादक पदार्थ सेवन गरी सवारी चलाएको भनी सम्बन्धित प्रहरी कार्यालयले प्रमाणित गरी चालक अनुमति पत्र खारेजका लागी सिफारिस गरेमा वा

(च) सार्वजनिक सवारी चलाउने चालकले एक पटक भन्दा बढी मादक पदार्थ सेवन गरी सवारी चलाएको भनि सम्बन्धित प्रहरी कार्यालयले प्रमाणित गरी चालक अनुमति पत्र खारेजका लागी सिफारिस गरेमा वा

(छ) कानून बमोजिम चालक अनुमति पत्र नवीकरण गर्न पाउने हदम्याद समाप्त भएमा ।

३१. **चालक अनुमति पत्रको प्रतिलिपि**: (१) ऐनको दफा ६१ बमोजिमको व्यवस्थामा उल्लेखित चालक अनुमति पत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित चालकले त्यस्तो चालक अनुमति पत्र दिने कार्यालयमा अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-२३ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ तर चालक अनुमति पत्र नासिएको वा हराएको हकमा सम्बन्धित ट्राफिक कार्यालयको सिफारिस पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी ऐन तथा यस नियमावलीको अधीनमा रही चालक अनुमति पत्रको प्रतिलिपि दिनु पर्नेछ।

३२. **चालकको मृत्युको सूचना दिनु पर्ने**: (१) ऐन तथा यस नियमवाली बमोजिम चालक अनुमति पत्र प्राप्त व्यक्तिको मृत्यु भएमा मृतकको नजिकको नातेदारले निजको मृत्युको सम्बन्धमा प्रचलित कानून बमोजिमको मृत्यु दर्ता प्रमाणपत्र लिई त्यस्को प्रतिलिपि त्यस्तो चालक अनुमति पत्र दिने कार्यालयमा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मृत्युको बारेमा जानकारी दिँदा मृतकको चालक अनुमति पत्र उपलब्ध भएमा सो समेत बुझाई दिनु पर्नेछ र त्यस्को जानकारी प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले पनि चालक अनुमति पत्र दर्ताबाट खारेज गरी लगतकट्टा गरिदिनु पर्नेछ।

३३. **चालक अनुमति पत्रमा राख्नु पर्ने कोड नम्बर**: चालक अनुमति पत्रमा राखिने कोड नम्बर र वर्ग प्रचलित संघीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-५

## यातायात व्यवस्थापन

३४. **बाटो इजाजतको लागि दरखास्त दिने**: (१) ऐनको दफा ७४ बमोजिम बाटो इजाजतपत्र लिन चाहने सवारी धनी वा व्यवस्थापकले बाटो इजाजतपत्रको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-२४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको बाटो इजाजतपत्रको लागि दरखास्त दिँदा सवारीमा काम गर्ने चालक तथा सहचालकको नाम, ठेगाना, नागरिकता नम्बर, मोबाइल नम्बर समेत विवरण खुलाई सवारी धनीले संलग्न गर्नु पर्नेछ।

(३) सवारीको पञ्जीकरण नभई अधिकार प्राप्त अधिकारीले रूट इजाजतपत्र जारी गर्न पाइने छैन।

(४) सवारी धनीले सवारी जाँचपास गरेको सात दिन भित्र कार्यालयबाट बाटो इजाजतपत्र लिई सक्नु पर्नेछ र उक्त अवधि नाघी बाटो ईजाजत पत्रको लागि दरखास्त दिएमा ऐनको दफा १५८ को उपदफा (३) अनुसार जरिवाना लिई बाटो इजाजतपत्र जारी गर्नु पर्नेछ।

(५) बाटो इजाजतपत्र लिने सवारी धनी वा ब्यवस्थापकले सवारीमा कार्यरत कर्मचारी, यात्रु तथा तेस्रो पक्ष समेतको बिमा पोलिसिको सक्कल पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिलिपि कार्यालयले सक्कल प्रतिको आधारमा प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।

(६) बाटो इजाजतपत्र दिँदा सवारीको दर्ता प्रमाणपत्र (ब्लुबुक) नवीकरण,आयकर तिरेको निस्सा र जाँचपास अद्यावधिक भएको हुनुपर्नेछ।

(७) पहिले कुनै कार्यालयबाट जारी भएको बाटो इजाजतपत्र हालको कार्यालयमा सरूवा सहमती ल्याई दर्ता गर्न चाहने सवारी धनी वा ब्यवस्थापकले त्यस्तो बाटो इजाजतपत्रको सरुवा सहमतिपत्र ल्याएको मितिले पैंतीस दिन भित्र कार्यालयमा पेश गरी सक्नुपर्नेछ र त्यसरी पेश भएको सरूवा सहमति सम्बन्धमा हालको कार्यालयले आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई बाटो इजाजतपत्र दर्ता गरिदिनु पर्नेछ।

(८) सरुवा सहमतिबाट दर्ता भएको बाटो इजाजतपत्रको लगत कट्टाको लागि कार्यालयले साविक कार्यालयमा तत्काल लेखी पठाउनुपर्नेछ।

(९) उपनियम (७) बमोजिम पैंतीस दिन भित्र सवारीको बाटो इजाजतपत्र दर्ता नगराएमा वा सवारीको बाटो इजाजतपत्र दर्ता हुन नसकेमा वा सरुवा दर्ता फिर्ता ल्याउनु परेमा त्यस्तो सरुवा सहमति लगेको पैंतीस दिन भित्र साविक कार्यालयमा फिर्ता ल्याई दर्ता गरी सक्नु पर्नेछ र उक्त अवधि नाघी दर्ता गराउन ल्याएमा ऐनको दफा १५८ को उपदफा (३) बमोजिम जरिवाना गरी त्यस्तो सरुवा सहमति रद्द गरी साविक बाटो कायम गरीदिई बाटो इजाजतपत्र दिनु पर्नेछ तर अन्य प्रदेशका कार्यालयबाट सरुवा सहमति ल्याई यस प्रदेश अन्तर्गतका कार्यालयमा दर्ता हुन नसकी सरुवा सहमति फिर्ता गरी रद्द गर्दा लाग्ने जरिवाना वा अन्य व्यवस्थाको सम्बन्धमा सम्बन्धित प्रदेशको कानूनले तोके बमोजिम हुनेछ।

(१०) बाटो इजाजतपत्र लिनको लागि सवारी धनी वा व्यवस्थापक उपस्थित हुन नसक्ने भएमा रीतपूर्वकको अख्तियारीनामा पेश गर्नु पर्नेछ साथै अख्तियारीनामा दिने व्यक्ति र अख्तियारीनामा प्राप्त गर्ने व्यक्तिको नागरिकताको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

(११) कुनै पनि सार्वजनिक सवारीलाई यातायात सेवा पुर्‍याई रहेको मुलबाटोको दाँया वाँया पर्ने प्रदेश भित्रको सडकलाई छुने गरी मात्र बहुबाटो इजाजतपत्र दिनु पर्नेछ।

(१२) विद्यालय वा उच्च शिक्षा अध्ययन अध्यापन गराइने विद्यालय वा क्याम्पसका विधार्थी, कुनै सरकारी निकाय र संस्थानका कर्मचारी तथा अन्य कामदारहरु ओसार पसार गर्न भाडामा सञ्चालन गरिने सार्वजनिक सवारी साधनलाई निश्चित क्षेत्र तोकि विद्यार्थी , कर्मचारी तथा अन्य कामदारहरुमात्र ओसार पसार गर्ने गरी बहुबाटो इजाजतपत्र दिन सकिनेछ तर त्यस्तो सवारीले विधार्थी, कर्मचारी तथा अन्य कामदार ओसार पसार गर्ने गरी गरिएको सम्झौताको अगावै पहिले बाटो इजाजतपत्र लिएको भए त्यस्तो बाटो इजाजतपत्र स्थगित गर्नु पर्नेछ र त्यस्तो सम्झौताको अवधि समाप्त भएपछि स्थगित गरिएको बाटो इजाजतपत्र जारी गर्न अनुसूची-२४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ र यसरी निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी साविक बमोजिम बाटो इजाजतपत्र जारी गर्नु पर्नेछ।

(१३) पाँच सिट देखि चौध सिटसम्मका यात्रुवाहक सवारीलाई शुरू विन्दु र गन्तव्य विन्दु तोकी २५० कि.मि. दुरी भित्र वा कुनै एक आपसमा जोडिएको बढीमा तीन जिल्लाका लागि बाटो इजाजत दिनु पर्नेछ तर पहाडी र हिमाली भौगोलिक क्षेत्र भएका जिल्लामा म्याजिक भ्यान जस्ता प्रकृतिका सवारी साधनका लागी बाटो इजाजतपत्र जारी गरिने छैन।

(१४) मिटर जडित ट्याक्सी जस्ता प्रकृतीका यात्रुवाहक सवारीहरूलाई एक आपसमा जोडिएका बढिमा तीन जिल्लाका लागि मात्र बाटो इजाजत दिनु पर्नेछ।

(१५) उत्पादन वर्षले दश वर्ष अवधि पूरा नभएका पर्यटक सवारीलाई प्रदेश भरका लागी बाटो इजाजतपत्र दिन सकिनेछ र त्यस्ता पर्यटक सवारीले निश्चित दूरी तोकी बाटो इजाजतपत्र माग गरेको खण्डमा अनुसूची-१ मा तोकिएको दस्तुर तिरी बाटो इजाजतपत्र दिनु पर्नेछ तर उत्पादन मितिले दश वर्ष अवधि नाघेको पर्यटक सवारीलाई बाटो इजाजतपत्र दिइने छैन।

(१६) अटो रिक्साको हकमा जोडिएका दुई जिल्ला भित्रमा सञ्चालन हुने गरी बाटो इजाजतपत्र जारी गर्न सकिनेछ तर पहाडी र हिमाली भौगोलिक क्षेत्र भएका जिल्लामा अटो रिक्साको बाटो इजाजतपत्र सम्बन्धित स्थानीय तहको सिफारिसमा मात्र जारी गर्न सकिने छ।

(१७) कुनै पनि मालवाहक सवारीले अनुसूची-१ बमोजिमको दस्तुर बुझाई प्रदेश भरी बाटो ईजाजतपत्र लिन सक्नेछ र त्यस्ता सवारीले निश्चित दूरी तोकी बाटो इजाजतपत्र माग गरेको खण्डमा अनुसूची-१ मा तोकिएको दस्तुर लिई बाटो इजाजतपत्र दिनु पर्नेछ।

(१८) रात्री सेवामा सञ्चालन हुने यात्रु बाहक सवारीलाई सवारी परीक्षण गर्ने कार्यालयबाट प्राप्त सहमतीको आधारमा सुरुमा उत्पादन मितिले पाँच वर्षसम्म तथा सवारीको यान्त्रिक तथा प्राविधिक स्थितिको प्रत्येक वर्ष परीक्षण गरी रात्री सेवा सञ्चालन गर्न योग्य देखिएमा मात्र थप ३ वर्षसम्म सञ्चालन गर्ने गरी बाटो इजाजतपत्र दिनु पर्नेछ।

(१९) स्थायी रुपमा बाटो तथा भाडादर कायम नभएको नयाँ बाटोहरुमा बाटो इजाजतपत्र दिनु परेमा स्थानीय यातायात व्यवस्थापन समितिबाट अस्थायी बाटो तथा भाडादर कायम भएको प्रमाणको आधारमा अस्थायी अवधि किटान गरी सम्बन्धित यातायात व्यवस्था कार्यालयले अस्थायी बाटो इजाजतपत्र दिनु पर्नेछ।

(२०) बाटो इजाजतपत्र जारी गर्दा बाटो इजाजतपत्रमा बाटोको सुरु र अन्त्य हुने स्थानको नाममात्र उल्लेख नगरी सवारी चल्ने बाटोको बीचमा पर्ने अन्य मुख्य स्थानहरुको नाम पनि अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ।

(२१) राष्ट्रिय तथा अन्तर प्रदेशमा सञ्चालन हुने सार्वजनिक यातायात सेवाको बाटो इजाजतपत्र संघीय कानूनले ब्यवस्था गरे बमोजिम हुनेछ।

(२२) सार्वजनिक सवारीका रुपमा शुरु दर्ता कायम भएको मितिदेखि सवारीले बाटो इजाजत अनुमति पत्र नै नलिई सवारी सञ्चालन गरेमा त्यस्तो सवारी साधनको दर्ता मितिदेखि हालसम्मको नियमानुसारको बाटो इजाजत अनुमति पत्रको शुल्क र जरिवाना लिई बाटो अनुमति पत्र दिनुपर्नेछ र त्यस्तो शुल्क लिँदा हाल सो सवारी जुन बाटोमा सञ्चालन भएको छ सोही बाटाको लागि तोकिएको दरको आधारमा शुल्क लिनु पर्नेछ।

(२३) उपनियम (१) बमोजिमको बाटो इजाजतपत्र लिनका लागि दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्वन्धमा आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिमको बाटो इजाजतपत्र दिन आवश्यक देखेमा ऐन तथा यस नियमावलीको अधीनमा रही कार्यालयले तत्काल बाटो इजाजतपत्र दिनु पर्नेछ।

३५. **बाटो परिवर्तन**: (१) ऐनको दफा ७७ बमोजिम दिइएको बाटो इजाजतपत्रमा उल्लिखित बाटो बाहेक अन्य बाटो प्रयोग गर्न चाहेमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले ऐनको दफा ७७ बमोजिम अन्य बाटो प्रयोग गर्नको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-२५ बमोजिमको ढाँचामा त्यस्तो बाटो इजाजतपत्र दिने कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(२) बाटो इजाजतपत्र लिएको सवारीले छ महिना अवधि पुरा नभई सोही सवारीको पुनः बाटो परिवर्तन गर्नु परेमा लिन चाहेको बाटो इजाजतपत्रको लागि अनुसूची-१ बमोजिमको दस्तुर लिई बाटो परिर्वतनको लागि बाटो इजाजतपत्र दिन सकिनेछ।

(३) बाटो परिवर्तन गरिने सवारीको साविकको बाटो इजाजतपत्र, सवारी दर्ता प्रमाणपत्र, जाँचपास प्रमाणपत्र अद्यावधिक रुपमा नवीकरण भएको हुनु पर्नेछ।

(४) रात्री सेवा बसको हकमा सवारी परीक्षण कार्यालयबाट बाटो परिवर्तन गर्न स्वीकृति लिएको पत्र उपनियम (१) बमोजिमको दरखास्तमा संलग्न गरेको हुनु पर्नेछ।

(५)बाटो इजाजतपत्रको लागि नवीकरण गर्न पाउने सहुलियतको अवधि वा इजाजतपत्रमा बहाल म्याद भुक्तानी भएको मितिले पन्ध्र दिन भित्र साविक बाटो कट्टा गरी बाटो परिवर्तन गर्न चाहेमा सो अवधिमा साविकको बाटोको नवीकरण दस्तुर लाग्ने छैन तर म्याद नाघी आएमा नियम ३९ को उपनियम (५) र (६) बमोजिमको दस्तुर र जरिवाना लिई बाटो परिवर्तन वापतको दस्तुर समेत लिई बाटो इजाजतपत्र दिनु पर्नेछ।

(६) निश्चित अवधिका लागि बाटो इजाजतपत्र लिई वा नवीकरण गराई सकेपछि बाटो परिवर्तन वा थप इजाजतका लागि निवेदन पर्न आएमा साविक बाटोका लागि दस्तुर बुझाएको मितिले छ महिना अर्थात् एक सय असी दिनसम्मको अवधि नै कायम रहने गरी मात्र थप गरिएको बाटोको इजाजतपत्रको अवधि कायम गरिनेछ र थप गरिएको बाटोको भने यो नियमावली बमोजिम लाग्ने बाटो इजाजत दस्तुर लिनु पर्नेछ।

(७) उपनियम (१) बमोजिमको बाटो परिवर्तनको लागि दरखास्त परेमा कार्यालयले आवश्यक जाँच बुझ गरी ऐन र यस नियमावलीको अधीनमा रही बाटो परिवर्तनको इजाजतपत्र दिनु पर्नेछ।

३६. **पटके बाटो इजाजतपत्र**: (१) ऐनको दफा ७८ बमोजिम पटके बाटो इजाजतपत्र लिन चाहने सवारी धनी वा व्यवस्थापकले अनुसूची-१ बमोजिमको दस्तुर सहित सम्बन्धित कार्यलयमा अनुसूची-२६ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) अधिकार प्राप्त अधिकारीले ऐन तथा यस नियमावलीको अधीनमा रही पटके बाटो इजाजतपत्र दिन सक्ने सम्पूर्ण तथा केही अधिकार सम्बन्धित प्रदेश भित्र रहेको ट्राफिक प्रहरी कार्यालय वा अन्य सरकारी कार्यालयले प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ र त्यस्तो प्रत्यायोजित अधिकार प्राप्त कार्यालयले सङ्कलन गरेको दस्तुर प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(३) पटके बाटो ईजाजत पत्र लिई यात्रा गर्ने सवारीले जुन उद्देश्यको लागि पटके बाटो ईजाजत पत्र लिएको हो सो उद्देश्य बाहेक अन्य प्रयोजनको लागि त्यस्तो सवारी प्रयोग गर्न पाइने छैन।

(४) पटके बाटो इजाजतपत्र दिँदा साविक बाटो इजाजतपत्र, जाँचपास र सवारी दर्ता प्रमाणपत्र नवीकरण भएको हुनु पर्नेछ र कुनै निकायबाट कारवाहीमा परेको हुनु हुँदैन।

(५) उपनियम (१) बमोजिम दरखास्त परेमा कार्यालयले जाँचबुझ गरी अनुसूची-२७ बमोजिमको ढाँचामा पटके बाटो इजाजत तत्काल दिनु पर्नेछ।

३७. <u>**यात्रुवाहक सवारीको आकार र स्तर तोक्न सक्ने**</u>: ऐनको दफा ७२ बमोजिम निर्धारण गरेको बाटोमध्ये बाटो इजाजतपत्रको लागि यात्रुवाहक सवारीको आकार र स्तर मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ।

३८. <u>**मध्यम र लामो बाटोमा यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारीको स्तर**</u>: ऐनको दफा ७९ को उप दफा (२) बमोजिम मध्यम र लामो बाटोमा यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारीको स्तर प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ।

३९. <u>**बाटो इजाजतपत्रको नवीकरण**</u>: (१) ऐनको दफा ८१ बमोजिम बाटो इजाजतपत्र नवीकरणको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित त्यस्तो बाटो इजाजतपत्र दिने कार्यालयमा अनुसूची-२८ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) बाटो इजाजतपत्रको नवीकरणको लागि दरखास्त दिँदा सवारी दर्ता प्रमाणपत्र र सवारी जाँचपास अद्यावधिक भएको प्रमाण समेत संलग्न गर्नु पर्नेछ।

(३) एक पटकमा छ महिनाका लागि बाटो इजाजतपत्र नवीकरण गर्नुपर्ने भएतापनि त्यस्तो अवधिसम्मको बिमा वा जाँचपास अवधिले नभ्याउने भएमा जती अवधिसम्म बिमा वा जाँचपासको अवधि कायम रहन्छ त्यति अवधिसम्मको लागि मात्र कायम रहने व्यहोरा उल्लेख गरी नवीकरण प्रमाणित गर्नु पर्नेछ र यसका लागि छ महिनाकै दस्तुरलिई सो अवधिभित्र बिमा वा जाँचपासको नवीकरण अद्यावधिक गराएमा पुनः सोही दस्तुरका आधारमा बाँकी अवधि थपगरी नवीकरण गर्नु पर्नेछ।

(४) प्रदूषण परीक्षण गरेर मात्र बाटोमा सवारी सञ्चालन गर्न पाइने गरी तोकिएको क्षेत्रको बाटोको हकमा सञ्चालन हुने सवारीको प्रदूषण परीक्षण गराएको प्रमाणपत्र पेश गरेपछि मात्र बाटो इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।

(५) बाटो इजाजतपत्रको अवधि समाप्त भएको मितिले पन्ध्र दिनसम्म नवीकरण गर्न आएमा नवीकरण दस्तुर लिई बाटो इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ र त्यसपछि तीस दिन सम्म अर्थात शुरू मितिदेखी पैंतालीस दिनसम्म नविकरण गर्न आएमा ऐनको दफा ८१ को उपदफा (४) बमोजिमको दस्तुरको अतिरिक्त थप दस्तुर लिई नवीकरण गर्नु पर्नेछ।

(६) ऐनको दफा ८२ बमोजिम बाटो इजाजतपत्र स्वतः रद्द भइ ऐनको दफा ८३ बमोजिम पुनः बाटो इजाजतपत्र दिनु परेमा बाटो इजाजतपत्रको म्याद समाप्त भएको पहिलो छ महिनासम्मका लागि उपनियम (५) बमोजिमको दस्तुरको अतिरिक्त बाटो इजाजतपत्र बापत लाग्ने दस्तुर र जरिवाना समेत लिई बाटो इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम पनि नवीकरण नगरेमा त्यसपछी प्रत्येक छ महिनाका लागि शत प्रतिशत थप दस्तुर लिई बाटो इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

(८) बाटो इजाजतपत्र नवीकरण गर्न आउँदा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले आफ्नो सवारी जुन कम्पनी, सङ्घ/संस्था वा फर्म मार्फत् यातायात सेवामा पञ्जीकृत भएको हो त्यस्तो कम्पनी, सङ्घ/संस्था वा फर्मको सिफारिस पत्र समेत अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

(९) राष्ट्रिय तथा अन्तर प्रदेशमा सञ्चालन हुने सार्वजनिक यातायात सेवाको बाटो इजाजतपत्र संघीय कानूनले व्यवस्था गरेबमोजिम नवीकरण गरिनेछ।

(१०) उपनियम (१) बमोजिम पर्न आएका दरखास्तको सम्बन्धमा कार्यालयले उपयुक्त देखेमा बाटो इजाजतपत्र ऐन तथा यस नियमावलीको अधीनमा रही बाटो इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।

४०. <u>**बाटो इजाजतपत्र स्थगित**</u>: (१) ऐनको दफा ७५,७७,८० र ८३ बमोजिम दिइएको बाटो इजाजतपत्रमा उल्लिखित अवधि समाप्त हुनु अगावै बाटो इजाजतपत्र प्राप्त सवारीको धनी वा व्यवस्थापकले सवारी चल्न नसक्ने कारण देखाई बाटो इजाजतपत्र स्थगित गर्नको लागि ऐनको दफा ८४ बमोजिम त्यस्तो बाटो इजाजतपत्र दिने कार्यालयमा अनुसूची-२९ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ र त्यस्तो दरखास्तमा देहाय बमोजिम प्रमाण संलग्न गर्नु पर्नेछः

(क) चालु आर्थिक वर्ष सम्मको सवारी कर, सवारी आयकर चुक्ता गरेको प्रमाणपत्र,

(ख) बाटो ईजाजत पत्र स्थगित गर्दा बाटो ईजाजत पत्र र जाँचपासको सक्कलै प्रमाणपत्र,

(ग) बाटो स्थगित गर्न दिइएको मितिसम्मका लागि बाटो इजाजतपत्रको दस्तुर बुझाई सकेको प्रमाण।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) बाटो इजाजतपत्र नवीकरण गर्न दिइएको सहुलियत म्याद भित्र स्थगन गर्न आएमा मात्र बाटो इजाजतपत्र स्थगन गरिदिनु पर्छ।

(३) छ महिना भन्दा बढी अवधिका लागि सवारी चल्न नसक्ने भएको अवस्थामा मात्र बाटो इजाजतपत्र स्थगन गर्न सकिनेछ।

(४) स्थगित भएको सवारीको बाटो इजाजतपत्र फुकुवा गर्दा सवारीको प्राविधिक निरीक्षण तथा परीक्षण गरेर मात्र बाटो इजाजतपत्र फुकुवा गरिदिनु पर्नेछ।

(५) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी ऐनको दफा ८४ बमोजिम बाटो इजाजतपत्र स्थगित गर्नु पर्नेछ।

४१. **<u>बाटो इजाजतपत्रको निलम्बनः</u>** देहाय बमोजिमको कार्य गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको बाटो इजाजतपत्र बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्नेछः

(क) ऐनको दफा १०० विपरीत हुनेगरी यात्रुवाहक सार्वजनिक सवारी चलाएमावा

(ख) यात्रुबाहक सवारीले मालसमान बोकेमा र मालबाहक सवारीले यात्रु बोकेमा वा

(ग) यात्रुबाहक सार्वजनिक सवारीले ऐनको दफा १०२ विपरीत यातायात सेवा सञ्चालन गरेमा वा

(घ) सार्वजनिक सवारीले ऐनको दफा ७३ बमोजिम बाटो इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गरेमा।

४२. **<u>बाटो इजाजतपत्रको रद्दः</u>** (१) ऐनको दफा ८५ बमोजिम बाटो इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिएमा वा नासिएमा वा हराई सँधैको लागि नभेटिने अवस्था भएमा त्यस्तो सवारी धनीले कारण देखाई बाटो इजाजतपत्र रद्द गरी लगतकट्टा गर्न चाहेमा कार्यालयमा अनुसूची-३० बमोजिम दरखास्त दिनु पर्नेछ।

(२) सवारीको बाटो इजाजतपत्रको रद्दका लागि दरखास्त दिँदा त्यस्तो सवारीको चालु आर्थिक वर्ष सम्मको सवारी कर, सवारी आयकर चुक्ता गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ।

(३) सवारीको बाटो इजाजतपत्रको रद्द गरी लगत कट्टा गर्न दरखास्त दिँदा सवारीको बाटो इजाजतपत्र र जाँचपासको सक्कल प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम दरखास्त दिँदा रद्द गरी लगतकट्टा गर्न आएको मिति सम्मको बाटो इजाजतपत्र लगायत तिर्नुपर्ने अन्य दस्तुर चुक्ता गरेको हुनु पर्नेछ।

(५) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्वन्धमा ऐन तथा यस नियमावली बमोजिम सवारीधनी वा व्यवस्थापकले कार्यालयबाट माग भए बमोजिमका कागजातहरू पेश गरे पछि आवश्यक जाँचबुझ गरी लगतकट्टा गरी दर्ता किताबमा स्पष्ट व्यहोरा उल्लेख गर्नु पर्नेछ।

४३. **<u>बाटो इजाजतपत्रको नामसारीः</u>** ऐन तथा यस नियमावली बमोजिम बाटो इजाजतपत्र प्राप्त गरेको कुनै सवारी धनीले कुनै किसिमले अन्य व्यक्तिलाई बाटो इजाजतपत्र सहित सवारी हक हस्तान्तरण हुने गरी नामसारी गराउन चाहेमा त्यस्तो सवारीको बाटो इजाजतपत्र समेत स्वतः नामसारी हुनेछ।

४४. **<u>बाटो इजाजतपत्र दर्ता किताबः</u>** ऐन तथा यस नियमावली बामोजिममा दिइएको बाटो इजाजतपत्र बाटो परिर्वतन गरिएको इजाजतपत्र, पटके बाटो इजाजतपत्र, बाटो इजाजत नवीकरण, बाटो इजाजतपत्र स्थगित तथा बाटो इजाजतपत्र नामसारीको लगत अनुसूची-३१ बमोजिमको ढाँचामा बाटो इजाजत दर्ता किताबमा अद्यावधिक रुपमा राख्नु पर्नेछ।

४५. **<u>बाटो इजाजतपत्रको प्रतिलिपि दिनेः</u>** (१) ऐनको दफा ८६ बमोजिमको कारण परी बाटो इजाजतपत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले अनुसूची-१ बमोजिमको दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-३२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ त्यसरी दरखास्त दिँदा हराएको वा नासिएको हकमा भने ट्राफिक प्रहरी कार्यालयको सिफारिस संलग्न गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले ऐनको दफा ८६ बमोजिम आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई बाटो इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ।

४६. **<u>जाँचपास प्रमाणपत्रको लागि दरखास्तः</u>** (१) ऐनको दफा ८९ बमोजिम सवारीको जाँचपास प्रमाणपत्र लिन चाहने व्यवस्थापक वा सवारी धनीले सवारी सञ्चालन गर्नु अगावै ऐनको दफा ८८ बमोजिम जाँचपासको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-३३ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (८) बमोजिम दिइएको जाँचपास प्रमाणपत्रको म्याद बहाल रहेकै अवस्थामा कुनै सवारी अधिकार प्राप्त अधिकारी, यातायात निरीक्षक वा सम्बन्धित ट्राफिक प्रहरीले जाँच गर्दा ठीक अवस्थामा रहेको नदेखिएमा उक्त सवारीको आवश्यक मर्मत सम्भारको लागि पन्ध्र दिनको म्याद दिनु पर्नेछ र त्यस्तो म्याद भित्र सवारीको मर्मत सम्भार गर्न नभ्याएमा पन्ध्र दिनको थप म्याद दिन सकिनेछ र सो म्याद भित्र मर्मत सम्भार गराउनु सम्बन्धित सवारीको धनी र व्यवस्थापकको कर्तब्य हुनेछ।

(३) उपनियम (२) बमोजिम दिइएको म्याद भित्र आवश्यक मर्मत सम्भार नगरी त्यस्तो सवारी चलाउन पाइने छैन।

(४) ऐनको दफा ९० को उपदफा (४) बमोजिम कुनै सवारी अनुसन्धानको दायरामा रहेको भए त्यस्तो सवारीको अनुसन्धान समाप्त भई सवारी धनी वा व्यवस्थापकले सवारी बुझि लिएको मितिले यस नियमावली बमोजिम मर्मत गर्नु पर्ने भए मर्मत गराई मर्मत गराएको सात दिन भित्र जाँचपास गराउनु पर्नेछ।

(५) कम्पनी वा डिलरका नामबाट नामसारी गरी सार्वजनिक सवारी सञ्चालन गर्न चाहने व्यक्ति वा सङ्घ/सस्थाले आफ्नो नाममा सवारी नामसारी भएको मितिले सात दिन भित्र जाँचपासको प्रमाणपत्र लिई सक्नु पर्नेछ।

(६) सवारीको जाँचपास गर्दा प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड र प्रक्रिया अवलम्वन गर्नु पर्नेछ।

(७) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा कार्यालयले सम्बन्धित प्राविधिक मार्फत् अनुसूची-३४ बमोजिमको ढाँचाको जाँचपास विवरण फारम बमोजिम सम्बन्धित सवारीको आवश्यक जाँचबुझ गर्न लगाई जाँचपास विवरण फारम बमोजिमको व्यहोरा ठिक देखिन आएमा ऐन तथा यस नियमावलीको अनुसूची-३५ बमोजिमको ढाँचामा जाँचपास प्रमाणपत्र दिनु पर्नेछ।

४७. **<u>पुनः जाँचपास गर्नु पर्नेः</u>** (१) ऐनको दफा ८९ बमोजिम दिइएको जाँचपास प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त भएपछि पुनः जाँचपासको लागि सवारी धनी वा व्यवस्थापकले ऐनको दफा ९० बमोजिम त्यस्तो जाँचपास प्रमाणपत्र दिने कार्यालयमा अनुसूची-३६ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) ऐनको दफा ९० को उपदफा (३) बमोजिम जाँचपासको म्याद समाप्त भएको छ महिना भित्र पनि पुनः जाँचपास गराउन नआउने सवारीले जुनसुकै समयमा पुनः जाँचपास गराउन आएमा जाँचपास गराउँदा ऐनको दफा ९० को उपदफा (२) बमोजिम लाग्ने दस्तुर र ऐनको दफा ९० को उपदफा (३) बमोजिम पाँच हजार रुपैयाँसम्म जरिवाना लिई कार्यालयले सवारीको जाँच गरी पुनः जाँचपास गरिदिनु पर्नेछ।

४८. **<u>जाँचपास प्रमाणपत्र स्थगितः</u>** (१) ऐनको दफा ८९ र ९० बमोजिम दिइएको जाँचपास प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनु अगावै सम्बन्धित सवारीको धनी वा व्यवस्थापकले सवारी चल्न नसक्ने कारण देखाई जाँचपास प्रमाणपत्र स्थगित गर्नको लागि सम्बन्धित कार्यालयमा अनुसूची-३७ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँचपास प्रमाणपत्र स्थगित गर्नको लागि दरखास्त पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी जाँचपास प्रमाणपत्र स्थगित गर्न उपयुक्त देखेमा स्थगित गरिदिनु पर्नेछ।

४९. **<u>जाँचपास प्रमाणपत्रको प्रतिलिपिः</u>** (१) कुनै सार्वजनिक सवारीको सक्कल जाँचपास प्रमाणपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कारणबाट नासिएमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले जाँचपास प्रमाणपत्रको प्रतिलिपिको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-३८ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ तर त्यस्तो जाँचपास प्रमाणपत्र हराएको हकमा सम्बन्धित ट्राफिक कार्यालयको सिफारिस अनिवार्य संलग्न गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम जाँचपास प्रमाणपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा जाँचपास प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

५०. **<u>प्रदूषण परीक्षणः</u>** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रमा सञ्चालन हुने सवारीमध्ये सार्वजनिक सवारी र लिलामबाट दर्ता भएका सवारीको प्रत्येक छ/छ महिनामा र निजी तथा अन्य सवारीको प्रत्येक वर्ष तथा दुई पाङ्ग्रे सवारीको नामसारी गर्दाका बखत अनिर्वाय रुपमा नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ वा जारी भएको प्रचलित कानून वमोजिमको मापदण्ड अन्तर्गत रहे वा नरहेको सम्बन्धमा जानकारी लिनअनुसूची-१ बमोजिमको दस्तुर तिरी प्रदूषण जाँच गराउनु पर्नेछ तर विद्युत बाट चल्ने सवारी र ई-रिक्शाको हकमा प्रदूषण परीक्षण गर्नुपर्ने छैन।

(२) यो नियमावली लागू भएपछि सवारीको प्रदूषण परीक्षण नगरी सवारी चलाउन पाइने छैन।

(३) सवारीको प्रदूषण जाँचको नतिजा अनुसार पास भएका सवारीलाई हरियो स्टिकर तथा पास नभएका सवारीलाई बढीमा पन्ध्र दिनको अवधि तोकी मर्मत गर्न पठाउनु पर्नेछ।

(४) प्रदूषण जाँचमा फेल भएका सवारी साधन आवश्यक मर्मत सुधारका लागि ग्यारेजमा लैजाने कार्य बाहेक अन्य कुनैपनि सार्वजनिक स्थलमा सञ्चालन गर्न पाइने छैन।

(५) निर्देशनालय वा कार्यालयबाट सडकमा गुडी रहेको सवारीको परीक्षण सम्बन्धमा आकस्मिक निरीक्षण गर्दा तोकिएको प्रदूषण मापदण्ड भित्र नरहेका र प्रदूषण जाँच नगराएका सवारीलाई ऐनको दफा १५८ को उपदफा (३) बमोजिम तुरुन्त जरिवाना गरी आवश्यक मर्मत सुधार गर्नु परेमा गर्न लगाई कार्यालयमा प्रदूषण जाँच गराउन ल्याउन आदेश दिन सक्नेछ।

(६) प्रदूषण जाँचका लागि आएमा सवारीहरुको प्रदूषण मापदण्ड भित्र रहेका र प्रदूषण मापदण्ड भित्र नरहेका सवारीहरुको छुट्टा छुट्टै रेकर्ड खडा गरी राख्नु पर्नेछ।

(७) प्रदूषण जाँच गरी कार्यालयमा राख्नु पर्ने सबै रेकर्डहरु तयार भएपछि सवारी साधनलाई प्रदुषण जाँचको हरियो स्टिकर प्रमाणित गरिदिनु पर्नेछ।

(८) प्रदूषण जाँचपास गर्ने कर्मचारीको पहिचानका लागि हरियो स्टिकरमा दस्तखत भएको हुनुपर्नेछ र प्रदूषणको रेकर्ड तथा प्रदूषण जाँच गर्ने कर्मचारीको पहिचान खुल्ने अभिलेख कार्यालयमा सुरक्षित राख्नु पर्नेछ।

५१. **जाँचपास किताब**: ऐनको दफा ८९ र ९० तथा नियम ४६, ४७ र ४८ बमोजिम जाँचपास प्रमाणपत्र दिइएको, पुनः जाँचपास गरिएको र जाँचपास स्थगित गरिएको व्यहोरा अद्यावधिक रुपमा राख्न कार्यालयले अनुसूची-३९ बमोजिमको ढाँचामा जाँचपास किताब तयार गरी राख्नु पर्नेछ।

५२. **यातायात सेवाको नाम पञ्जीकृत गर्ने**: (१) ऐनको दफा ९१ बमोजिम यातायात सेवाको नाम पञ्जीकृत गरी यातायात सेवा सञ्चालन गर्न चाहने सवारी धनी वा व्यवस्थापकले देहाय बमोजिमको कागजात तथा अनुसूची-१ बमोजिमको दस्तुर सहित निर्देशनालय समक्ष अनुसूची-४० बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(क) प्रोपाईटर, साझेदार वा सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सञ्चालन गर्न खोजेको यातायात सेवा अन्तर्गत रहेका सवारीको दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) सञ्चालन गर्न खोजेको यातायात सेवा यस अघि अन्य कुनै नामबाट सञ्चालन भएको भए त्यसको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र कर फछ्यौंट प्रमाणपत्रको निस्सा,

(घ) सञ्चालन गर्न खोजेको यातायात सेवाको प्रबन्धपत्र र नियमावली, त्यस्तो नियमावलीको उद्देश्यमा कुन उद्देश्यको लागि यातायात सेवा सञ्चालन गर्न लागेको हो सो खुलेको हुनुपर्नेछ,

(ङ) सञ्चालन गर्न खोजेको यातायात सेवा अन्तर्गत काम गर्ने चालक, परिचालकको नाम, बाबुको नाम, ठेगाना, नागरिकता नम्बर लगायत अन्य विवरण खुलेको प्रमाण,

(च) कम्पनी वा फर्म रहेको घर जग्गाको लालपुर्जा वा भाडामा लिएको भए सो भाडा सम्झौताको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(२) सेवा पञ्जीकृत गर्ने यातायात सेवा वा सञ्चालक वा शेयर धनी, कम्पनी वा फर्मको नाममा कम्तीमा एउटा सवारी अनिवार्य हुनु पर्नेछ।

(३) कुनै सवारीधनी वा व्यवस्थापकले रितपूर्वकको करार सम्झौता आधिकारिक निकायबाट प्रमाणित गरी पेश गरेमा करारनामामा उल्लेखित सवारी करार अवधिभर पञ्जीकरण गरिनेछ र यसरी करारनामाबाट पञ्जीकृत भएका सार्वजनिक सवारी अनिवार्य रूपमा पञ्जीकृत भएकै संस्थाबाट सञ्चालित हुनु पर्नेछ।

(४) पञ्जीकृत हुन चाहने यातायात कम्पनीले मालबाहक वा यात्रुवाहकमध्ये कुन सेवा कति वटा सवारी मार्फत् यातायात सेवा सञ्चालन गर्ने हो सो कुरा दरखास्तमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(५) बिक्रेता कम्पनी वा डिलरबाट सवारी धनी वा व्यवस्थापकले आफ्नो नाममा सवारी दर्ता तथा नामसारी भएको मितिले तीस दिनभित्र त्यस्तो सवारी यातायात सेवाको नाम पञ्जीकृत गरी सक्नु पर्नेछ र सो म्याद नाघी पञ्जीकृत गर्न आएमा ऐनको दफा १५८ को उपदफा (३) बमोजिम जरिवाना गरी पञ्जीकृत गर्नु पर्नेछ।

(६) यातायात सेवा पञ्जीकृत गर्दाको सङ्ख्यामा थप गरी सवारी सञ्चालन गर्नुपर्ने भएमा अनुसूची-१ मा तोकिए बमोजिमको दस्तुर लिई सो थप गर्न शेयर प्रमाणपत्र सहित निवेदन माग गरी पञ्जीकृत प्रमाणपत्रमा सो सवारी यातायात सेवाको नाममा पञ्जीकृत गरिदिनु पर्नेछ।

(७) सरकारी तथा अर्ध सरकारी निकायले सार्वजनिक सेवा सञ्चालन गरेमा त्यस्तो सेवा सञ्चालन गर्ने निकायले यातायात सेवाको पञ्जीकरण गर्नु पर्नेछ।

(८) कुनै कम्पनी, प्रा.लि. वा फर्ममा आवद्ध भई यातायात सेवामा पञ्जीकृत भएको सवारी त्यस्तो कम्पनी, प्रा.लि. वा फर्मसँगको आवद्धता परित्याग नगरेसम्म पुनः अर्को यातायात सेवाको नाममा पञ्जीकृत हुन पाइने छैन।

(९) उपनियम (८) बमोजिम उल्लिखित व्यवस्था उल्लंघन गरेको पाइएमा ऐनको दफा १५८ को उपदफा (३) बमोजिम जरिवाना गरी पहिले जुन सेवाको नाममा पञ्जीकृत भएको हो सो कायम गरी पछिल्लो पञ्जीकृत सेवाको सूचीबाट त्यस्तो सवारी हटाउनु पर्नेछ।

(१०) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा निर्देशनालयले आवश्यक जाँचबुझ गर्दा त्यस्तो यातायात सेवाको नाम पञ्जीकृत गरी यातायात सेवा सञ्चालन गर्न दिन उपयुक्त देखेमा ऐन तथा यस नियमावली बमोजिम अनुसूची-४१ बमोजिमको ढाँचामा यातायात सेवा पञ्जीकृत किताबमा जनाईयातायात सेवा सञ्चालन गर्न अनुमति पत्र दिनु पर्नेछ।

५३. **पञ्जीकृत सेवाबाट हट्न सक्ने अवस्था**:(१)यातायात सेवाको नाम पञ्जीकृत गरी यातायात सेवा सञ्चालन गरी रहेका सवारी धनी वा व्यवस्थापकले देहायको अवस्थामा पञ्जीकृत सेवाबाट स्वतः हट्न सक्नेछः

(क) उत्पादन मितिले सवारी वीस वर्ष अवधि पुरा भएमा वा

(ख) दुर्घटना परी सवारी सञ्चालनमा ल्याउन नसक्ने अवस्था भएमा वा

(ग) अन्य प्रदेशमा सरूवा सहमति लिई गएमा।

(२) पञ्जीकृत गर्ने कुनै यातायात सेवा र सवारी धनी वा व्यवस्थापकको आपसी सहमतिका आधारमा कुनै सवारी पञ्जीकृत सेवाबाट हटाई पाउँ भनी निवेदन दिएमा निर्देशनालयले त्यस्तो निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गरी पञ्जीकृत सेवाबाट हटाई सो को जानकारी निवेदकलाई दिनु पर्नेछ।

(३) पञ्जीकृत यातायात सेवा र सम्बन्धित सवारी धनी वा व्यवस्थापक वीचको करार अवधि समाप्त भएमा।

(४) पञ्जीकृत यातायात सेवामा आवद्ध हुने सवारी धनी वा ब्यवस्थापकले करार सम्झौता गरेकोमा त्यस्तो सम्झौता भएको व्यवस्था उल्लङ्घन गरेको भनी पञ्जीकृत सेवाबाट हटाई पाउँ भनी निवेदन दिएमा र सो निवेदन माथि निर्देशनालयले आवश्यक जाँचबुझ गर्दा पञ्जीकृत सेवाबाट हटाउन मनासिव देखिएमा त्यस्तो सवारीलाई पञ्जीकृत यातायात सेवाको नामबाट हटाउन सक्नेछ।

५४. **यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको नवीकरणः** (१) यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रमा उल्लेखित अवधि समाप्त भएपछि त्यस्तो अनुमति पत्र नवीकरणको लागि सवारी धनी वा व्यवस्थापकले अनुसूची-१बमोजिमको दस्तुर सहित निर्देशनालय समक्ष अनुसूची-४२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ र त्यस्तो दरखास्त साथ यसअघि दर्ता भएको वा नवीकरण भएको प्रमाणपत्र, लेखापरीक्षणको प्रतिवेदन, कर बुझाएको प्रमाण पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको नवीकरणको लागि पर्न आएको दरखास्तको सम्बन्धमा निर्देशनालयले आवश्यक जाँचबुझ गरी यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्र नवीकरण गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावली बमोजिम रही यातायात सेवा सञ्चालन गर्ने अनुमितपत्र नवीकरण गरी दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम यातायात सेवा सञ्चालन गर्न अनुमति पत्र नवीकरण गरिएको व्यहोरा अनुसूची-४१ बमोजिमको यातायात सेवा पञ्जीकृत किताबमा समेत जनाउनु पर्नेछ।

५५. **यातायात सेवा सञ्चालन अनुमति पत्र स्थगित गर्नेः** (१) यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्र प्राप्त सवारी धनी वा व्यवस्थापकले यातायात सेवा सञ्चालन गर्न नसक्ने भएमा सोको कारण सहित यातायात सेवा स्थगित गर्ने स्वीकृतिको लागि अनसूची-४३ बमोजिमको ढाँचामा निर्देशनालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१)बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा निर्देशनालयले आवश्यक जाँचबुझ गरी यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्र स्थगित गर्न उपयुक्त देखेमा अनुसूची-४४ बमोजिमको ढाँचामा यातायात सेवा सञ्चालन स्थगित राख्ने अनुमतीपत्र दिइने छ र सो को अभिलेख अनुसूची-४१ बमोजिमको ढाँचामा यातायात सेवा पञ्जीकृत किताबमा समेत जनाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम स्थगित भएको यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रमा उल्लिखित अवधि भित्र सम्बन्धित सवारी धनी वा व्यवस्थापकले स्थगित भएको यातायात सेवा पुनः सञ्चालन गर्ने अनुमतिको लागि नियम ५२को उपनियम (१) मा उल्लिखित कागजातहरु संलग्न गरी निर्देशनालयमा अनुसूची-४५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम यातायात सेवा पुनः सञ्चालन गर्नको लागि पर्न आएको दरखास्तको सम्बन्धमा निर्देशनालयले आवश्यक जाँचबुझ गरी त्यस्तो यातायात सेवा पुनः सञ्चालन गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीको अधीनमा रही अनुसूची-४१ बमोजिमको यातायात सेवा पञ्जीकृत किताबमा सोही व्यहोरा जनाई अनुसूची-४६ बमोजिमको ढाँचामा यातायात सेवा पुनः सञ्चालन अनुमति पत्र दिइनेछ।

५६. **यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको नामसारीः** यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्र प्राप्त गरेको कुनै सवारीको धनी वा व्यवस्थापकले आफ्नो सवारी अरु कसैलाई बिक्री गरी वा अन्य कुनै व्यहोराबाट नामसारी गरीदिएमा सवारीको नयाँ धनी वा व्यवस्थापकले साविकको सवारी धनी वा व्यवस्थापकले प्रयोग गरी आएको यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्र आफ्नो नाममा नामसारी गर्नको लागि नियम ५२ को उपनियम (१) बमोजिमको कागजात संलग्न गरी अनुसूची-४७ बमोजिमको ढाँचामा निर्देशनालय समक्ष दरखास्त दिएमा निर्देशनालयले त्यस्तो अनुमति पत्रको नामसारी गरिदिनु पर्नेछ।

५७. **यात्री टिकट बिक्री गर्ने व्यक्तिले लगाउने परिचय पत्रः** सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको यात्री टिकट बिक्री गर्ने व्यक्तिले लगाउने परिचय पत्रको ढाँचा अनुसूची-४८ बमोजिम हुनेछ।

५८. **यात्री टिकटको ढाँचाः** सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको यात्री टिकटको ढाँचा अनुसूची-४९ बमोजिम हुनेछ।

५९. **मालसमान ढुवानीको बिलः** पञ्जीकृत यातायात सेवा सञ्चालनको अनुमति प्राप्त मालबाहक सवारीको कर्मचारीले मालबस्तु ओसार पसार गरे बापत सम्बन्धित मालधनीबाट भाडा बुझिलिई अनुसूची-५० बमोजिमको ढाँचामा बिल दिनु पर्नेछ तर प्रचलित कानून बमोजिम विल लिनु नपर्ने सामानको हकमा भने कुनै विल चाहिनेछैन।

६०. **यात्री सूचि**: (१) लामो र मध्यम दूरीमा सञ्चालन गरिने पञ्जीकृत यातायात सेवाको व्यवस्थापक वा सवारी धनीले ऐनको दफा ९८ बमोजिम तयार गर्नु पर्ने सूचिको ढाँचा अनुसूची-५१ बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको ढाँचामा तयार गरिने यात्री सूचिमा सवारी प्रस्थान गर्दा सवारीमा रहेका यात्रीको अतिरिक्त बीचमा सवारीमा चढ्ने नयाँ यात्रीको नाम समेत समावेश गरी त्यस्तो यात्री सूचिको प्रति बीच बाटोमा रहेका सबभन्दा नजिकको प्रहरी चेक पोष्टलाई समेत दिनु पर्नेछ।

६१. **स्थानीय यातायात व्यवस्थापन समिति**: (१) प्रदेश भित्र चल्ने सवारीहरुलाई व्यवस्थित रूपमा सञ्चालन गर्न ऐनको दफा १५१ को उपदफा (२) बमोजिम प्रत्येक जिल्ला भित्र देहाय बमोजिमको स्थानीय यातायात व्यवस्थापन समिति गठन हुनेछः

(१) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत -अध्यक्ष
(२) जिल्ला प्रहरी प्रमुख वा निजले तोकेको अधिकृत - सदस्य
(३) जिल्ला ट्राफिक प्रहरी प्रमुख वा निजले तोकेको अधिकृत - सदस्य
(४) सम्बन्धित जिल्ला हेर्ने पूर्वाधार विकास कार्यालयको इन्जिनियर - सदस्य
(५) निर्देशनालयले तोकेको यातायात व्यवसायी मध्येबाट १ जना प्रतिनिधि - सदस्य
(६) निर्देशनालयले तोकेको मजदुर सङ्घ/संगठन मध्येबाट १ जना प्रतिनिधि - सदस्य
(७) सम्बन्धित क्षेत्र हेर्ने यातायात व्यवस्था कार्यालयको कार्यालय प्रमुख - सदस्य सचिव

(२) उपनियम (१) मा गठित यातायात व्यवस्था समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेश यातायात व्यवस्थापन समिति र स्थानीय यातायात व्यवस्थापन समिति बीचमा सम्पर्क र समन्वयको रुपमा काम गर्ने,
(ख) आफ्नो क्षेत्रभित्र चल्ने यातायात सेवा निर्वाध रुपमा सञ्चालन गर्न सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्ने काममा संलग्न गराउने,
(ग) अस्थायी बाटो कायम गर्नुपर्ने भएमा सार्वजनिक सवारीको भाडा निर्धारण गर्न अस्थायी बाटो र सार्वजनिक सवारीको भाडा प्रदेश यातायात व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने,
(घ) आफ्नो क्षेत्रभित्र सार्वजनिक सवारीहरुले बाटोको इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको समय समयमा निरीक्षण गर्ने,
(ङ) आफ्नो क्षेत्र भित्र चल्ने सार्वजनिक सवारीहरुले जाँचपास गरे नगरेको निरीक्षण गर्ने,
(च) सार्वजनिक सवारीहरुले आफ्नो क्षेत्रमा नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने,
(छ) आफ्नो क्षेत्रभित्र यातायात सेवा सुव्यवस्थित रुपमा सञ्चालन गर्न अन्य आवश्यक काम कारवाही गर्ने।

(३) उपनियम (३) बमोजिम गठित समितिले अनुगमन र निरीक्षण सम्बन्धी अन्य व्यवस्था आफै गर्नेछ। यसरी गरिएको अनुगमन निरिक्षणको प्रतिवेदन नियमित रुपमा यातायात व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-६

## बिमा सम्बन्धी व्यवस्था

६२. **यातायात सेवामा काम गर्ने कर्मचारीको बिमा**: (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले ऐनको दफा १४७ बमोजिम दुर्घटना बिमा गराउँदा सो यातायात सेवामा संलग्न सवारी चालक, परिचालक, चेकर, हेल्पर, सुरक्षाकर्मी वा अन्य कर्मचारीको सवारी दुर्घटनाको कारणबाट हुने मृत्यु, अङ्गभङ्ग तथा उपचार वापत यस नियममा उल्लेख भए बमोजिमको रकमको बिमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बिमा गराउँदा मृत्युको हकमा कम्तिमा पाँचलाख रुपैयाँको बिमा गराउनु पर्नेछ।

(३) यातायात सेवामा संलग्न कुनै सवारी दुर्घटना भई उपनियम(१) मा उल्लिखित कुनै व्यक्तिको मृत्यु भएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज किरिया खर्च वापत निजको हकवालालाई तत्काल पचास हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो सवारी धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बिमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बिमा गराउँदा अङ्गभङ्ग वापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछः

| | | |
|---|---|---|
| (क) | स्थायी पूर्ण अशक्तता | पाँच लाख रुपैयाँ |
| (ख) | दुवै आँखाको दृष्टी गुमेमा | पाँच लाख रुपैयाँ |
| (ग) | दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको | पाँच लाख रुपैयाँ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| | जोर्नी वा सो भन्दा माथिको भाग बेकम्मा भएमा | |
| (घ) | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नि वा सोभन्दा माथि र एउटा आँखाको दृष्टी पूर्णरुपले गुमेमा | पाँच लाख रुपैयाँ |
| (ङ) | एउटा आँखाको दृष्टी पूर्णरुपले गुमेमा | दुई लाख पचास हजार रुपैयाँ |
| (च) | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नि वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | दुई लाख पचास हजार रुपैयाँ |
| (छ) | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मानासिब बिमा रकम |

(५) उपनियम (१) बमोजिम बिमा गराउँदा घाउचोटको उपचार खर्च, बिरामी कुरुवा खर्च वा विविध खर्च बापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछः

(क) तीन लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाको दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च।

६३. <u>यात्री बिमाः</u> (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थाकले ऐनको दफा १४८ बमोजिम यात्रीको दुर्घटना बिमा गराउँदा यात्रुबाहक सवारी साधनको हकमा सो सवारी साधनको सिट सङ्ख्या अनुपातमा र मालबाहक सवारी साधनको हकमा सो सवारी साधनको ब्लु बुकमा उल्लेख भए बमोजिमको सिट सङ्ख्या बराबरको सङ्ख्यामा यात्रीको मृत्यु, अङ्गभङ्ग तथा उपचार खर्च बापत बिमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बिमा गराउँदा सवारी दुर्घटनाबाट हुने मृत्युको लागि पाँच वर्षभन्दा बढी उमेर भएका प्रत्येक यात्रीको लागि एकलाख रुपैयाँ, एक वर्ष देखी पाँच वर्षसम्मको प्रत्येक यात्रीको लागि पचास हजार रुपैयाँ र एक वर्षभन्दा कम उमेरको यात्रीको लागि पच्चीस हजार रुपैयाँको बिमा गराउनु पर्नेछ।

(३) यातायात सेवामा संलग्न कुनै सवारी साधन दुर्घटना भई यात्रीको मृत्यु भएमा त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज किरिया खर्च बापत निजको हकवालालाई तत्काल पचास हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र त्यस्तो रकम सवारी धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बिमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बिमा गराउँदा अङ्गभङ्ग बापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछः

| | | |
|---|---|---|
| (क) | स्थायी पूर्ण अशक्तता | उपनियम (२) मा मृत्यु वापत उल्लिखित बिमा रकमको शतप्रतिशत |
| (ख) | दुवै आँखाको दृष्टी गुमेमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखित बिमा रकमको शतप्रतिशत |
| (ग) | दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखित बिमा रकमको शतप्रतिशत |
| (घ) | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टी पूर्णरुपले गुमेमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखित बिमा रकमको शतप्रतिशत |
| (ङ) | एउटा आँखाको दृष्टी पूर्णरुपले गुमेमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखित बिमा रकमको शतप्रतिशत |
| (च) | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (२) मा मृत्यु वापत उल्लिखित बिमा रकमको शतप्रतिशत |
| (छ) | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| | | अनुसारको मनासिब बिमा रकम |

(५) उपनियम (१) बमोजिम बिमा गराउँदा घाउचोटको उपचार खर्च, बिरामी कुरुवा खर्च र विविध खर्च बापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछः

(क) तीन लाख रुपैयाँ सम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाँका दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सवारी साधनमा रहेको सिट सङ्ख्या भन्दा बढी सङ्ख्यामा यात्री सवार गराउने कुनै सवारी साधन दुर्घटना भई सिट बिना यात्रा गर्ने यात्रीको मृत्यु वा अङ्गभङ्ग भएमा वा त्यस्ता यात्री घाइते भएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले यस नियममा उल्लिखित बिमा रकम बराबरको रकम मृतकको हकवाला वा अङ्गभङ्ग भएको व्यक्ति वा घाइतेलाई क्षतिपूर्ति बापत दिनु पर्नेछ।

६४. **तेस्रो पक्षको बिमाः** (१) सवारी दुर्घटनाबाट हुने तेस्रो पक्षको मृत्यु, अङ्गभङ्ग, घाउचोट वा सम्पत्तिको नोक्सानी वापत क्षतिपूर्ति दिने प्रयोजनको लागि सवारी धनी वा व्यवस्थापकले मृत्यु, अङ्गभङ्ग, घाउचोटका लागि न्यूनतम पचास लाख रुपैयाँ र सम्पत्ती हानी नोक्सानीको लागि न्युनतम पचास लाख रुपैयाँ रकमको बिमा गर्नु पर्नेछ।

(२) उनपियम (१) बमोजिम बिमा गराउँदा प्रत्येक तेस्रो पक्षको मृत्युको लागि उपनियम(१)मा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ उपलब्ध हुने गरी बिमा गराउनु पर्नेछ।

(३) कुनै सवारी साधन दुर्घटना भई तेस्रो पक्षको मृत्यु भएमा त्यस्तो सवारी धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज किरिया खर्च वापत निजको हकवालालाई तत्काल पचास हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बिमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बिमा गराउँदा अङ्गभङ्ग बापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछः

| | | |
|---|---|---|
| (क) | स्थायी पूर्ण अशक्तता | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ |
| (ख) | दुवै आँखाको दृष्टी गुमेमा | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ |
| (ग) | दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ |
| (घ) | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टी पूर्णरुपले गुमेमा | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ |
| (ङ) | एउटा आँखाको दृष्टी पूर्णरुपले गुमेमा | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ |
| (च) | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही पाँच लाख रुपैयाँ |
| (छ) | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिब बिमा रकम |

(५) उपनियम (१) बमोजिम बिमा गराउँदा घाउ चोटको उपचार खर्च, बिरामी कुरुवा वा विविध खर्च बापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछ।

(क) तीन लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाको दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

६५. **बिमाको प्रमाणपत्र र बिमालेख**ः सवारीको धनी वा व्यवस्थापकले यस परिच्छेद बमोजिम गराएको बिमाको प्रमाणपत्र र बिमालेखको प्रमाणित प्रतिलिपि सम्बन्धित सवारी साधनमा अनिवार्य रुपमा राख्न लगाउनु पर्नेछ।

६६. **बिमाको प्रमाणपत्र र बिमालेखको दाखिला**ः कुनै सवारी दुर्घटना हुने बित्तिकै त्यस्तो सवारी साधनको धनी वा व्यवस्थापकले दुर्घटनास्थलमा रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष सम्बन्धित प्रहरी कार्यालय मार्फत् बिमाको प्रमाणपत्र र बिमालेख बुझाउनु पर्नेछ।

६७. **बिमा रकम उपलब्ध गराउने अधिकार र अवधि**ः नियम ६६ बमोजिमको प्रमाणपत्र र बिमालेख प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले यस परिच्छेद बमोजिमको बिमाको रकम दुघर्टनाबाट मृत्यु भएको अवस्थामा दुर्घटना भएको पैंतिस दिनभित्र मृतकको हकवालालाई र अन्य अवस्थामा नब्बे दिन भित्र सम्बन्धित व्यक्तिलाई सम्बन्धित सवारी धनी वा व्यवस्थापकको रोहवरमा बिमाबाट प्राप्त रकम उपलब्ध गराइदिनु पर्नेछ।

६८. **बिमा सम्बन्धमा सवारी धनी वा व्यवस्थापकको दायित्व**ः (१) यातायात सेवा सञ्चालन गर्ने कुनै सवारी धनी वा व्यवस्थापकले यस नियम बमोजिम बिमा गराएकोमा त्यस्तो बिमामा उल्लिखित रकमको दायित्व भन्दा बढि रकमको दायित्व निजले बहन गर्नुपर्ने छैन।

(२) कुनै सवारी दुर्घटनामा परी मानिसको मृत्यु भएमा सवारी धनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसारको काज किरिया खर्च वापत निजको हकवालालाई तत्काल पचास हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र बाँकी क्षतिपूर्ति वापतको चार लाख पचास हजार रूपैयाँको हकमा बिमाभएको सवारी भए अदालतमा पेश भई अदालतको थुनछेकको आदेश भएको मितिले पैंतीस दिन भित्र सवारी धनी वा व्यवस्थापकले बिमा दावी गरी बिमा कम्पनीबाट प्राप्त रकम अधिकार प्राप्त अधिकारीको रोहवरमा मृतकको नजिकको हकवालालाई बुझाउनु पर्नेछ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सवारी धनी वा व्यवस्थापकले यस नियममा उल्लिखित बिमा रकमभन्दा बढी बिमाङ्क रकम कायम गरी बिमा गर्न यो नियमले बाधा पुर्‍याएको मानिने छैन।

## परिच्छेद-७

## प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कसप सञ्चालन

६९. **प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन सम्बन्धी व्यवस्था**ः (१) सवारी चालक प्रशिक्षण केन्द्र, बस, ट्रकको बडी निर्माण गर्ने कारखाना वा अटोमोवाईल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यस्तो व्यवसाय सञ्चालन गर्ने अनुमति लिन ऐनको दफा १५६ र १५७ बमोजिम देहाय बमोजिमको कागजात तथा अनुसूची-१ बमोजिमको दस्तुर सहित निर्देशनालय समक्ष अनुसूची-५२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः

(क) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न चाहने प्रोपाइटर, साझेदार वा प्रथम सञ्चालकहरुको नागरिकताको प्रमाणपत्र,

(ख) सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप यस अघि अन्य कुनै नामबाट सञ्चालन भएको भए त्यसको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र कर फछ्र्यौट प्रमाणपत्र,

(ग) सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको कम्पनी ऐन बमोजिम दर्ता भएको भए प्रबन्धपत्र र नियमावली,

(घ) सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप अन्तर्गत काम गर्ने कर्मचारी, चालक तथा अन्य कामदारहरुको नाम, ठेगाना, बाबुको नाम, नागरिकता नम्बर सहितको ब्यक्तिगत विवरण,

(ङ) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप रहने स्थानको नक्सा, भवन र जग्गाको विवरण साथै घर जग्गा भाडामा लिएको भएमा घरभाडा सम्झौताको प्रमाण,

(च) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, प्रा.लि., कम्पनी वा फर्मले लिएको सम्बन्धित स्थानीय तहको सिफारिश,

(छ) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सम्बन्धित प्राविधिक प्रतिवेदन।

(२) यो नियमावली प्रारम्भ भएपछि कुनै पनि सवारी चालकको प्रयोगात्मक प्रशिक्षण स्थल राष्ट्रिय राजमार्गको किनारा देखि कम्तीमा पचास मिटरको दूरी भन्दा कममा सञ्चालन गर्न पाइने छैन।

(३) कार्यालयबाट सञ्चालन गरिने चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षा स्थललाई बाधा पर्ने गरी निजी क्षेत्रबाट प्रशिक्षण केन्द्र सञ्चालन गर्न पाइने छैन।

(४) यो नियमावली प्रारम्भ हुनुभन्दा अगावै दर्ता भई सञ्चालनमा आएका नियम ७० को उपनियम (२) बमोजिमको म्याद भएका र प्रचलित कानून बमोजिम वर्गीकरण भए नभएका वा दुबै प्रकारका प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपहरुले यो नियमावली प्रारम्भ भएको छ महिना भित्र प्रचलित कानून र संघीय कानूनले तोके बमोजिमको मापदण्ड पूरा गरी अनुसूची-१ बमोजिमको दस्तुर र नियम ७० को उपनियम (२) बमोजिमको अतिरिक्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

दस्तुर समेत बुझाई अनुमति पत्र प्राप्ति र नवीकरण गरी सक्नु पर्नेछ र सो अवधि समाप्त भएपछी एक वर्ष भित्र मापदण्ड पुरा गरी आएमा ऐनको दफा १५८ को उपदफा (२) को खण्ड (ग) बमोजिम जरिवाना गरी त्यस्ता प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप दर्ता, नवीकरण गर्न सकिनेछ।

(५) उपनियम (१) बमोजमि दरखास्त पर्न आएमा वा नर्दिेशानलयले आवश्यक जाँचबुझ गर्दा त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप प्रचलित कानून बमोजिमको मापदण्ड भित्र रहेको तथा सञ्चालन गर्न दिन उपयुक्त देखेमा ऐन तथा यस नियमावलीको अधिनमा रही अनुसूची-५३ बमोजिम दर्ता कितावमा दर्ता गरी अनुसूची-५४ बमोजिमको ढाँचामा प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्ने अनुमति पत्र दिनु पर्नेछ।

७०. <u>प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको नवीकरण:</u>(१) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले प्रत्येक वर्ष दर्ता प्रमाणपत्रमा लेखिएको म्याद नाघेको तीस दिन भित्र दर्ताको प्रमाणपत्र अनुसूची-१ बमोजिमको दस्तुर बुझाइ अनुसूची-५५ बमोजिमको ढाँचामा दरखास्त दिई नवीकरण गराइ सक्नु पर्नेछ र त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गराउँदा मूल्य अभिबृद्धि कर र स्थानीय तहमा कर तिरेको निस्सा दरखास्तको साथमा अनिवार्य संलग्न गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको म्याद नाघे पछि दर्ताको प्रमाणपत्र नवीकरण गराउन दरखास्त दिने व्यक्ति, कम्पनी, फर्म वा संस्थाबाट नवीकरण दरखास्तको अतिरिक्त त्यस्तो म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षसम्म पाँच सय प्रतिशत दस्तुर लिई त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ। उक्त अवधि समाप्त भएपछि त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको दर्ताको प्रमाणपत्र स्वतः खारेज हुनेछ।

(३) उपनियम (१) बमोजिम नवीकरणको लागि दर्ताको प्रमाणपत्र सहितको दरखास्त पेश हुन आएमा निर्देशनालयले त्यस्तो दर्ताको प्रमाणपत्र अर्को वर्षको लागि नवीकरण गर्नु पर्नेछ र नवीकरण नगराई कुनै पनि प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न पाइने छैन।

(४) उपनियम (२) बमोजिम स्वतः खारेज भएको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको अभिलेखमा जनाइ दर्ता किताववाट लगत कट्टा गर्नु पर्नेछ।

७१. <u>प्रशिक्षण केन्द्र, कारखानावा वर्कसपको नामसारीः</u> (१) कुनै कम्पनी, प्रा.लि., फर्म वा व्यक्तिको नाममा दर्ता भएको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको विक्री गरी अन्य कम्पनी, प्रा.लि., फर्म वा व्यक्तिको नाममा नामसारी गराउन चाहेमा प्रशिक्षण केन्द्र, कारखानावा वर्कसप केन्द्रको प्रोप्राइटरले नियम ६९ को उपनियम (१) बमोजिमको कागजात अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-५५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) प्रशिक्षण केन्द्र, कारखानावा वर्कसप केन्द्रको सम्बन्धित कम्पनी, प्रा.लि., फर्म वा व्यक्तिको प्रोप्राइटरको मृत्यु भइ मृतकको नामबाट निजको हकवालाको नाममा नामसारी गर्नु परेमा निजको मृत्यु दर्ताको प्रमाणपत्र, निजसँगको नाता खुल्ने नाता प्रमाणित प्रमाणपत्र, मृतकको सबै भन्दा नजिकको हकवाला हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र समेत संलग्न राखी अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-५५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(३) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपकोहक वेहक छुट्याउनु पर्ने अवस्था वा अन्य कारणबाट अदालतमा मुद्दा परी मुद्दा विचाराधिन रहेछ भने मुद्दाको किनारा नलागेसम्म त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको नामसारी गरिने छैन।

(४) उपनियम (१) वा (२) बमोजिम दरखास्त पर्न अएमा त्यस्तो दरखास्तको सम्बन्धमा निर्देशनालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप नामसारी गरिदिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप नामसारी भएको विवरण अनूसूची-५३ बमोजिमको दर्ता कितावमा अभिलेख राखी अनूसूची-५४ बमोजिमको अनुमति पत्र दिनु पर्नेछ।

७२. <u>प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको ठाउँसारीः</u> (१) कुनै कम्पनी, प्रा.लि. फर्म वा व्यक्तिको नाममा दर्ता भएको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप साविकको स्थानबाट अन्यत्र ठाँउसारी गराउन चाहेमा प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको प्रोप्राइटरले नियम ६९को उपनियम (१) बमोजिमको कागजात तथा अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-५५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए पनि कुनै प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप देहायको अवस्थामा मात्र साविकको स्थानबाट अन्यत्र ठाँउसारी गर्न सक्नेछः

(क) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालनका लागि जग्गा निश्चित अवधिसम्म भाडा वा लिजमा लिई भाडा वा लिजमा लिएको अवधिको म्यादसमाप्त भएमा वा

(ख) कुनै दैवी प्रकोप परी प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप ध्वस्त भई पुनःसोही ठाँउमा सञ्चालन गर्न सम्भव नभएको भनि स्थानीय निकायबाट किटानी साथ सिफारिस भई आएमा वा

(ग) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्दा स्थानीय वातावरणमा खलल पर्न गई सर्वसाधरणमा गम्भीर असर पर्न गएको भनि स्थानीय निकायले पुष्टि हुने आधार र कारण सहित सिफारिस गरेमा।

(३) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा निर्देशनालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप ठाँउसारी गर्न उपयुक्त देखेमा ऐन तथा यस नियमावलीको अधीनमा रही प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप निवेदकको माग बमोजिम ठाँउसारीका लागी स्वीकृत दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप ठाँउसारी भएको विवरण अनूसूची-५३ बमोजिमको दर्ता कितावमा अभिलेख राखी अनूसूची-५४ बमोजिमको अनुमति पत्र दिनु पर्नेछ।

७३. **प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको वर्गीकरण**ः (१) नियम ६९ बमोजिम दर्ता भएको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्ने फर्म, कम्पनी वा संस्थालाई पूँजी, प्रविधि, गुणस्तर, जनशक्ति तथा अन्य कुराको आधारमा संघीय कानूनले निर्धारण गरेको मापदण्ड बमोजिम निर्देशनालयले वर्गीकरण गर्नेछ।

(२) उपनियम (१) बमोजिम वर्गीकृत फर्म, कम्पनी वा संस्थाले पालना गर्नु पर्ने शर्त तथा कायम गर्नु पर्ने गुणस्तर कायम गरे नगरेको सम्बन्धमा निर्देशनालयले आवश्यकता अनुसार समय समयमा निरीक्षण गरी निर्देशन समेत दिन सक्नेछ।

(३) यो नियमावली प्रारम्भ हुनु अघि दर्ता भएको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपले प्रचलित कानून बमोजिम वर्गीकरणको लागि यातायात व्यवस्था निर्देशनालय समक्ष यो नियमावली प्रारम्भ भएको मितिले छ महिना भित्र निवेदन दिई सक्नु पर्नेछ र सो अवधि समाप्त भएपछि सेवा वर्गिकरण गर्नको लागि निवेदन दिन आएमा ऐनको दफा १५८ को उपदफा (२) को खण्ड (ग) बमोजिम जरिवाना गरी त्यस्ता प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको वर्गिकरण गर्न गरिनेछ ।

(४) उपनियम (३) बमोजिम प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको सेवा वर्गीकरणको लागि दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम ऐन तथा यस नियमावलीको अधीनमा रही निर्देशनालयले सेवा वर्गीकरणको प्रमाणपत्र दिनु पर्नेछ।

७४. **प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको प्रमाणपत्र स्वतः रद्द हुने:** (१) नियम ७० को उपनियम (२) बमोजिम निर्धारित अवधि भित्र प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न पाउने प्रमाणपत्र नवीकरण नगराएमा त्यस्तो प्रमाणपत्र स्वतः रद्द हुनेछ र त्यस्तो स्वतः रद्द भई खारेज भएको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपको विवरण अनुसूची-५३ बमोजिमको दर्ता किताबमा जनाइ दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम रद्द भएको प्रमाणपत्रको लगत कट्टा गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लगत कट्टा भइसकेको प्रमाणपत्र पुनः नवीकरण गर्न पाइने छैन।

## परिच्छेद-८

## भाडा निर्धारण परामर्श समिति सम्बन्धी व्यवस्था

७५. **भाडा निर्धारण परामर्श समितिः** ऐनको दफा ९४ बमोजिम प्रदेश भरिका कुनै बाटोमा यातायात सेवा सञ्चालन गर्ने यात्रुवाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर निर्धारणको लागि सिफारिस गर्न मन्त्रालयले देहाय बमोजिमको एक परामर्श समिति गठन गर्नेछः

(क) सम्बन्धीत प्रदेश मन्त्रालयले तोकेको दशौ तहको अधिकृत - अध्यक्ष

(ख) आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको कम्तीमा आठौ तहको अधिकृत - सदस्य

(ग) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने सञ्चालक वा व्यवस्थापकहरु मध्येबाट प्रदेश मन्त्रालयले तोकेको दुई जना प्रतिनिधी - सदस्य

(घ) अटो मोबाइल सम्बन्धी विज्ञहरू मध्येबाट मन्त्रालयले तोकेको एक जना प्रतिनिधी - सदस्य

(ङ) यातायात व्यवस्था निर्देशनालयको निर्देशक सदस्य-सचिव

७६. **भाडा निर्धारण परामर्श समितिको काम, कर्तब्य र अधिकारः** भाडा निर्धारण समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेश स्तरमा सार्वजनिक सवारीले लिने भाडादरका सम्वन्धमा अध्ययन, अनुसन्धान गर्ने,

(ख) वैज्ञानिक भाडादर निर्धारणका लागि मापदण्ड तयार गर्ने र प्रदेश मन्त्रालय समक्ष सिफारिश गर्ने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ग) भाडादरको विषयमा वेलावेला देखा परेको समस्याका सम्बन्धमा प्रदेश मन्त्रालयले मागेका वखत आवश्यक राय, परामर्श दिने,

(घ) सार्वजनिक सवारीलाई दिने बाटो इजाजतपत्रको सम्वन्धमा प्रदेशको भौगोलिक बनौट अनुसार पहिचान गरी भाडा दरलाई बैज्ञानिक बनाउने,

(ङ) यातायात सेवालाई मर्यादित, स्वच्छ, यात्रु मैत्री तथा प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गर्ने व्यवस्थाको लागि सिफारिस गर्ने,

(च) आवश्यकता अनुसार मूल्य वृद्धिको तुलनात्मक अध्ययन गरी भाडादर समायोजनका लागि सिफारिश गर्ने,

(छ) मागको आधारमा (Demand Base) मात्र रूट निर्धारण गर्ने परिपाटीलाई अन्त्य गर्दै सडकको अवस्थाको मूल्याङ्कन एवम् विश्लेषणका आधारमा स्वचालित विधिबाट रूटको निर्धारण हुने प्रणालीलाई प्राथमिकता दिन आवश्यक अध्ययन गरी सिफारिश गर्ने,

(ज) अस्थायी बाटो इजाजतपत्र दिने व्यवस्थालाई वैज्ञानिक बनाउन अध्ययन गरी प्रदेश मन्त्रालयमा सिफारिश गर्ने।

## परिच्छेद-९

## यातायात सेवाको कर्मचारीको काम, कर्तब्य र सुविधा सम्वन्धी व्यवस्था

७७. **चालक तथा परिचालकको काम र कर्तब्यः** यातायात सेवामा काम गर्ने चालक तथा परिचालकको काम र कर्तब्य देहाय बमोजिम हुनेछः

**(क) चालकको काम र कर्तब्यः**

(१) आफ्नो जिम्मामा रहेको सवारी हिफाजत साथ चलाउने,

(२) सवारी सञ्चालन सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले दिएको आदेश तथा निर्देशन ईमान्दारीपूर्वक पालन गर्ने,

(३) आफूले चलाएको सवारीको धनी वा व्यवस्थापकको स्वीकृति विना त्यस्तो सवारी अरु कसैलाई चलाउन नदिने,

(४) सवारी चलाउँदाको अवस्थामा चालकले गर्न नहुने भनी निषेध गरेका कार्यहरु नगर्ने,

(५) आफू सेवारत रहेको सवारीको परिचालकलाई सवारी चलाउँदाको क्रममा आवश्यकता अनुसारको काम कर्तब्यको पालना गर्न लगाउने,

(६) सवारी चलाउँदा हुन सक्ने सम्भावित दुर्घटना, सवारीको यान्त्रिक स्थिति, सडकको अवस्था, ट्राफिक सङ्केत आदि नभएको कारणबाट सवारी आवागमनमा कठिनाई उत्पन्न भए त्यस सम्बन्धमा सम्बन्धित सवारी धनी वा व्यवस्थापक, निर्देशनालय वा कार्यालयमा सोको जानकारी दिने।

**(ख) परिचालकको काम र कर्तब्यः**

(१) यात्रुहरुसँग शिष्ट व्यवहार गर्ने,

(२) यात्रुहरुको सरसामानको सुरक्षाको लागि उचित प्रबन्ध गर्ने र कुनै यात्रुले सरसमान तथा माल बस्तु सवारीमा छोडिगएमा त्यस्तो सरसमान तथा माल बस्तुको धनी फेला परेमा निजलाई र फेला नपरेमा नजिकको प्रहरी वा आफू कार्यरत यातायात सेवाको जिम्मेवार व्यक्तिको जिम्मामा दिने,

(३) महिला, बृद्ध, बालक तथा अन्य अशक्त व्यक्तिहरुलाई यात्रा अवधिमा सुविधाको बन्दोबस्त गर्ने,

(४) प्रचलित कानून तथा सुरक्षाको दृष्टिकोणले निषेधित बस्तु सवारीमा राखेको थाहा हुन आएमा प्रहरीलाई सूचना गर्ने,

(५) सवारी निर्माता कम्पनीले निर्धारण गरेको सवारीको वजनको हदको सीमा नाघ्ने गरी सवारीमा माल बस्तु तथा सरसामान राख्न नदिने,

(६) सवारीको पार्किङ्ग स्थलमा यात्री ओराल्ने र चढाउने कार्यमा आवश्यक सहयोग गर्ने,

(७) सवारी चलाउँदाको अवस्थामा हुन सक्ने सम्भावित दुर्घटना प्रति यात्री तथा चालकलाई समयमै सचेत गराउने र सवारीको यान्त्रिक स्थिति ठीक नभएमा सोको जानकारी चालक, सवारी धनी वा व्यवस्थापकलाई दिने,

(८) सडकको अवस्था तथा ट्राफिक सङ्केत नभएको कारणबाट सवारी आवागमनमा कठिनाई भए सोको जानकारी सम्बन्धित निकायलाई दिने,

(९) सवारी चलाउँदाको अवस्थामा चालकलाई आवश्यक सहयोग पुऱ्याउने,

(१०) आफू परिचालक रहेको सवारीको सुरक्षा र हिफाजत गर्ने तथा नोक्सानी हुन नदिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(११) आफू सेवारत रहेको सवारी धनी वा व्यवस्थापकले दिएको सवारी सञ्चालन सम्बन्धी आदेशको पालना गर्ने।

७८. **यातायात सेवामा काम गर्ने कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा**ः ऐनको दफा ९१ तथा यस नियम बमोजिम पञ्जीकृत भएका यातायात सेवामा काम गर्ने कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था श्रम ऐन, २०७४, र श्रम नियमावली, २०७५ र अन्य प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-१०

## निर्देशकको काम, कर्तब्य र अधिकार

७९. **निर्देशकको काम, कर्तब्य र अधिकार**ः (१) ऐनको दफा १५० बमोजिम प्रदेशमा एक यातायात व्यवस्था निर्देशनालय रहनेछ र त्यस्तो निर्देशनालयको प्रमुखको रुपमा निर्देशक रहनेछ।

(२) उपनियम (१) बमोजिमको निर्देशकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) निर्देशनालयमा आफू अन्तर्गतका अधिकृत तथा सहायक कर्मचारीको जिम्मेवारी तोक्ने,

(ख) ऐन तथा यस नियमावलीको अधीनमा रही आफूमा निहित केही वा सम्पूर्ण अधिकारमध्ये आफू मातहतका अधिकृतहरुलाई अधिकार प्रत्यायोजन गर्ने, प्रत्यायोजित अधिकार अन्तर्गत भएका कामको अनुगमन गर्ने,

(ग) निर्देशनालयको विभिन्न शाखाहरु बीच समन्वय गर्ने,

(घ) यातायात व्यवस्था कार्यालयको कार्य सम्पादन सम्बन्धमा अनुगमन, मुल्याङ्कन, निरीक्षण गर्ने/गराउने र ऐन र नियमावली बमोजिमको कार्य सम्पादनको लागि आवश्यक निर्देशन दिने,

(ङ) सवारी तथा यातायात व्यवस्थापन सम्बन्धमा नीति कार्य योजना प्रस्ताव गर्ने, स्वीकृत भएपछि कार्यान्वयन गर्ने/गराउने,

(च) आफ्नो क्षेत्रभित्र सञ्चालित यातायात सम्बन्धी विषयमा अनुगमन र निरीक्षण गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्ने।

(छ) अधिकार प्रत्यायोजन भएकोमा बाहेक पेश भएका देहायका कार्यका सम्बन्धमा निर्णय गर्ने:

(१) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न अनुमति प्रदान गर्ने र नवीकरण गर्ने,

(२) विभिन्न यातायात व्यवसाय दर्ता गर्नु पूर्व वा सो सम्बन्धमा माग भई आएका विषयमा राय तथा परामर्श उपलब्ध गराउने,

(३) यातायात सेवा पञ्जीकृत गरी यातायात सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने,

(४) यातायात व्यवसायी, प्रचलित कानून बमोजिमका सङ्घ/संस्था दर्ता गर्नु पूर्व माग गरिएमा राय उपलब्ध गराउने,

(५) सार्वजनिक सवारी सञ्चालन गर्न रुट कायम तथा सोको भाडादर निर्धारणको लागि आवश्यक गृहकार्य गर्ने,

(६) सूचना प्राविधिको माध्यमबाट यातायात सेवालाई सरल, सुलभ र प्रभावकारी बनाउनुका साथै विद्युतिय भुक्तानी प्रणाली अवलम्बन गर्ने ।

(७) यातायात व्यवस्था निर्देशनालय र अन्तर्गतका कार्यालयहरुमा भइरहेको सूचना प्रविधि प्रणालीलाई समय सापेक्ष आधुनिकीकरण गर्दै जाने व्यवस्थाको लागि सहजिकरण गर्ने,

(८) यातायात व्यवस्था निर्देशनालय, ट्राफिक प्रहरी, सडक विभाग लगायत सम्बन्धित सरोकारवाला निकाय र यातायात व्यवसायी बीच समन्वय गरी यातायात व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन पहल गर्ने/गराउने,

(९) प्रचलित कानूनमा निर्देशकको जिम्मेवारी भनी उल्लेख भएका अन्य काम गर्ने,

(१०) प्रचलित कानून बमोजिम निर्देशनालयले कार्यान्वयन गर्ने भनी प्रदेश मन्त्रालयले जिम्मेवारी तोकेका आवश्यक कार्य गर्ने/गराउने,

(११) यातायात सेवा व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश सरकारलाई आवश्यक सहयोग र पहल गर्ने।

## परिच्छेद-११

## विविध

८०. **यातायात क्षेत्रको निरीक्षण तथा अनुगमन**ः (१) यातायात व्यवस्था कार्यालयले कम्तीमा महिनाको दुई पटक वा सो भन्दा बढी आवश्यकतानुसार आफ्नो क्षेत्रको यातायात सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा अनुगमन गर्नु पर्नेछ र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

यसरी अनुगमन गर्दा सम्बन्धित क्षेत्रको ट्राफिक प्रहरी, सम्भव भएसम्म उपभोक्ताको हित संरक्षणसँग सम्बन्धित प्रतिनिधि, मजदुर प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि, सवारी तथा यातायात व्यवसायिको प्रतिनिधि र सम्वन्धित अन्य सरोकारवालालाई समेत समावेश गर्नु पर्नेछ।

(२) अनुगमन गर्दा देहायका विषयमा विशेष ध्यान दिनु पर्नेछः

(क) जुन प्रयोजनको लागि सवारी दर्ता भएको हो सोही प्रयोजनमा प्रयोग भए/नभएको,

(ख) यान्त्रिक शक्तिबाट चल्ने सबै प्रकारका सवारीहरु दर्ता हुनुपर्ने व्यवस्था भएकाले सवारी दर्ता गरी चलाए/नचलाएको,

(ग) विदेशमा दर्ता भएको सवारी नेपाल भित्र अनुमति लिएर सञ्चालन गरे/नगरेको,

(घ) सवारीको रङ्ग, सिट, स्वरुप, इन्जिन वा चेसिस आदिमा हेरफेर गरे/नगरेको,

(ङ) चालकको सवारी चालक अनुमति पत्र भए/नभएको,

(च) सवारी चालक अनुमति पत्र, सवारी दर्ता किताब, जाँचपास, बाटो इजाजतपत्र आदिको नवीकरण भए/नभएको,

(छ) भाडाका सवारीको बाटो इजाजतपत्र भए/नभएको,

(ज) तोकिए बमोजिमको भाडा भन्दा बढी भाडा लिए/नलिएको र टिकट जारी गरे/नगरेको,

(झ) तोकिए भन्दा बढी यात्रु वा मालसामान बोके/नबोकेको,

(ञ) आवागमनमा बाधा पुग्ने गरी मालसामान वा सवारी राखे/नराखेको,

(ट) बाटो अनुशासन पालना गरे/नगरेको,

(ठ) चालक परिचालकको परिचय पत्र भए/नभएको,

(ड) बालश्रम प्रयोग गरे/नगरेको,

(ढ) भाडामा छुट सुविधा पाउने व्यवस्था भए/नभएको,

(ण) यात्रुहरुसँग व्यवहार राम्रो भए/नभएको,

(त) सवारी नम्बर प्लेटमा लेखिने अङ्क र सङ्केत बाहेक सवारीको बाहिरी भागमा कुनै सङ्केत, अक्षर, आकृति आदि लेखे/नलेखेको,

(थ) यात्रुबाहकले व्यवसायिक मालसमान बोके/नबोकेको,

(द) मालबाहक सवारीले यात्रु ओसार पसार गरे/नगरेको,

(ध) सवारीको अवस्था प्रचलित मझौला तथा साना सवारी परीक्षण तथा निरीक्षण निर्देशिकाबमोजिम भए/नभएको,

(न) संघीय सरकार र प्रदेश सरकारबाट समय समयमा जारी भएका आदेशको पालना भए/नभएको,

(प) यात्रु वाहक सार्वजनिक सवारीमा रूफ क्यारियर भए/नभएको,

(फ) फोहर सङ्कलन गर्ने डस्टविन भए/नभएको,

(ब) प्राथमिक स्वास्थ्य सामाग्री (फस्ट एड) भए/नभएको,

(भ) समय समयमा डिसइन्फेक्ट गरे/नगरेको।

(३) यातायात व्यवस्था निर्देशनालयले यातायात क्षेत्रको सञ्चालन, व्यवस्थापनको अनुगमन तथा निरीक्षणको लागि मातहतका कुनै पनि कर्मचारीलाई तोकिएको ठाँउमा खटाउन सक्नेछ।

(४) यातायात व्यवस्था निर्देशनालयले यातायात व्यवस्था कार्यालयहरूको यातायातको सञ्चालन तथा व्यवस्थापनको अनुगमन र निरीक्षणको लागि यातायात व्यवस्था कार्यालयहरुलाई क्षेत्राधिकार तोक्न सक्नेछ।

८१. **<u>कारवाहीको सिफारिस गरिने</u>**: कार्यालयबाट सम्पादन भएका कामहरुमध्ये सेवाग्राहीहरुले नक्कली कागजात पेश गरी कार्यालयका कर्मचारी समेतलाई झुक्याई सवारी दर्ता, नामसारी, सरुवा दर्ता, लिलाम दर्ता, जाँचपास, बाटो इजाजतपत्र, सवारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, सवारी कर तथा नवीकरण, सवारी चालक अनुमति पत्र, नेपालीकरण, नवीकरण, प्रतिलिपि, वर्ग थप गराएमा वा अर्काको प्रयोगात्मक परीक्षा तथा लिखित परीक्षा दिएको पाइएमा जाँचबुझ गर्दा गलत मनसायबाट काम गरेको ठहर भएमा सेवाग्राहीलाई प्रचलित कानून बामोजिम कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ।यस्तो कार्यमा वदनियत साथ कुनै कर्मचारी संलग्न रहेको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारवाहीको भागिदार हुनेछ ।

८२. **<u>फायल वा रेकर्ड फेला नपरेमा</u>**: (१) कुनै सवारी साधनको फायल वा कुनै रेकर्ड फेला नपरे सम्बन्धित दर्ता किताबको आधार र फायल तथा दर्ता किताब दुबै फेला नपरेमा सम्बन्धित सवारी धनीसँग रहेको सक्कल सवारी दर्ता प्रमाणपत्र, सक्कलै कर बुक वा कर बुझाएको निस्साको सक्कल प्रति र लिलाम सकारबाट आएको भए लिलाम गर्ने निकायको सिफारिसपत्र, कम्पनी मार्फत् आयात भएको भए सम्बन्धित कम्पनीको सिफारिसपत्र, सक्कल प्रज्ञापनपत्र वा भन्सारबाट आयात भई आएको भए सम्बन्धित भन्सार कार्यालयले प्रमाणित गरेपछि त्यस्तो प्रमाण समेत संलग्न राखी सवारी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

साधन जाँच गर्ने प्राविधिक कर्मचारीबाट सवारी जाँच गराई, राय लिई त्यस्तो सवारीको रेकर्ड फायल खडा गरी अधिकृतबाट प्रमाणित गराई दर्ता किताबमा जनाउनु पर्नेछ।

(२) कुनै सवारी चालकको चालक अनुमति पत्रको निर्णय किताव (माइन्यूट) फेला नपरेमा सवारी चालक अनुमति दर्ता किताब (ढड्डा) वा विद्युत्तीय अभिलेख र सक्कल चालक अनुमति पत्रको आधारमा कार्यालयले आवश्यक जाँचवुझ गरी त्यस्तो सवारी चालक अनुमति पत्रको नवीकरण गरी दिन सक्नेछ।

८३. **सार्वजनिक यातायात सञ्चालन सम्बन्धी विशेष व्यवस्था:** प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो क्षेत्रभित्र सबै वा विशेष क्षेत्रमा सर्वसाधारणको सुविधा र यातायातको व्यवस्थापनलाई ध्यानमा राखी नगरबस, अन्तर नगर बस, प्रदेश बस, अन्तर प्रदेश बस, विद्युतीय बस सेवा सञ्चालनको लागि निश्चित मापदण्ड बनाई लागू गर्न सक्नेछ।

८४. **ट्राफिक सङ्केत सम्बन्धी व्यवस्था:** सवारी चलाउँदा सवारी चालकले ऐनको दफा ११८ बमोजिम पालना गर्नु पर्ने ट्राफिक सङ्केतहरु अनुसूची-५६ मा उल्लेख भए बमोजिम हुनेछ।

८५. **सवारी साधन फिर्ता गर्नु पर्ने:** (१) दुर्घटनाको जाँचबुझको निमित्त ऐनको दफा १३२ बमोजिम सम्बन्धित प्रहरी कार्यालय समक्ष दाखिला भएको सवारी साधन बहत्तर घण्टा भित्र सम्बन्धित प्रहरी कार्यालयले सवारी धनी वा व्यवस्थापकलाई फिर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सवारी साधन फिर्ता नगरेमा त्यसरी फिर्ता नगरेको प्रति दिनको लागि तीन हजार रुपैयाँका दरले प्रमुख जिल्ला अधिकारीले सम्वन्धित प्रहरी कार्यालयबाट सवारी धनी वा व्यवस्थापकलाई भराईदिनु पर्नेछ ।

८६. **स्टकमा रहेको सवारी साधन सम्बन्धमा:** स्टकमा रहेको सवारी साधन भ्याट बिल जारी नगरी सञ्चालन गर्नु हुँदैन र त्यस्ता सवारी साधन सञ्चालन भएको पाइएमा त्यस्तो सवारी दर्ता भएको मिति देखिको सवारी कर असुल गरिनेछ।

८७. **दर्ता खारेजी सम्बन्धी व्यवस्था:** (१) यदि कुनै कारण बस गलत वा नक्कली कागजातका आधारमा सवारी दर्ता वा नवीकरण भएको पत्ता लागेमा सम्बन्धित यातायात कार्यालयको सिफारिसमा निर्देशनालयले त्यस्तो सवारी दर्ता वा नवीकरण खारेज गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सवारी दर्ता खारेज गर्नु पूर्व सम्बन्धित सवारी धनी वा ब्यवस्थापकलाई सफाई पेश गर्ने मौका दिइनेछ।

(३) उपनियम (१) बमोजिम दर्ता खारेज भएमा सोको जानकारी सम्बन्धित ट्राफिक प्रहरी कार्यालयमा दिनु पर्नेछ।

८८. **यातायात व्यवस्था सेवा कार्यालयको नाम परिवर्तन र अधिकार:** यो नियमावली प्रारम्भ हुनु भन्दा अघि कायम रहेका यातायात व्यवस्था सेवा कार्यालयहरु यो नियमावली प्रारम्भ भएपछि प्रदेश मन्त्रालयले मापदण्ड बनाई यातायात व्यवस्था कार्यालयमा परिणत गर्न सक्नेछ र यसरी परिणत भएका यातायात व्यवस्था कार्यालयले ऐन तथा यस नियमावलीमा उल्लेख भएका सम्पुर्ण अधिकार प्रयोग गर्न सक्ने छ।

८९. **मापदण्ड बनाउन सक्ने:** (१) ऐन तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको विपरीत नहुने गरी सवारी तथा यातायात व्यवस्था सञ्चालनको सन्दर्भमा प्रदेश मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड स्वीकृत गरी लागू गर्न सक्नेछ।

९०. **हेरफेर तथा थपघट गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशन गरी यस नियमावलीमा आवश्यकता अनुसार थपघट तथा हेरफेर वा परिवर्तन गर्न सक्नेछ।

९१. **बचाउ:** यो नियमावली स्वीकृत हुनु अघि सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ बमोजिम भए गरेको काम यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

## दस्तुर तालिका

(क) नियम ३ को उपनियम (१), नियम ६ को उपनियम (१) र नियम ८ को उपनियम (१)को प्रयोजनको लागि सवारी दर्ता, सरुवा दर्ता र लिलाम दर्ता दस्तुरः

| क.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | १५००।- |
| | | सार्वजनिक | २५००।- |
| २. | मझौला सवारी | निजी | १०००।- |
| | | सार्वजनिक | १५००।- |
| ३. | साना सवारीः<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | निजी | ८००।- |
| | | सार्वजनिक | १४००।- |
| | (ख) मोटर साइकल, स्कुटर | निजी | ३००।- |
| | | सार्वजनिक | ५००।- |

<u>स्पष्टीकरण</u>ः पर्यटक सवारी, सरकारीसवारी र संस्थानका सवारीहरुको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

(ख) नियम ५ को प्रयोजनको लागि सवारीको अस्थायी दर्ता दस्तुरः

| क.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | ८००।- |
| | | सार्वजनिक | १५००।- |
| २. | मझौला सवारी | निजी | ६००।- |
| | | सार्वजनिक | १०००।- |
| ३. | साना सवारीः<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | निजी | ५००।- |
| | | सार्वजनिक | ८००।- |
| | (ख) मोटर साइकल, स्कुटर | निजी | २००।- |
| | | सार्वजनिक | ३००।- |

<u>स्पष्टीकरण</u>ः पर्यटक सवारी र संस्थानका सवारीहरुको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

(ग) नियम ७ को उपनियम (१२) को प्रयोजनको लागी परिवर्तन , हेरफेर वा हेरफेर दर्ता गर्दा लाग्ने दस्तुरः

| क.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | ७५०।- |
| | | सार्वजनिक | १२५०।- |
| २. | मझौला सवारी | निजी | ५००।- |
| | | सार्वजनिक | ७५०।- |
| ३. | साना सवारीः<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | निजी | ४००।- |
| | | सार्वजनिक | ७००।- |
| | (ख) मोटर साइकल, स्कुटर | निजी | १५०।- |
| | | सार्वजनिक | २५०।- |

<u>स्पष्टीकरण</u>ः पर्यटक सवारी, सरकारी सवारी र संस्थानका सवारीहरुको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

(घ) नियम ९ को उपनियम (१) को प्रयोजनको लागि विदेशमा दर्ता भएका सवारी चलाउने अनुमति पत्र दस्तुरः

| क.स. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठूला सवारी र मझौला सवारी | १५००।- |
| २. | साना सवारी | ५००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) नियम १० को उपनियम (१) को प्रयोजनको लागि दर्ताको प्रमाणपत्र नवीकरण दस्तुरः

| क.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | ५००।- |
| | | सार्वजनिक | ८००।- |
| २. | मझौला सवारी | निजी | ३००।- |
| | | सार्वजनिक | ५००।- |
| ३. | साना सवारीः<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | निजी | २००।- |
| | | सार्वजनिक | ३००।- |
| | (ख) मोटरसाइकल, स्कुटर | निजी | १००।- |
| | | सार्वजनिक | २००।- |

<u>स्पष्टीकरण</u>ः पर्यटक सवारी, सरकारी सवारी र संस्थानका सवारीहरुको दस्तुर सार्वजनिक सवारी सरहलाग्नेछ।

(च) नियम ११ को उपनियम (१) र नियम १२ को उपनियम (१) को प्रयोजनको लागि सवारीको नामसारी र धनीको मृत्यु भएको सवारीको नामसारी दस्तुरः

| क.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | ८००।- |
| | | सार्वजनिक | १५००।- |
| २. | मझौला सवारी | निजी | ६००।- |
| | | सार्वजनिक | १०००।- |
| ३. | साना सवारी :<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | निजी | ५००।- |
| | | सार्वजनिक | ८००।- |
| | (ख) मोटर साइकल, स्कुटर | निजी | २००।- |
| | | सार्वजनिक | ३००।- |

<u>स्पष्टीकरण</u>ः पर्यटक सवारी, सरकारी सवारी र संस्थानका सवारीहरुको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

(छ) नियम ११ को उपनियम (९) को प्रयोजनको लागि सवारीको डोर दस्तुरः

| क.स. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठूला सवारी | ३,५००।- |
| २. | मझौला सवारी | २५००।- |
| ३. | साना सवारीः<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो,पावर टिलर | १,५००।- |
| | (ख) मोटर साइकल, स्कुटर | १०००।- |

(ज) नियम १५ को उपनियम (१) को प्रयोजनको लागि दर्ता प्रमाणपत्रको प्रतिलिपि दस्तुरः

| क.स. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | ५००।- |
| | | सार्वजनिक | ५००।- |
| २. | मझौला सवारी | निजी | ५००।- |
| | | सार्वजनिक | ५००। |
| ३. | साना सवारीः<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | निजी | ५००।- |
| | | सार्वजनिक | ५००।- |
| | (ख) मोटर साइकल, स्कुटर | निजी | ५००।- |
| | | सार्वजनिक | ५००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**स्पष्टीकरण**ः पर्यटक सवारी, सरकारी सवारी र संस्थानका सवारीहरुकोदस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

(झ) **नियम २२ को उपनियम (१) र नियम २७ को उपनियम (१) को प्रयोजनको लागि चालक अनुमति पत्र दरखास्त दस्तुरः**

| **क्र.स.** | **सवारीको वर्गीकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | ठूला सवारी र मझौला सवारी | ५००।- |
| २. | साना सवारी (चार पाङ्ग्रे) | ५००।- |
| ३. | साना सवारी (दुई पाङ्ग्रे) | ५००।- |

**स्पष्टीकरण**ः एउटै दरखास्तबाट एकभन्दा बढी किसिमका सवारी चलाउन इजाजतको लागि दरखास्त दिन चाहेमा जति किसिमको सवारी चलाउने इजाजतको लागि दरखास्त दिएको हो सो प्रत्येक सवारी चलाउन ईजाजतको लागि छुट्टाछुट्टै दस्तुर लाग्नेछ।

(ञ) **नियम २७ को उपनियम (४) को प्रयोजनको लागि चालक अनुमति पत्रमा अरु सवारी वर्ग थप गर्ने दस्तुरः**

| **क्र.स.** | **सवारीको वर्गीकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | ठूला सवारी | १०००।- |
| २. | मझौला सवारी | ५००।- |
| ३. | साना सवारीः<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | ५००।- |
| | (ख) मोटर साइकल, स्कुटर | ५००।- |

**स्पष्टीकरण**ः एउटै चालक अनुमति पत्रमा एक भन्दा बढी किसिमका सवारी चलाउने इजाजत पाउनेको हकमा सबैभन्दा बढी दस्तुर लाग्ने सवारीको दस्तुर मात्र लाग्नेछ।

(ट) **नियम २८ को उपनियम (१) को प्रयोजनको लागि चालक अनुमति पत्रको नवीकरण दस्तुरः**

| **क्र.स.** | **सवारीको वर्गीकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | ठूला सवारी | ३०००।- |
| २. | मझौला सवारी | २५००।- |
| ३. | साना सवारीः<br>(क) मोटर साइकल, स्कुटर बाहेकका अन्य साना सवारी | २०००।- |
| | (ख) मोटर साइकल, स्कुटर | १५००।- |

**स्पष्टीकरण**ः(१) एउटै चालक अनुमति पत्रमा एकभन्दा बढी किसिमका सवारी चलाउने इजाजत पाएका हकमा सबैभन्दा बढी दस्तुर लाग्ने सवारीको नवीकरण दस्तुर लाग्नेछ।

(२) नवीकरण पाँच बर्षको लागि कायम रहनेछ।

(ठ) **नियम ३१ को उपनियम (१) को प्रयोजनको लागि अनुमति पत्र प्रतिलिपि दस्तुरः**

| **क्र.स.** | **सवारीको वर्गीकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | ठूला सवारी | ५००।- |
| २. | मझौला सवारी | ५००।- |
| ३. | साना सवारीः<br>(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर<br>(ख) मोटर साइकल, स्कुटर | ५००।-<br>५००।- |

(ड) नियम ३४ को उपनियम (१), (१५) र (१७),नियम ३५ को उपनियम (१) र (२), नियम ३६ को उपनियम (१) र नियम ३९ को उपनियम (१)को प्रयोजनको लागि बाटो इजाजतपत्र, बाटो परिवर्तन, पटके बाटो इजाजतपत्र र बाटो इजाजतपत्रको नवीकरण दस्तुरः(अर्धवार्षिक)

| **क्र.सं.** | **दूरी (कि.मि.)** | **ठूला र मझौला बस मिनिबस आदि (रु.)** | **ठूला र मझौला ट्रक, मिनिट्रक आदि (रु.)** |
|---|---|---|---|
| १. | १ देखी ५० कि.मि. सम्म | ७५०।- | ९००।- |
| २. | ५१ देखी १०० कि.मि. सम्म | ९००।- | १०५०।- |
| ३. | १०१ देखी १५० कि.मि. सम्म | १२००।- | १३५०।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| ४. | १५१ देखी २०० कि.मि. सम्म | १३५०।- | १६५०।- |
| ५. | २०१ देखी २५० कि.मि. सम्म | १५००।- | १८००।- |
| ६. | २५१ देखी ३०० कि.मि. सम्म | १८००।- | १९५०।- |
| ७. | ३०१ देखी ३५० कि.मि. सम्म | १९५०।- | २२५०।- |
| ८. | ३५१ देखी ४०० कि.मि. सम्म | २१००।- | २४००।- |
| ९. | ४०१ देखी ४५० कि.मि. सम्म | २२५०।- | २५५०।- |
| १०. | ४५१ देखी ५०० कि.मि. सम्म | २५५०।- | २८५०।- |
| ११. | ५०१ देखी ५५० कि.मि. सम्म | ३१५०।- | ३०००।- |
| १२. | ५५१ देखी ६०० कि.मि. सम्म | ३३००।- | ३१५०।- |
| १३. | ६०१ देखी ६५० कि.मि. सम्म | ३४५०।- | ३४५०।- |
| १४. | ६५१ देखी ७०० कि.मि. सम्म | ३७५०।- | ३६००।- |
| १५. | ७०१ कि.मि. भन्दा माथि | ४२००।- | ३९००।- |

(१) तोकिएको निश्चित दुरी भित्र पाँच सिटभन्दा बढी चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारीको लागि बाटो इजाजत दस्तुर (नवीकरण समेत)

| क्र.सं. | दूरी | अर्धवार्षिक रकम |
|---|---|---|
| १. | १ देखी ५० कि.मि. सम्म | ६००।- |
| २. | ५१ देखी १०० कि.मि. सम्म | ७५०।- |
| ३. | १०१ देखी १५० कि.मि. सम्म | ९००।- |
| ४. | १५१ देखी २५० कि.मि. सम्म | १०५०।- |
| ५. | २५१ देखी ३०० कि.मि. सम्म | १२००।- |

(२) तोकिएको निश्चित बाटो (रुट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने बाटो इजाजतपत्र दस्तुर (अर्धवार्षिक)

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रूपैयामा) |
|---|---|---|
| १ | पाँच देखि चौध सिटसम्मका (मिटरवाला बाहेक) हलुका सार्वजनिक सवारी र एक टनसम्म क्षतमा भएका ट्रयाक्टर, पावरटिलर सहित तीन जिल्लाको लागि | १०५०।- |
| २ | अटो रिक्शाको दुई जिल्लाको लागी | ७५०।- |
| ३ | मिटर जडित ट्याक्सीलाई तीन जिल्लाको लागि | १०५०।- |
| ४ | मिटर जडित टेम्पोलाई दुई जिल्लाको लागि | ७५०।- |

(३) पटके बाटो इजाजत दस्तुर प्रति ५० कि.मि. को लागि रु १००।-

(४) नेपालमा कायम भएको बाटोहरुमा सञ्चालन गर्ने ठूला तथा मझौला पर्यटक सवारीहरु, संस्थानका सवारीहरु र भाडाका ट्रकहरुको राष्ट्रव्यापी बाटो इजाजत (National permit) दस्तुर संघीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

(५) तोकिएको बाटो (रुट) मा अधिकार प्राप्त अधिकारीको सार्वजनिक सवारीहरुलाई प्रतिस्पर्धा गराई बाटो इजाजतपत्र प्रदान गरेकोमा माथि उल्लेखित दस्तुरमा नघटने गरी दस्तुर निर्धारण गर्न सक्नेछ।

(६) नियम ४५ को प्रयोजनको लागि बाटो इजाजतपत्र प्रतिलिपि दस्तुर रु. १००।-

(७) ठूला तथा मझौला पर्यटक सवारी, संस्थानका सवारी र मालवाहक सवारीहरूले प्रदेश भरका लागि बाटो इजाजतपत्र दस्तुर वापत अर्धवार्षिक रू ५०००।– बुझाइ लिन सक्नेछ।

**(ढ) नियम ४६ को उपनियम (१) र नियम ४९ को उपनियम (१) को प्रयोजनको लागि जाँचपास प्रमाणपत्रको दरखास्त दस्तुर र प्रतिलिपि दस्तुरः**

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठूला सवारी | ३००।- |
| २. | मझौला सवारी र साना सवारी | २००।- |
| ३. | प्रतिलिपि दस्तुर | १००।- |

**(ण) नियम ५० को उपनियम (१) बमोजिम प्रदूषण परीक्षण गर्न लागने दस्तुरः**

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| १. | दुई पाङ्ग्रे | १००।- |
| २. | तीन पाङ्ग्रे | १५०।- |
| ३. | चार पाङ्ग्रे | २००।- |
| ४. | चार पाङ्ग्रे भन्दा माथी | २५०।- |

(त) **नियम ५२ को उपनियम (१) को प्रयोजनको लागि सेवाको नाम पञ्जीकृत दस्तुरः**

| **क्र.सं.** | **पूँजी** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | रु. पन्ध्र लाख सम्मको | १०००।- |
| २. | रु पन्ध्र लाखभन्दा बढी रु. पचास लाख सम्म | २५००।- |
| ३. | पचास लाखभन्दा बढी जतिसुकै भएपनि | ४०००।- |

(थ) **नियम ५४ को उपनियम (१) को प्रयोजनको लागि यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको नवीकरण दस्तुरः**

| **क्र. सं.** | **पूँजी** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | रु. पन्ध्र लाख सम्म | १,०००।- |
| २. | रु. पन्ध्र लाख भन्दा बढी रु. पचास लाख सम्म | ३,०००।- |
| ३. | रु. पचास लाख भन्दा बढी जतिसुकै भएता पनि | ५,०००।- |

(द) **माथि खण्ड (त), (थ) र नियम ५२ को उपनियम (६) बमोजिमको यातायात सेवाको नाम पञ्जिकृत, नवीकरण र संख्यामा थप गर्दा कम्पनीबाट सञ्चा**

| **क्र.स.** | **सवारीको बर्गीकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | साना सवारी | ३००।- |
| २. | मझौला सवारी | ५००।- |
| ३. | ठुला सवारी | ८००।- |

(ध) **नियम ६९ को उपनियम (१) को प्रयोजनको लागि प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप सञ्चालन अनुमति पत्र दस्तुरः**

(१) **प्रशिक्षण केन्द्रः-**

| **क्र.सं.** | **सवारीको वर्गिकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | **वर्ग कः-** मोटर साईकल, स्कुटर र मोपेड | ५०००।- |
| २. | **वर्ग खः-** तिन पाङ्ग्रे वा चार पाङ्ग्रे साना सवारी (टेम्पो, कार, जिप, भ्यान आदी) | ७०००।- |
| ३. | **वर्ग गः-**ठुला तथा मझौला सवारी(ट्रक तथा बस, मिनी बस तथा मिनी ट्रक, माईक्रो बस आदी) | ९०००।- |
| ४. | **वर्ग घः-** हेभी ईक्वेप्मेन्ट (रोलर,डोजर, एक्साभेटर, लोडर, क्रेन तथा अन्य निर्माण कार्यमा प्रयोग हुने मेसिन) | ११०००।- |

(२) **कारखाना तथा वर्कसपः-**

| **क्र.सं.** | **सवारीको वर्गिकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | वर्ग कः- ४ टन भन्दा कम्ती वजन भएका सवारी साधनहरु (कार, जीप, भ्यान आदीको मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, वडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | ७०००।- |
| २. | वर्ग खः- ४ टन भन्दा वढी वजन भएका सवारी साधनहरु (ट्रक, वस, मिनिबस, मिनि ट्रक, माइक्रोबस आदीको मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | ९०००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| ३. | वर्ग गः- निर्माण उपकरणहरु (रोलर, डोजर, एस्काभेटर, लोडर, क्रेन आदीको मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | ११०००।- |
| ४. | वर्ग घः- मोटरसाइकल, स्कुटर तथा मोपेड आदीको मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | ५०००।- |
| ५. | वर्ग ङः- कुनै पनि सवारीसाधनको बडी बिल्डिङ्ग तथा मर्मत कार्य गर्ने | १३०००।- |

**स्पष्टीकरणः** एक भन्दा बढि बर्गिकरणका सवारी साधन सम्वन्धी प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप सञ्चालन गर्दाको हकमा जुन बढि हुन आउँछ सोही वर्गिकरणमा परेको सवारी साधनको दस्तुर लाग्नेछ ।

(न) **नियम ७० को उपनियम (१) को प्रयोजनको लागि प्रशिक्षण केन्द्र, कारखाना, वर्कसपको प्रमाणपत्र नवीकरण दस्तुरः**

(१) **प्रशिक्षण केन्द्रको**

| क्र.सं. | सवारीको वर्गिकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | **वर्ग कः-** मोटर साईकल, स्कुटर र मोपेड | ३०००।- |
| २. | **वर्ग खः-** तिन पाङ्ग्रे वा चार पाङ्ग्रे साना सवारी (टेम्पो, कार, जिप, भ्यान आदी) | ५०००।- |
| ३. | **वर्ग गः-**ठुला तथा मझौला सवारी(ट्रक तथा बस, मिनी बस तथा मिनी ट्रक, माईक्रो बस आदी) | ७०००।- |
| ४. | **वर्ग घः-** हेभी ईक्वेप्मेन्ट (रोलर,डोजर, एक्साभेटर, लोडर, केन तथा अन्य निर्माण कार्यमा प्रयोग हुने मेसिन) | ९०००।- |

(२) **कारखाना तथा वर्कसपको**

| क्र.सं. | सवारीको वर्गिकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | वर्ग कः- ४ टन भन्दा कम्ती वजन भएका सवारी साधनहरु (कार, जीप, भ्यान आदी)को मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, वडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | ५०००।- |
| २. | वर्ग खः- ४ टन भन्दा वढी वजन भएका सवारी साधनहरु (ट्रक, वस, मिनिबस, मिनि ट्रक, माइक्रोबस आदीको मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | ७०००।- |
| ३. | वर्ग गः- निर्माण उपकरणहरु (रोलर, डोजर, एस्काभेटर, लोडर, क्रेन आदीको मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | ९०००।- |
| ४. | वर्ग घः- मोटरसाइकल, स्कुटर तथा मोपेड आदीको मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | ३०००।- |
| ५. | वर्ग ङः- कुनै पनि सवारीसाधनको बडी बिल्डिङ्ग तथा मर्मत कार्य गर्ने | ११०००।- |

**स्पष्टीकरणः** एक भन्दा बढि बर्गिकरणका सवारी साधन सम्वन्धी प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप नविकरण गर्दाको हकमा जुन बढि हुन आउँछ सोही वर्गिकरणमा परेको सवारी साधनको दस्तुर लाग्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(प) **नियम ७१ को उपनियम (१), (२) र नियम ७२ को उपनियम (१) को प्रयोजनको लागि प्रशिक्षण केन्द्र, कारखाना, वर्कसपको प्रमाणपत्र नामसारी/ठाउँसारी दस्तुरः**

**(१) प्रशिक्षण केन्द्र**

| **क्र.सं.** | **सवारीको वर्गिकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | **वर्ग कः-** मोटर साईकल, स्कुटर र मोपेड | ५००।- |
| २. | **वर्ग खः-** तिन पाङ्ग्रे वा चार पाङ्ग्रे साना सवारी (टेम्पो, कार, जिप, भ्यान आदी) | १०००।- |
| ३. | **वर्ग गः-**ठुला तथा मझौला सवारी(ट्रक तथा बस, मिनी बस तथा मिनी ट्रक, माईक्रो बस आदी) | १५००।- |
| ४. | **वर्ग घः-** हेभी ईक्वेप्मेन्ट (रोलर,डोजर, एक्साभेटर, लोडर, क्रेन तथा अन्य निर्माण कार्यमा प्रयोग हुने मेसिन) | २५००।- |

**(२) कारखाना तथा वर्कसप**

| **क्र.सं.** | **सवारीको वर्गिकरण** | **दस्तुर (रुपैयाँमा)** |
|---|---|---|
| १. | वर्ग कः- ४ टन भन्दा कम्ती वजन भएका सवारी साधनहरु (कार, जीप, भ्यान आदी)को मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, वडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | १०००।- |
| २. | वर्ग खः- ४ टन भन्दा वढी वजन भएका सवारी साधनहरु (ट्रक, वस, मिनिबस, मिनि ट्रक, माइक्रोबस आदी)को मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | १५००।- |
| ३. | वर्ग गः- निर्माण उपकरणहरु (रोलर, डोजर, एस्काभेटर, लोडर, क्रेन आदी)को मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | २५००।- |
| ४. | वर्ग घः- मोटरसाइकल, स्कुटर तथा मोपेड आदीको मेकानिकल मर्मत सम्भार, इलेक्ट्रिकल वायरिङ्ग मर्मत, बडीको मर्मत तथा डेण्टपेन्ट सम्बन्धी सेवाहरु) | ५००।- |
| ५. | वर्ग ङः- कुनै पनि सवारीसाधनको बडी विल्डिङ्ग तथा मर्मत कार्य गर्ने | २५००।- |

**स्पष्टीकरणः** एक भन्दा बढि बर्गिकरणका सवारी साधन सम्वन्धी प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप नामसारी/ ठाँउसारी गर्दाको हकमा जुन बढि हुन आउँछ सोही वर्गिकरणमा परेको सवारी साधनको दस्तुर लाग्नेछ ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**अनुसूची-२**
**(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)**
**<u>सवारी दर्ता गर्न दिइने दरखास्त</u>**

टिकट

**श्रीमान कार्यालय प्रमुख ज्यू,**
**यातायात व्यवस्था कार्यालय,**
**............................।**

मेरो/हाम्रो नाममा खरिद भएको/ प्राप्त भएको/झिकाएको निम्न विवरण भएको सवारी शुरु दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथ राखी पेश गरेको छु/छौं। उक्त सवारी जाँच गरी मेरो/ हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौं।

१. सवारी झिकाउने (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम, थरः-
२. ठेगानाः- (क) स्थायीः-
(ख) अस्थायीः-
३. पिता वा पतिको नाम थर (व्यक्ति भएमा):-
४. सवारीमा भएको दर्ता नम्बर (साविकको):-
५. सवारीको किसिमः-
६. सवारी बनाउने कम्पनीको नामः-
७. सवारीको मोडेल नम्बर (निर्माण भएको साल)
८. सिलिण्डर सङ्ख्याः-
९. हर्ष पावर सि.सि.:-
१०. सवारीको ईञ्जिन नम्बरः-
११. सवारीको चेसिस नम्बरः-
१२. सवारीको रङ्गः- (क) बडिको रङ्गः-
(ख) सिसाको रङ्गः-
१३. प्रयोग गर्ने इन्धनको किसिमः-
१४. सवारीमा भएको इलेक्ट्रोनिक सञ्चारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि)
१५. सवारीको वजन क्षमताः- (क) कुल वजनः-
(ख) भारवहन क्षमताः-
(ग) सिट संख्याः-
१६. प्रयोगः-
१७. चलाउने क्षेत्रः-
१८. भन्सार तिरेको निस्साः- (क) भन्सार कार्यालयको नामः-
(ख) प्रज्ञापन पत्र नम्बरः-
(ग) रसिद नम्बरः-
(घ) मितिः-
१९. प्रवेश दर्ता प्रमाणपत्रको निस्साः- (क) प्रवेश पत्र दिने प्रहरी कार्यालयको नामः-
(ख) प्रवेश पत्र दिएको मितिः-
(ग) प्रवेश पत्र नम्बरः-
२०. झिकाउने इजाजत पाएको निस्सा (क) निस्सा दिने कार्यालयः-
(ख) निस्सा प्रमाणपत्र नम्बरः-
(ग) मितिः-
२१. अन्य प्रमाणपत्रको विवरणः-

दरखास्तवालाको
सहीः-
नाम, थरः-
ठेगानाः-
मितिः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**कार्यालय प्रयोजनको लागि**

सवारी निरीक्षणको व्यहोराः-

सवारी नम्बर ..........    ई. नम्बर ..........    चे.नम्बर ...........

अन्य व्यहोरा भए खुलाउने..........................................................................................

................
निरीक्षण गर्ने प्राविधिकको
सहि

प्रदान गरिएको दर्ता नम्बरः-

दर्ता मितिः-

माथि उल्लेखित सम्पूर्ण विवरणहरुका साथै प्राविधिक प्रतिवेदनबाट सवारी दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्ने।

.........................    ......................    ......................
निरीक्षण गर्ने प्राविधिकको सही    फाँटवालाको सही    दर्ता गर्ने अधिकारीको सही

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-३
### (नियम ३ को उपनियम (२२) सँग सम्बन्धित)
### <u>यातायात व्यवस्था कार्यालय र सवारीको नम्बर प्लेटको कोड र सङ्केत (अङ्क र अक्षरमा)</u>

(क) यातयात व्यवस्था कार्यालयहरूको कोडः

| | झापा | सुनसरी | इलाम | मोरङ्ग | उदयपुर | धनकुटा |
|---|---|---|---|---|---|---|
| प्रदेश सङ्केत | १ | १ | १ | १ | १ | १ |
| कोड | ०१ | ०२ | ०३ | ०४ | ०५ | ०६ |

**द्रस्टव्यः** नयाँ स्थापना हुने यातायात व्यवस्था कार्यालयहरुको कोड क्रमानुसार हुने छ।

(ख) ठूला तथा मझौला सवारी (बस, ट्रक, डोजर, डम्फर, लोडर, क्रेन, दमकल, ट्याङ्कर, रोलर, पिकअप, भ्यान, मिनिबस, मिनिट्रक, मिनिभ्यान आदि यात्रुबाहकको हकमा १४ सिट भन्दा माथिका र मालबाहकको हकमा ४ टन वा सोभन्दा बढी कुल भारवाहन क्षमता भएका) सवारी साधनहरुको लागि।

| प्रदेश सङ्केत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| १ | क | ख | ग | घ | प |

(ग) साना (कार, जिप, भ्यान, पिकअप, माइक्रोबस आदि जस्ता १४ सिट वा कुल भारवहन क्षमता ४ टनभन्दा कम भएका) सवारी साधनहरुको लागि।

| प्रदेश सङ्केत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| १ | च | ज | झ | ञ | य |

(घ) साना (मोटरसाइकल, स्कुटर आदिजस्ता दुईपाङ्ग्रे) सवारी साधनहरुको लागि।

| प्रदेश सङ्केत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| १ | प | फ | ब | म | - |

(ङ) ट्याक्टर र पावरटिलरको लागि।

| प्रदेश सङ्केत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| १ | त | थ | द | न | - |

(च) साना (टेम्पो, अटोरिक्सा आदि जस्ता तीनपाङ्ग्रे) सवारी साधनहरुको लागि।

| प्रदेश सङ्केत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| १ | स | ह | क्ष | त्र | - |

**द्रष्टव्यः** नम्बरप्लेटको स्वरुपः१. सवारीमा राख्ने नम्वर प्लेट कम्तीमा २० गेजको धातुबाट बनेको पातामा देहाय बमोजिम हुनु पर्नेछ।

**क.** <u>सार्वजनिक सवारीसँग सम्बन्धितः</u>कालो प्लेटमा सेतो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

**ख.** <u>पर्यटक सवारीसँग सम्बन्धितः</u> हरियो प्लेटमा सेतो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

**ग.** <u>निजीसवारीसँग सम्बन्धितः</u> रातो प्लेटमा सेतो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

**घ.** <u>सरकारी सवारीसँग सम्बन्धितः</u> सेतो प्लेटमा रातो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

**ङ.** <u>सङ्गठितसंस्था वा संस्थानको सवारीसँग सम्बन्धितः</u> पहेंलो प्लेटमा नीलो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

**च.** <u>कुटनीतिक सवारीसँग सम्बन्धितः</u>नीलो प्लेटमा सेतो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

२. प्रदेश मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, राज्यमन्त्री, सहायक मन्त्री चढ्ने सवारीको नम्बर प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनु पर्छ।

३. स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उपप्रमुख चढने सवारीको नम्बर प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

४. नम्बर प्लेटमा बढीमा चौध वटासम्म अङ्क र अक्षर रहने छन जसलाई तल र माथि गरी निम्नानुसार राखिनु पर्नेछ।

(क) सवारीको अगाडी तल र माथी गरी दुइ लाईनमा र पछाडी तल र माथी गरी तीन लाईनमा नम्वर प्लेट लेख्नु पर्नेछ।

(ख) अगाडीको नम्वर प्लेटको हकमा माथिल्लो लाईनको शुरुमा सवारी दर्ता गर्ने कार्यालयको प्रदेशको नाम वा कोड, त्यसपछि कार्यालय जनाउने सङ्केत अङ्क लेखिनु पर्नेछ र त्यसपछि तल्लो लाईनको शुरूमा सवारी समुह जनाउने अङ्क, त्यसपछि सवारीको किसिम जनाउने सङ्केत अक्षर र त्यस पछि दर्ता नम्वर लेख्नु पर्नेछ।

(ग) पछाडीको नम्वर प्लेटको हकमा माथिल्लो लाईनको शुरुमा सवारी दर्ता गर्ने कार्यालयको प्रदेशको नाम वा कोड, त्यसपछि कार्यालय जनाउने सङ्केत अङ्क लेखिनु पर्नेछ र त्यसपछि दोश्रो लाईनको शुरूमा सवारी समुह जनाउने अङ्क, त्यसपछि सवारीको किसिम जनाउने सङ्केत अक्षर र तेश्रो लाईनमा दर्ता नम्वर लेख्नु पर्नेछ।

**उदाहरणार्थः** यातायात व्यवस्था कार्यालय, विर्तामोड, झापामा दर्ता भइ सवारी समूह अङ्क ००१ र दर्ता नम्बर ११०० भएको निजी चारपाङ्ग्रे सवारीलाई देहाय बमोजिमको नम्वर प्लेट राख्ने।

<u>अगाडी</u>

प्रदेश १-०१

००१ च ११००

<u>पछाडी</u>

प्रदेश १-०१

००१ च

११००

(घ) यस्तो दर्ता नम्बर एउटा सङ्केत अक्षरमा बढीमा चार अङ्कसम्म (१ देखी ९९९९) सम्म मात्र हुनेछ। प्रयोग अनुसार कुनै एक सङ्केत अक्षरमा चार अङ्कको सबैभन्दा ठुलो सङ्ख्या (९९९९) पुगेपछि क्रमशः अर्को सङ्केत अक्षर दिई त्यसमा पनि १ देखि ९९९९ सम्म दिदै जानु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-४
(नियम ३ को उपनियम (२३) सँग सम्बन्धित)

<u>इम्बोस्ड गरे बापतको दस्तुर</u>

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठुलो सवारी | ३६००।- |
| २. | मझौला सवारी तथा सानो (चार पाङ्ग्रे) सवारी | ३२००।- |
| ३. | सानो (तीन पाङ्ग्रे) सवारी | २९००।- |
| ४. | सानो (दुई पाङ्ग्रे) सवारी | २५००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-५
(नियम ३ को उपनियम (२५) सँग सम्बन्धित)
<u>सवारी दर्ता किताब</u>
यातयात व्यवस्था कार्यालय
..................जिल्ला
प्रदेश नं. १

| |
|---|
| सवारी दर्ता नम्बर- |
| सवारीको किसिम- |
| सवारीको दर्ता मिति- |

सवारी धनीको फोटो

सवारी दर्ता लगत विवरण

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सवारीको विस्तृत विवरण | सवारी दर्ता गराउने निस्साहरुको विवरण | सवारी धनीको नाम थर र ठेगाना | सवारी धनीको दस्तखत | सवारीको नामसारी | | सवारीको दर्ता प्र.प. को नवीकरण | | दस्तुर बुझाएको रसिद नम्बर र मिति | चढाउने वा फाँटवालाको दस्तखत | सवारी दर्ता नामसारी वा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बिक्री गर्नेको सही | खरिद गर्नेको सही | नवीकरण मिति | म्याद पुग्ने मिति | | | | |
| १. सवारीको दर्ता नम्बर-<br>२. सवारी दर्ता मिति-<br>३. सवारीको मोडेल वा निर्माण भएको वर्ष-<br>४. बनाउने कम्पनी-<br>५. सिलिण्डर सङ्ख्या-<br>६. हर्ष सि.सि.-<br>७. कुल बजन-<br>८. बजन क्षमता सिट वा बोक्ने क्षमता-<br>(क) सिट सङ्ख्या-<br>(ख) बजन क्षमता-<br>९. चेसिस नम्बर-<br>१०. इन्जिन नम्बर- | १. भन्सार तिरेको निस्सा-<br>(क) भन्सार कार्यालयको नाम-<br>(ख) प्रज्ञापन पत्र नम्बर<br>(ग) रसिद नम्बर-<br>(घ) मिति-<br>(ङ) अन्य-<br>२. प्रवेश दर्ताको निस्सा-<br>(क) प्रवेश दर्ता गर्ने प्रहरी कार्यालयको नाम<br>(ख) प्रवेश पत्र नम्बर-<br>(ग) मिति-<br>(घ) अन्य-<br>(ङ) झिकाउने इजाजत पाएको निस्सा- | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सवारीको विस्तृत विवरण | सवारी दर्ता गराउने निस्साहरुको विवरण | सवारी धनीको नाम थर र ठेगाना | सवारी धनीको दस्तखत | सवारीको नामसारी | | सवारीको दर्ता प्र.प. को नवीकरण | | दस्तुर बुझाएको रसिद नम्बर र मिति | चढाउने वा फाँटवालाको दस्तखत | सवारी दर्ता नामसारी वा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बिक्री गर्नेको सही | खरिद गर्नेको सही | नवीकरण मिति | म्याद पुग्ने मिति | | | | |
| ११. ब्लक नम्बर-<br><br>१२. सवारीको रङ्ग-<br>(क) बडीको रङ्ग-<br><br>(ख) सिसाको रङ्ग-<br><br>१३. चेसीसको-<br>(क) लम्बाई-<br><br>(ख) चौडाई-<br><br>१४. बडीको-<br><br>(क) लम्बाई-<br>(ख) चौडाई-<br>(ग) उचाई | ३.<br>(क) झिकाउन इजाजत दिने कार्यालय-<br>(ख) इजाजतपत्र नम्बर<br>(ग) इजाजत दिएको मिति-<br><br>४. खरिद भई आएको मानिस वा कम्पनीको विवरण-<br>(क) विक्रेताको नाम-<br>(ख) बिक्री वा खरिद भएको मिति-<br>(ग) प्रमाणित गर्ने व्यक्ति वा निकाय-<br>(घ) साविक विदेशी नम्बर-<br><br>५. अन्य | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| सवारीको विस्तृत विवरण | सवारी दर्ता गराउने निस्साहरुको विवरण | सवारी धनीको नाम थर र ठेगाना | सवारी धनीको दस्तखत | सवारीको नामसारी | | सवारीको दर्ता प्र.प. को नवीकरण | | दस्तुर बुझाएको रसिद नम्बर र मिति | चढाउने वा फाँटवालाको दस्तखत | सवारी दर्ता नामसारी वा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बिक्री गर्नेको सही | खरिद गर्नेको सही | नवीकरण मिति | म्याद पुग्ने मिति | | | | |
| १५. प्रयोग गर्ने इन्धनको किसम- | | | | | | | | | | | |
| १६. सवारीमा भएको इलेक्ट्रोनिक सञ्चारको उपकरण- | | | | | | | | | | | |
| १७. अन्य प्राविधिक विवरण-<br>१८. प्रयोग-<br>१९. चलाउने इलाका-<br>२०. नयाँ प्रविधिको सवारी भएमा प्रदुषणको प्रमाणपत्र | | | | | | | | | | | |

.......................................
निरीक्षण गर्ने प्राविधिकको सही

......................
फाँटवालाको सही

..............................
कार्यालय प्रमुखको सही

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**अनुसूची-६**
**(नियम ४ को उपनियम (४) सँग सम्बन्धित)**
**ई-रिक्सा स्थानान्तरण दर्ता गर्नका लागि दिइने दरखास्त**

टिकट

श्रीमान् कार्यालय प्रमुखज्यू,
यातायात व्यवस्था कार्यालय,
..................।

मेरो/हाम्रो नाममा यस कार्यालयमा दर्ता कायम रहेको ............. नम्बर को भाडा/निजी ई-रिक्सा ....................... जिल्लाको.......................... गाँउपालिका/नगरपालिका/ उपमहानगरपालिका/महानगरपालिकामा स्थानान्तरण दर्ता गर्नका लागि टिकट टाँसी निवेदन दिएको छु/छौं।

१. दर्ता नं. र मितिः-
२. सवारीको किसिमः-
३. बनाउने कम्पनीः-
४. मोडेल/बनेको सालः-
५. ब्याट्री पावरः-
६. सवारीको मोटर नंः-
७. सवारीको चेसिस नंः-
८. सवारीको रङ्गः-
९. सिटसङ्ख्या/वजन क्षमताः-
१०. स्थानान्तरण दर्ता गर्न चाहेको स्थानीय तहको नामः-
११. अन्यः-

दरखास्तवालाको

सहीः-
नाम थरः-
ठेगानाः-
मितिः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**अनुसूची-७**
**(नियम ४ को उपनियम (४) सँग सम्बन्धित)**
